# बुद्ध र बुद्धधर्मको संक्षिप्त परिचय

—भिक्षु अश्वघोष

Dhamma.Digital

# बुद्धधर्मप्रति शासकहरूको असहिष्णुता

—भिक्षु सुदर्शन

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# बुद्ध र बुद्धधर्मको संक्षिप्त परिचय

–भिक्षु अश्वघोष

# बुद्धधर्मप्रति शासकहरूको असहिष्णुता

–भिक्षु सुदर्शन

Downloaded from http://www.dhamma.digital

प्रकाशक:

दानदेवी शाक्य

रत्नकुमारी शाक्य

तथा सपरिवार

६/५६५ चोखाछें गल्ली,

इन्द्रचोक, छाता भण्डार

काठमाडौं ।

बुद्ध सम्बत २५३४

नेपाल सम्बत ११११

इस्वी सम्बत १९९१

विक्रम सम्बत २०४७

Dhamma.Digital

प्रथमावृत्ति १००० प्रति

मुद्रक:

शोभाभगवती प्रिन्टिङ्ग प्रेस

ढल्को, क्षेत्रपाटी

फोन नं. २-१२५६१

Downloaded from http://www.dhamma.digital

## बुद्ध धर्म, मानवता र
## सामाजिक सुधार कार्यहरूमा
## अपार आस्था राख्ने एक व्यक्तित्व



**स्व० चक्रमान शाक्य**

जन्म वि. सं. १९७० – मृत्यु वि. सं. २०४६ पौष ५ गते

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# भूमिका

करिब दुई महिना अघिको कुरा हो। एक अपरिचित युवक म कहाँ आएको थियो। आफ्नो परिचय दिइसकेपछि त्यस युवकले आफू आउनाको उद्देश्य यसरि व्यक्त गरे– म आफ्नो दिवंगत पिताको, पुण्यस्मृतिमा एक पुस्तक प्रकाशित गर्न चाहन्छु। वहाँले आफ्नो नाउँ चन्द्रमान शाक्य बताउनु भएको थियो।

मैले सोधें कस्तो किसिमको पुस्तक प्रकाशन गर्न चाहनु हुन्छ ? बौद्ध (जातक) कथा सम्बन्धी हो कि, साधारण बौद्ध शिक्षा सम्बन्धी ? श्री चन्द्रमान शाक्यज्यूले भन्नु भयो, कथा (जातक) सम्बन्धी पुस्तकहरू अधिक संख्यामा प्रकाशित भइसकेका छन्। त्यस्तो किसिमको पुस्तक सर्वसुलभ पनि भैसकेका छन्। मेरो विचारमा हाम्रो देश नेपाल बुद्धको जन्मभूमि भए तापनि "दियो मुनि अँध्यारो" भने जस्तै बुद्ध धर्मको जागरण, यसको प्रचार अपेक्षाकृत रूपमा कम भएको देखिन्छ। बौद्धहरूमा पनि बुद्धधर्मको सच्चा (वास्तविक) ज्ञान प्राय:जसो अभाव छ। अतः बुद्ध र बुद्धधर्मबारे संक्षिप्त परिचय सहित बुद्ध को हुन्, बुद्धको शिक्षा कस्तो किसिमको हो, वहाँले प्रतिपादन गर्नु भएको चार आर्यसत्य (दु:ख के हो, दु:खको कारण, दु:खबाट मुक्ति र दु:ख निवारणका उपायहरू– आर्य अष्टाँगिक मार्गको संक्षिप्त

Downloaded from http://www.dhamma.digital

परिचय), युवा बौद्ध वर्गको बुद्धधर्मप्रति दायित्व तथा वौद्ध चर्या–पद्धति समावेश भएको होउन् भन्ने चाहन्छु ।

अर्को, नेपालमा बुद्ध धर्मलाई कसरि बचाउने, जोगाउने तथा यसलाई उकास्नुको आवश्यकता किन ? ऐतिहासिक कालदेखि (राणाकाल– २००७ सालदेखि) अद्यावधि हिन्दू शासकहरूले बुद्धधर्मप्रति के कति दमन, अन्याय, असहिष्णुताका कार्यहरू गरेका थिए तो कुराहरू पनि प्रस्तुत पुस्तकमा समावेश होउन् भन्ने आशा गर्छु । यी कुराहरूबाट बौद्ध र अबौद्धहरूलाई परिचित गराइदिनु अत्यावश्यक छ ।

वहाँको विचार सुनी मलाई साह्रै सन्तोष र गर्वको महसूस भयो तथा हौसला पनि बढ्यो । नवयुवकहरूबाट यस्तो किसिमको बुद्धधर्मप्रति दायित्वपूर्ण कुरा गरेको सुन्न पाउनु ज्यादै नै उत्साहवर्द्धक छ ।

मैले आफ्नो क्षमता अनुसार प्रस्तुत यस पुस्तकमा वहाँले चाहनु भएका विषयहरू "बुद्धको प्रथम सन्देश, बुद्धको व्यक्तित्व, बुद्धधर्ममा युवा वर्गको दायित्व, कर्मफल र बौद्ध जीवन–चर्या पद्धति (बौद्ध–संस्कारहरू) आदिलाई समावेश गरेको छु । समयको अभावले गर्दा शील, समाधि र प्रज्ञाको विषय यसमा समावेश गर्न पाएन । श्री चन्द्रमान शाक्यले व्यक्त गर्नु नभएको पूर्वजन्म, पुनर्जन्म, आत्मा, अनात्मा बारेका केही विचार पनि यसमा प्रसंगवश समावेश हुन गएको छ । लेखको रूपमा लेखेको हुँदा कुनै–कुनै विषयको पुनरावृत्तिपनि हुन गएको छ ।

Downloaded from http://www.dhamma.digital

बुद्ध जन्मभूमि नेपालमा हिन्दू शासकहरूले बुद्ध धर्मप्रति गरेको अन्याय, दमन, असहिष्णुताकाबारे अनुसन्धान गरी लेख्ने काम मेरो निम्ति सजिलो छैन, किनभने म इतिहासको विद्यार्थी होइन । अतःयस विषयमा भिक्षु सुदर्शन-लाई आग्रह गरेको थिएँ । उहाँले तथ्यपूर्ण, ऐतिहासिक तथा अन्वेषणात्मक ढङ्गले मर्मस्पर्शी कुरालाई प्रस्तुत गर्नु भएको छ । यसैले वहाँप्रति आभार व्यक्त गर्नु वान्छनीय हुनेछ । वहाँको लेखन क्षमता अरू सुदृढ होउन्, अन्वेषण कार्यमा सफलता प्राप्त होउन् भन्ने कामना पनि गर्दछुं ।

आफ्नो दिवंगत पिता चक्रमान शाक्यको पुण्यस्मृतिमा, बुद्धधर्मको प्रचार–प्रसार कार्यमा टेवा पुऱ्याउने उद्देश्यले यस पुस्तक प्रकाशनको व्यय भार बहन गर्नु हुने श्री चन्द्रमान शाक्यको दीर्घायु र सुस्वास्थ्यको पनि कामना गर्दछुं ।

कर्तव्यपरायण श्री सुवर्ण शाक्यज्यूले आफ्नो काममा साऱ्है नै व्यस्त हुंदा हुंदै पनि मेरो "बुद्ध र बुद्धधर्मको संक्षिप्त परिचय" लेखमा भाषा सुद्धि गरि दिनु भएकोमा हार्दिक आभार प्रकट गर्दछुं ।

प्रुफ हेर्नमा सहयोग गरिदिनु भएकोमा श्रामणेर सुनन्द पनि धन्यवादको पात्र हनुहुन्छ । विहारसम्म प्रुफ ल्याई र समयमै पुस्तक छापी तयार पारिदिएकोमा शोभा भगवती प्रिन्टिङ्ग प्रेसलाई पनि धन्यवाद छ ।

ने. सं. ११११
चैत्र कृष्ण चिल्लागा
(२५ फाल्गुण २०४७)

भिक्षु अश्वघोष
आनन्दकुटी, स्वयम्भू

Downloaded from http://www.dhamma.digital

# विषय–सूची


| विषय | पृष्ठ |
|---|---|
| ☐ बुद्धको प्रथम सन्देश : एक अध्ययन | –१ |
| ☐ बुद्धको व्यक्तित्व | –६ |
| १. बुद्ध दार्शनिक होइन, प्रत्यक्षदर्शी अनुभवी हुनुहुन्छ | |
| २ बुद्ध परम्परावादी होइन, मौलिक रूपमा विचारक हुन् | |
| ३. गौतम बुद्ध शास्त्रीय होइन, अनुभवी हुनुहुन्छ | –११ |
| ४. गौतम बुद्ध व्यवहारवादको पक्षपाती हुनुहुन्छ | –१२ |
| ५. गौतम बुद्ध कट्टर सिद्धान्तवादी होइन | –१३ |
| ६. बुद्ध बोधवादी हुनुहुन्छ | –१४ |
| ☐ बुद्धधर्ममा युवावर्गको दायित्व | –१६ |
| ☐ कर्मफल | –२१ |
| ☐ बौद्ध जीवन–चर्या पद्धति (बौद्ध संस्कार) | –२८ |
| १. गब्भ मङ्गल (गर्भ मङ्गल) | –२९ |
| २. नामकरण | |
| ३. अन्नपासन (पास्नी) | –३० |
| ४. केसकप्पन (चूडाकर्म वा व्रतबन्ध) | |
| ५. विज्जारम्भ (विद्यारम्भ) | –३१ |
| ६. विवाह | |
| ७. प्रव्रज्या | –३२ |
| ८. उपसम्पदा (भिक्षुदीक्षा) | –३३ |
| ९. दाह कम्म (मृत्यु संस्कार) | |
| ☐ बुद्धभूमि नेपालमा हिन्दू राज्य ? | –३७ |
| * अभिलेख अनुसार सर्वभन्दा प्राचीन उल्लेख लुंमिनि | |
| * अभिलेख अनुसार सर्वभन्दा पहिलो उल्लेखनीय नाम सक्यमुनि | –३८ |
| * अभिलेख अनुसार सर्वभन्दा पहिलो उल्लेखित वाङ्मय जातक | |
| * अभिलेख अनुसार सर्वभन्दा पहिलो उल्लेखित राजा सुपुष्प र वृषदेव | –३९ |


Downloaded from http://www.dhamma.digital

* सुगतको महत्व —३९
* शासकको अर्थ
* बुद्ध शासन शब्दबाट तर्सिने तत्वहरू —४०
* धार्मिक सहिष्णुताको श्रेय बौद्धहरूलाई —४१
* अभिलेखमा बौद्ध निन्दा
* आफ्ना स्वार्थका लागि राजा धपाउने तत्वहरू —४२
* जातिवादको सुदृढिकरण
* बौद्धहरूको सक्रिय युगलाई अंधकार युग भन्ने चलन —४३
* बौद्ध आदर्श र नेपाल सम्बत्
* पुनः बौद्ध प्रशस्ति लिने राजाहरू
* पश्चिम कर्णाली प्रदेशमा राजाहरू —४४
* बौद्ध राजा मन्नुमा कंजुसी भाव —४५
* राजाहरूमा धर्म भाका
* ऐतिहासिक व्याख्यामा बौद्ध आयामिक दृष्टिको अभाव
* राज्य त्याग गरिकन भिक्षु जीवन बिताउने राजाहरू —४६
* स्थिति मल्लको उदय र विनयानुकूल भिक्षु परम्पराको अन्त
* स्थिति मल्लद्वारा बौद्ध भिक्षुहरूलाई विवाह गर्न बाध्य —४७
* चूडाकर्म प्रथाको नविन पद्धति
* मल्लकालको अन्ततिर —४९
* श्री ५ पृथ्वीबाट दण्ड र १२ वर्ष सम्यकको प्रचलन
* अहिंसा परको धर्म र हिंसा परको धर्म
* मुस्लीम आक्रमण सकार्न नचाहने र भिक्षुहरूको प्रथम देश निकाला - ५०
* दान र मानमा आधिपत्य जमाउने तत्वबाट बौद्ध विरोधी चुगलि
* स्थविरवादी भिक्षुहरूलाई देश निकाला —५१
* कानूनको दृष्टिमा धार्मिक असमानता —५२
* प्रजातन्त्र पछि बुद्ध—धर्मको प्रचार —५३
* बुद्ध जयन्ती : वैशाख—पूर्णिमाको दिन सार्वजनिक छुट्टी
* सारिपुत्र मौद्गल्यायनको अस्थि धातु आगमन —५४

Downloaded from http://www.dhamma.digital

* चौथो विश्व बौद्ध सम्मेलनको निमन्त्रणा –५४
* चौथो विश्व बौद्ध सम्मेलन –५५
* लुम्बिनीमा श्री ५ महेन्द्रबाट अहिंसाको घोषणा
* २०१९ सालको पञ्चायती संविधान र सर्वप्रथम नेपाल हिन्दू अधिराज्य
* मुलुकी ऐनमा धर्मप्रति भेदभाव –५६
* हिन्दू अधिराज्यको प्रभावमा धार्मिक भेदभाव काखा र पाखा व्यवहार –५७
* आमरण अनशन बस्दा पनि विहार जीर्णोद्धार गर्न सहयोग पाएन
* रेडियो नेपालमा बुद्ध–वचन पनि शेन्सर –५८
* गोरखापत्रादिमा भेदभाव –६०
* प्रत्येक जनगणनामा कम हुँदै जाने बौद्ध जनसंख्या
* बौद्ध विहार र चैत्य भत्काउने धार्मिक सद्भाव –६१
* शान्ति–स्तूपको विनाश
* हिन्दू धर्म समन्वय समितिको व्यवस्था पछि बौद्धहरूको स्थिति –६४
* हिन्दू धर्म मूल र अरू धर्म शाखा-धर्मको प्रलाप
* हिन्दू धर्म समन्वय समितिबाट आफ्नै मात्र विकास –६५
* सबै प्रकारका समुद्घाटनमा ऋचा पाठ र वटुकहरूकै मात्र एकाधिपत्य
* राजधानीका सार्वजनिक स्थानमा हिन्दू धर्मकै मात्र महावाणी –६६
* अस्पतालका कोठाहरूमा हिन्दू देवताहरूको एकाधिपत्य
* प्रहरी कार्यालय र कलकारखानामा हिन्दू देवालय –६७
* बुद्ध–धर्म शाखा धर्म भन्नु बुद्ध–धर्मको अवमूल्यन हो
* धर्म निरपेक्षताको लहर –६८
* हिन्दू संवैधानिक राजतन्त्रात्मक अधिराज्य –७४
* उपसंहार –७५

Downloaded from http://www.dhamma.digital

# बुद्धको प्रथम सन्देश : एक अध्ययन

बुद्ध पहिले राजकुमार सिद्धार्थ गौतमको नामबाट चिनिनु हुन्थ्यो। विवाह पश्चात वहाँलाई एउटा छोरो पनि प्राप्त भएको थियो। पछि राजपरिवारको विलासपूर्ण जीवन र साधारण जनताको सामान्य जीवनबीच धेरै विषमता देखेर वहाँ विरक्तिनु भयो। यी दुई थरिका जीवनका बीचमा अर्को प्रकारको मध्यम मार्ग अर्थात् शान्तिको बाटो छ कि भनी खोज्नु राम्रो होला भन्ने ठानी २९ वर्षको उमेरमा वहाँले राजदरबार छोडेर संघर्षमय (दु:खमय) जीवन बिताउन थाल्नुभयो। त्यस बीच ठूल ठूला आचार्य कहलिएका विद्वान्हरूको संगत गर्नुभयो। तर आफूले चिताएको जस्तो मध्यम मार्ग अर्थात् शान्तिको मार्ग पाउन सक्नु भएन, सच्चा ज्ञानको अभाव नै रह्यो। तब ६ वर्षसम्म कष्टमय जीवन बिताउनुभयो। यसरी खाना नै नखाइकन ६ वर्ष तपस्या गर्नु भएको कुरा बुद्ध जीवनीमा अति रंजित हो! सिद्धार्थ गौतमले तपस्या गर्नुहुँदा वहाँसंग अरू कट्टर अन्धविश्वासी पाँचजना ब्राह्मणहरू पनि तपस्या गरिरहेका थिए। पछि सिद्धार्थ कुमारले आफू तपस्यारूपी गलत बाटोमा लागी रहेको महसूस गरी तपस्या छोड्दा ती पाँच जना ब्राह्मणहरू पनि अन्तै गए। त्यसपछि सिद्धार्थ एक्लै बुद्धगयाको बोधिवृक्षमुनि बसी स्वतन्त्र चिन्तनले (हिन्दू मस्तिष्कले होइन) ध्यान मग्न भई बस्नुभयो र वैशाख पूर्णिमाका दिन संसारको वास्तविकता र संघर्षमय (दु:खमय) जीवनको यथार्थताको ज्ञान बोध गर्नुभयो अर्थात चार आर्यसत्य र आर्यअष्टांगिक मार्गको बोध भयो।

Downloaded from http://www.dhamma.digital

संसार दुःखले व्याप्त छ (संघर्षमय छ), दुःखको कारण तृष्णा (शोषण) अर्थात् जत्ति भएपनि न पुग्ने अतृप्ति हो । दुःखको अन्त पनि हुन सक्छ र दुःख अन्त गर्ने बाटो पनि छ भनी बुझ्नुभयो । त्यो बाटो हो आर्य अष्टांगिकमार्ग (उत्तम आठ वटा बाटो) ।

दुःख अन्त हुने मार्ग हुन्– १) सम्यक् दृष्टि=ठीक समझदारी, मतलब सही ढंगले बुझ्नु । २) सम्यक् सङ्कल्प=ठीक सोचाई विचार र उदेश्य अर्थात् नियत राम्रो हुनु । ३) सम्यक् बचन=सत्य बोल्नु, ठीक कुरा गर्नु अर्थात् भनाई र गराईमा फरक नहुनु । ४) सम्यक् कर्मान्त=गलत तरीकाबाट काम नगर्नु अर्थात् आफूलाई पनि अरूलाई पनि हानि हुने काम नगर्नु । ५) सम्यक् आजीविका=जीवनोपाय स्वच्छ हुनु अर्थात् निर्दोष पूर्वक जीवन यापन गर्नु । ६) सम्यक् व्यायाम=ठीक प्रयत्न अर्थात् अति परिश्रम र अल्छी जीवन दुबै नहुनु । ७) सम्यक् स्मृति=ठीक होशमा हुनु अर्थात् सतर्क र सचेत भइरहनु । ८) सम्यक् समाधि=चित्त एकाग्र हुनु वा चञ्चल नहुनु अर्थात् आफूले गरिरहेको राम्रो काममा चित्त दृढ राख्नु ।

सिद्धार्थ गौतमलाई उपयुक्त ज्ञानको राम्रो बोध भयो अर्थात् बुद्धत्व लाभ भयो । बुद्धको अर्थ नै बोध हुनु हो । सम्यक् सम्बुद्ध भइसके पछि वहाँलाई अपूर्व शान्ति र आनन्दको अनुभव भएको, प्रीतिवाक्य व्यक्त गर्नुभएको कुरा पनि पालि बौद्ध साहित्यमा उल्लेख भएको पाइन्छ ।

सिद्धार्थ कुमारले राजदरवार त्यागी संन्यासी जीवन अपनाएको व्यक्तिगत सुख र मुक्तिको लागि होइन अपितु अति अज्ञानी र दुःखीहरूको उद्धारको लागि नै हो ।

गजबको कुरा के छ भने–बुद्धत्व प्राप्त गर्नु भएपछि वहाँको मनमा निराशापन आउन थालियो । धेरै दुःख कष्ट सहेर आफूले

Downloaded from http://www.dhamma.digital

प्राप्त गरेको ज्ञान अति गम्भीर र निवर्क कठिन भएको महसूस भयो। साधारण मानिसहरूको हृदय सारै सांगुरो र स्वार्थ भावनाले पूर्ण रही लोभ, लालच, द्वेष भाव र मोह ईर्ष्या एवं अहङ्कार आदि कुभावनाले दूषित रहेको बोध भयो। सबै आ–आपना दैनिक समस्याले ग्रसित पाउनु भयो। सुख सुविधा र विलासितामा लागिरहेका एक थरी छन् भने अर्को थरी जीवन निर्वाह गर्न नसक्दा आर्थिक चिन्ताले पीडित भइरहेका देखनुभयो। तब उनीहरूलाई मध्यम मार्गको ज्ञान प्रचार गर्नु व्यर्थ प्रयास गर्नु मात्र हुनेछ भन्ने वहाँको मनमा आयो।

पुरानो संस्कार र अन्धविश्वासलाई नत्यागेसम्म र हृदय परिवर्तन नभएसम्म आफूले प्राप्त गरेको मध्यम मार्गको ज्ञान बुझ्न एवं त्यस मार्गमा लाग्न असम्भव नभए पनि गाह्रो अवश्य छ भन्ने लाग्यो, त्यसकारण आफूले धर्म प्रचार नगरी बरु एक्लै जङ्गलमा बसी आनन्दपूर्वक बस्ने विचार गर्नुभयो।

बुद्धमा तुरन्तै होश आयो, बहुजनहितार्थ राज्य छोडेको कुरा कसरी बिर्सेको? एक्लै आनन्दसँग बस्नलाई बुद्धत्व प्राप्त गरेको होइन। आफूमा कसरी व्यक्तिगत स्वार्थ भावना आएको? कसरी निराशपन र पलायनवादले छाएको? सबै मानिसहरू मूर्ख र स्वार्थी छैनन्। सबै मानिस संकुचित विचारका छैनन्। उदार हृदय र बुझ्न सक्ने खालका विद्वान्हरू पनि छन्।" यी कुराहरूद्वारा आफूले आफूलाई अति दिएर आफूसँगै तपस्या गरिरहेका कपिलवस्तुका पाँचजना ब्राह्मणहरूलाई पहिले धर्मोपदेश दिऊँ अनि उनीहरू बोध भएपछि अरू पनि बोध हुने छन् भन्ने सोचनुभयो।

यसरी विचार गरेर गौतमबुद्ध बुद्धगयाबाट सरासर पंचभद्र वर्गीय रहेको ठाउँ ऋषिपतन सारनाथमा जानुभयो। पंच भद्रवर्गले गौतम बुद्धलाई देखना साथै भन्न थाले– "तप भ्रष्ट सिद्धार्थ हामीकहाँ आए। हेर न मीठा मीठा खाना खाएर कस्तो मोटाएर आए छन्।"

Downloaded from http://www.dhamma.digital

गौतम बुद्धले मधुर स्वरले उनीहरूलाई सम्बोधन गरी भन्नु भयो– "भद्र साथीहरू, मैले पहिले कहिले पनि नसुनेको, थाहा नपाएको आर्यअष्टांगिक मार्ग र चार आर्य सत्य ज्ञानको विषयमा मेरो आँखा खुलेको छ। मलाई ज्ञान लाभ भएको छ। म मा प्रज्ञा उदय भएको छ, विद्या बढेको छ, उज्यालो फैलेको छ अर्थात् म भित्र अन्धकार लोप भएको छ। चार आर्यसत्य र आठ उत्तममार्गको ज्ञान जानीराख्नुपर्ने ठानेर त्यसलाई जानीसकेपछि अभ्यास पनि गरिसकें र अनुभव गरेर साक्षात्कार पनि गरें।"

वहाँले फेरि भन्नुभयो– "राम्रोसँग ध्यान दिएर सुन्नुहोस्– आर्य अष्टांगिक मार्ग र चार आर्य सत्यको राम्रोसँग व्याख्या गर्दछु। यसको ज्ञान नभएकोले, अभ्यास नभएकोले संसार अनेक समस्याबाट जटिल भइरहेको छ। चार आर्य सत्यलाई न बुझ्नुको कारण मानिसहरू दुई अन्त (छेउ र सीमा) तिर लागेका छन्। ती दुई अन्तहरू हुन्:– "कामेसु काम सुखल्लिकानुयोग" अर्थात् पंचकाम = पाँच प्रकारका इच्छाहरू जस्तै, आँखाले रूप हेरी आसक्त हुनु, कानले शब्द सुनी रसास्वादमा लिप्त रहनु, नाकले गन्ध सुँघी त्यसैमा टाँसिरहनु, जिब्रोले रसस्वाद गरी पल्किनु, शरीरले स्पर्श गरी मोहित हुनु। यी पाँच भौतिक सुखमा आसक्त भई विलासितामय जीवन बिताइरहनु अतिमार्ग अथवा एक प्रकारको अन्त हुनु हो।

अत्तकिलमथानुयोग– खाना नखाई अस्वाभाविक तपस्या गरी शरीरलाई दुःख दिइरहनु, अन्धविश्वासमा विश्वास गर्नु दोस्रो अन्त (अति मार्ग) हो। आर्थिक र सामाजिक दृष्टिकोणले तपस्या गर्नुमात्र अति मार्ग होइन, अधिकांश जनता आधारभूत आवश्यकतासम्म पनि पूर्ति गर्न नसकी अर्थात् खाना लत्ता कपडा, आवास र औषधोपचार नपाई संकष्टमय जीवन बिताइरहनु अर्को एक अन्त हो। दुई अन्त भनेको विलासितामय जीविका गरिरहेका धनी वर्ग र गरीब

Downloaded from http://www.dhamma.digital

वर्ग हुन् । यो दुई अन्त (अति मार्ग) मा नलागी मध्यम मार्ग (मध्यम वर्ग) को अनुशरण गर्न सकेमा आर्य सत्य र आर्य अष्टाँगिक मार्गमा लाग्न र अभ्यास गर्न सकिन्छ । तपस्या गरेर दुःखबाट मुक्त हुन सक्तैन । (धनीवर्गले गरीववर्गलाई सहयोग दिएको खण्डमा मध्यम मार्गमा लाग्न सक्ला कि ! )

उपर्युक्त कुरा सुनी पञ्च भद्रवर्गले आपसमा कुरा गर्न थाले–"सिद्धार्थ गौतमले यस्ता कुरा पहिले कहिले पनि भन्नु भएको थिएन। तपस्या छोडेर कसरी यस्तो ज्ञान अनुभव गरेको होला, अहिले सिद्धार्थको अनुहार पनि तेजिलो छ । व्यक्तित्व निकै प्रभावशाली छ । स्वर पनि निकै मधुर छ । साँच्चै उनले ज्ञान लाभ गरेका छन् कि तर बुझ्न नसकिने कुरा एउटा भन्नुभयो– तपस्या गर्नु व्यर्थ छ रे ! तपस्याबाट दुःखको अन्त नहुने रे ! हामीले उनले भन्दा बढी तपस्या गऱ्यौं । हामी चाहीं जस्ताका त्यस्तै छौं । केही पनि ज्ञान हासिल गर्न सकेनौं । हुन सक्छ– सिद्धार्थ गौतमले नयाँ बाटो र नयाँ ज्ञान फेला पारेको छ । हामी त दुई अन्तमध्ये एउटामा परेका छौं । पुरानो संस्कारलाई तिलाञ्जली दिएमा सिद्धार्थको कुरा बुझ्न सकिएला कि ! हामी गलत बाटोमा हिंडेका छौं कि जस्तो लागेको छ ।"

उनीहरूले गौतम बुद्धको सन्देशलाई खूब गम्भीर र स्वतन्त्र चिन्तनले (ब्राह्मण संस्कारले होइन) विचार गर्न लागेपछि उनीहरूमा ज्ञानको मूल फुटेर आयो । उनीहरूले महसूस गर्न थाले– सिद्धार्थको भनाई ठीक छ । सबै भन्दा पहिले कोण्डण्यले कुरा बुझ्यो । सात दिनपछि अरू चारजनाको अन्धविश्वास र पुरानो (हिन्दू) संस्कार हटेर उनीहरू पनि बोध भए ।

बुद्धधर्मलाई स्वतन्त्र चिन्तन र स्वच्छ विचारले (परम्परागत पुरानो संस्कारले होइन) सोच्न सकेमात्र बुझ्न सकिन्छ अन्यथा बुझ्न सजिलो हुने छैन । बुझेर पनि व्यवहारमा उतार्नु झन गाह्रो छ । साँच्चै भन्नुं भने जति बुझ्यो उति गाह्रो भने जस्तै हुन्छ किनभने

Downloaded from http://www.dhamma.digital

पुरानो संस्कार र अन्धविश्वासबाट मुक्त हुनु सजिलो कुरा होइन ।

यहाँ माथिका दुई अन्तको बारेमा फेरि एकचोटी गहिरिएर अध्ययन गरूँ । काम सुखहरूमा आसक्त एवं लिप्त भइरहनु, रसास्वादमा पल्किरहनु– "कामेसु" बहुबचन प्रयोग गरेको देखिन्छ । कामको अर्थ आइमाईसित आसक्त हुनुमा मात्र सीमित भएको कुरो होइन । (स्त्री-पुरुष बीच आसक्त हुनु नैसर्गिक प्रकृति नियम हो ।) यहाँ बुझ्नु पर्ने पञ्च काम सम्पत्ति– संसारमा विद्यमान सबै रूप, शब्द, गन्ध, रस र स्पर्श सम्बन्धी कुरा हुन् । यी सम्पूर्ण कुरा आर्थिक प्रश्नसित सम्बन्धित छन् अर्थात् सम्पूर्ण भौतिक सुख भोग सित सम्बन्धित छ । मानिसले खालि भौतिकवादी मात्र बन्नुभएन, अपितु आध्यात्मिक सुख र विकासतिर पनि लाग्न आवश्यक छ भनिएको हो । अर्को अर्थमा भनूं भने विलासमय जीवन बिताउनु देशको लागि र सामाजिक विकासको लागि हानीकारक छ । त्यसैले गौतम बुद्धले यस्तो हानीकारक अतिलाई छोड्नुपर्छ भन्नुभएको छ ।

अर्को अन्त शरीरलाई दुःख दिइरहनु हो । न त शरीरलाई अनावश्यक दुःख दिएर तपस्या गर्नु, अन्धविश्वासमा लाग्नु एवं खाना, लत्ता कपडा, आवास र औषधोपचार उपलब्ध नभई कष्टमय गरिबी जीवन छोड्न पर्नु नै अन्त हो । सारांशमा यही बुझिन्छ कि अति धनी जीवन र अति गरीब जीवन दुवै अन्त छोडी मध्यमवर्गको मार्ग जीवन अपनाउनु पर्ने हो । यसैलाई बीचको बाटो भनेको हो । आज संसारमा अशान्ति र तनाव बढिरहनाको कारण धनीवर्ग र गरीववर्गबीच आर्थिक जीवनको धेरै असन्तुलन (धेरै फरक) भएकोले हो । धनी र गरीव भनी दुई वर्ग रहुञ्जेलसम्म शान्ति स्थापना हुनु सम्भव छैन । सीमित वर्ग धनकुवेर हुने जस्ता डाल्डा समाजवाद र प्रजातन्त्रले शान्ति स्थापना असम्भव नभए पनि गाह्रो अवश्य छ ।

गौतम बुद्धले भन्नुभएको छ– "धनीवर्ग र गरीववर्ग दुवैले निर्वाण सुख पाउनु गाह्रो छ, किनभने धनीवर्गलाई विलासमय अर्थात्

Downloaded from http://www.dhamma.digital

सुख सुविधायुक्त जीवन प्रिय छ र मानिस त्यसैमा आसक्त भइरहन्छ। पैसाद्वारा पैसा तान्नुमा व्यस्तरहन्छ । जति भए पनि नपुग्ने तृष्णाबाट मुक्त हुन सक्दैन । पैसा कमाउनु र घर बनाउनु तृष्णा होइन तर आवश्यकता भन्दा बढी पैसा कमाउनु र रातारात करोडपति बन्नु तृष्णा हो । कमाएको धन सदुपयोग नगर्नु तृष्णा हो । पैसा धेरै भए-कोले पीर र चिन्ता भइरहन्छ ।

गरीववर्गको जीवन कहिले पनि आर्थिक चिन्ताबाट मुक्तभएको देखिँदैन । बुद्धले भन्नुभएको छ–"अपराधको मूल कारण नै गरिबी हो । आधारभूत आवश्यकता पूर्ति नभएमा नैतिक जीवन बिताउन गाह्रो हुन्छ ।

बुद्धको प्रथम सन्देश धर्मचक्र प्रवर्तन पछि सारनाथमा भिक्षु-हरूको संख्या ६० पुगेको हो । त्यसपछि बुद्धले भिक्षुसंघ स्थापना गर्नुभयो । भिक्षु संघलाई व्यक्तिगत सम्पत्ति राख्न मनाही गर्नुभयो । अत्यावश्यक दैनिक उपभोग्य वस्तु मात्र व्यक्तिगत रूपमा राख्न पाउने नियम बुद्धले बनाई दिनुभयो । दानमा प्राप्त हुने ठूलठूला वस्तुहरू सबै सांघिक (सामूहिक) बनाइदिनुभयो । व्यक्तिगत दानभन्दा संघ-लाई दिएको दानको महत्व बढी छ भन्नुभयो । व्यक्तिगत दानलाई निरुत्साहित पार्नुभयो र सामूहिक दानलाई महत्व दिनुभयो ।

गौतम बुद्धले गृहस्थी समाजलाई आदर्श र नमूनाको लागि भिक्षु संघ स्थापना गरी सामूहिक धन सम्पत्तिको महत्व बढाउनुभएको हो तर साम्यवादी देशले बाहेक अरु समाजले यो आदर्शलाई लिएन । साम्यवादी देशमा पनि यो नियम विलीन हुँदै आइरहेको छ । अरु त के भिक्षु संघमा पनि सिद्धान्त र आदर्शमा बाँकिरहेको छ । व्यव-हारमा कतै आदर्श देखिँदैन । दानलिंदा र उपदेश दिँदा मात्र सांघिक शब्द प्रयोग गरिरहेको सुनिन्छ । यस्ता कुरा व्यवहारमा प्रायः लोप भइसकेको छ । त्यसको कारण उपासक उपासिकाहरूको तर्फबाट भिक्षु-हरू प्रति कसरी कर्तव्य पालन र संरक्षण हुनुपर्ने हो त्यो पूरा नभए-

Downloaded from http://www.dhamma.digital

कोले हो । फलस्वरूप भिक्षु संघमा पनि नियमको शिथिलता आएको छ ।

पछि गौतम बुद्धले भिक्षुहरूको संरक्षण र चिरस्थायीको लागि भिक्षु जीवन नैतिकतापूर्ण बनाउनका लागि आधारभूत आवश्यकताका चार चीजको व्यवस्था नभै हुँदैन भन्नुभयो । ती चार चीज हुन्- १) चीवर=(वस्त्र) २) पिण्डपात्र=(आहार) ३) सयनासन= (आवास) ४) गिलान प्रत्यय=(औषधोपचार) । यी चार वस्तुको व्यवस्था नभएमा भिक्षुहरूको जीवन नैतिकतापूर्ण हुन सक्दैन । यस कुराले के बुझिन्छ भने बुद्धधर्म सिर्ग आध्यात्मिकवाद पनि होइन, भौतिकवाद पनि होइन । यी दुई बीच परस्पर घनिष्ठ सम्बन्ध छ तर त्यो जीवन आर्थिक व्यवस्थामा निर्भर छ । आर्थिक अवस्था नसुध्रेमा धर्म, संस्कृति, भाषा र इतिहासको अस्तित्व रहँदैन । यी बस्तु सबै म्युजियममा राख्न लायक हुनेछन्, सजीव हुँदैनन् मृत्यु प्रायः हुन्छ ।

स्मरणीय छ बुद्धको प्रथम सन्देश धर्मचक्रप्रवर्तनको सारांश मानिसको जीवन पञ्चकाम विषयमा आसक्त हुनु आर्थिक विकासको लागि बाधक छ, खतरा छ । बुद्धको विचार अनुसार धनोपार्जनको साधन व्यक्तिगत हुनुले बहुजन हिताय र बहुजन सुखाय हुन सक्दैन । सबै प्रकारको आर्थिक स्रोत सामूहिक हुनुपर्छ र बहुजन हितायको दृष्टिकोणले हुनुपर्छ । अनिमात्र गरीबवर्गको उत्थान हुन सक्छ र मध्यम मार्गमा जान सकिन्छ ।

बुद्धको प्रथम सन्देशलाई कुनैपनि बौद्ध देशले बुझेको छैन भने व्यवहारमा ल्याउन प्रयत्न कसरी गरिन्छ । कतै व्यवहारमा ल्याएको पनि देखिँदैन । चीनले अनुशरण गर्न खोजिएको थियो तर त्यहाँ पनि विलासमय जीवनमा आसक्त हुने संस्कार भएका मानिसहरू शेष भएकाले त्यसमा शिथिलता आएको आभास देखिएको छ । पुरानो संस्कार नबदलेसम्म बुद्धको प्रथम सन्देश पुस्तकमा मात्र उज्ज्वल भइरहन्छ, व्यवहारमा शून्य प्रायः छ ।

Downloaded from http://www.dhamma.digital

# बुद्धको व्यक्तित्व

व्यक्तित्व भन्दाखेरि मुख राम्रो, फुर्तिलो, राम्रो कुरा बोल्ने, विद्वान् र पैसा भएको व्यक्तिलाई मान्ने चलन आजकल देखिन्छ। यहाँ बुद्धको व्यक्तित्वबारे भन्न लागेको यस्तो कुरोलाई लिएर होइन। गौतम बुद्धसँग भएको केही विशेष गुणको विषयमा लेख्न लागेको छु।

## १) बुद्ध दार्शनिक होइन, प्रत्यक्षदर्शी अनुभवी हुनुहुन्छ

दार्शनिकहरूले धेरै टाढा र अदृश्य विषयहरू सम्बन्धी कल्पना गरिरहन्छन् जस्तै– यो संसार कहिले सृष्टि भयो होला। यसै गरी आत्मा, परमात्मा, पूर्वजन्म र पुनर्जन्मबारे उनीहरू कल्पना गरिरहन्छन्। सुनेको कुरामा विश्वास गर्छन्, अनुभव गरेर हेर्नुपर्ने हुँदैनन्। अनुभवमा विश्वास गर्नेले आँखाले नदेखिकन र अनुभव नगरेसम्म विश्वास गर्दैन। उसले आँखाले देख्ने र अनुभव गर्ने प्रयास गर्छ। विचार मात्र गर्नेले प्रयास गर्दैन, देख्दा पनि देख्दैन। महामानव बुद्ध दर्शनमा अल्झिरहन मन पराउनु हुन्न। दर्शनमा नअल्झनेले सत्य देख्छ। दुःखबाट मुक्त हुन्छ। दर्शनमा अल्झेर कल्पना गरिरहँदा पागल हुन सक्छ भन्ने बुद्धको विचार हो।

## २) बुद्ध परम्परावादी होइन, मौलिक रूपका विचारक हुन्

पहिलेदेखि आमा–बाबु, गुरु र जेठा पाकाहरूको कुरा सुन्ने र नेताहरूको अनुकरण गर्ने मानिसको बानि र संस्कार हो। तिनीहरूले भनेको मानेन भने आचार र अनुशासनहीन र पाप सम्भने तर

Downloaded from http://www.dhamma.digital

सिद्धार्थ गौतमको बालक उमेरदेखि बुद्ध बनिसकेपछि पर्यन्तको जीवन-का घटनाहरू अध्ययन गर्दा बुद्ध परम्परावादी होइन भन्ने देखिन्छ अर्थात् बुद्ध परम्परा र रूढीवादीको विरोधी हुनुहुन्थ्यो भन्ने देखिन्छ। गौतम बुद्धले नयाँ संस्कृति र नयाँ विचारधारा ल्याउनुभयो।

बुद्धकालीन समाज ब्राह्मणवादको छत्रछायाँमा परेको थियो। त्यस्तो बेला बुद्ध जन्मनु भयो, त्यसबेला बुद्धले ठूलो सामाजिक र सांस्कृतिक क्रान्ति गर्नुभयो तर क्रान्तिभन्दा फ्रान्स र रूस आदि देश-मा जस्तो रगतको खोला बग्ने क्रान्ति होइन विचार र हृदय परिवर्तन अनि स्वतन्त्र चिन्तनको क्रान्ति। अर्को किसिमले भनूं भने समाजमा रहेको रूढीवादीलाई परिवर्तन ल्याउने क्रान्ति। बुद्धको सामाजिक र सांस्कृतिक क्रान्ति त्यो बेला त्यतिको प्रभावकारी नभए पनि उहाँको परिनिर्वाणको २१८ वर्षपछिका राजा अशोक गौतम बुद्धको सांस्कृतिक क्रान्तिकारी विचारधारादेखि अति प्रभावित भए। महाराज अशोकले दरबारमुखी हुनु छोडी प्रजामुखी भएर बुद्धको बहुजन हिताय, बहुजन सुखाय अभियान सफल गरिदिए। बुद्धकालीन कोशल र बिम्बिसार आदि राजाहरूले बुद्धलाई चिन्न सकेनन् र बुद्धको सांस्कृतिक क्रान्तिलाई अंगाल्न सकेनन्।

अब, बुद्ध परम्परावादी होइन भन्ने कुरा बुझ्नलाई एक दुइवटा घटना स्मरण गरौं। साधारण त्यागी हुन्छु भन्नेले बिवाह गर्दैन तर बुद्ध हुने सिद्धार्थ कुमारले बिवाह गरेर एउटा छोरा पनि पाए। फेरि छोरा पाएको खबर सुन्ने बित्तिकै खुशी नभई त्यसलाई राहु (बाधा) उत्पन्न भयो भन्नुभयो। अरू जस्तै छोरा पाएर खुशी हुनुभएन।

सिद्धार्थले घरै तपस्वी र ऋषि, गुरुहरूसँग बसेर उनीहरूलाई छोडेर जानुभयो। तिमीहरूको शिक्षा र सिद्धान्तदेखि उहाँलाई चित्त बुझेन। सिद्धार्थलाई चाहिने ज्ञान तिनीहरूसँग छैन। तब आमा बाबु र गुरुलाई पनि छोडेर जानुभयो।

Downloaded from http://www.dhamma.digital

बुद्ध बनिसकेपछि कपिलवस्तुमा उहाँ भिक्षाटनमा जानुभयो । यो कुरा सुनेर शुद्धोदन महाराज हतारेर गौतम बुद्धकहाँ गएर सोधे– राजसंस्कृति र परम्परालाई किन अपमान गर्नु भएको ?

गौतम बुद्धको जवाफ हो– महाराज, अब मेरो संस्कृति राज संस्कृति होइन । अब मेरो परम्परा राजपरम्परा होइन । मेरो परम्परा र संस्कृति श्रमण परम्परा र जन संस्कृति अनि समता संस्कृति हो । त्यसैले कुनै भेदभाव नगरिकन जनताको घर घरमा गएर भिक्षा माग्न गइरहेको छु ।

पहिलेदेखि पुस्तकलाई दैववाणी सम्झने र गुरूले भनेको कुरा सत्य मान्ने परम्परालाई तोडेर कसैको कुरा सुन्ने वित्तिकै पत्याउनु हुँदैन, चाहे ठूला धर्मगुरू किन नहोस् चाहे बुद्धनै किन नहोस् । बुद्धको विचार अनुसार पहिले ठीक छ छैन, हुन्छ वा हुँदैन, विचार गरेर, बुझेरमात्र त्यसलाई शिरोपर गर्नुपर्छ । अरू भगवान् भनाउँदा-हरूले मेरो कुरा सुन्नै पर्छ, मेरो शरणमा आउ, अनि मात्रै मुक्त हुन्छ भन्छन् । बुद्धले त्यस्तो भन्नु भएन । मेरो शरण होइन, आफ्नै शरण जाउ । आफ्नो भरोसा आफै बन, आचरण राम्रो पार अनि दुःखबाट मुक्त हुन सक्छ ।

बुद्ध अनीश्वरवादी र अनात्मवादी हुन् । बुद्धले ईश्वर छैन र मान्नु पर्दैन, आत्मा नित्य होइन अथवा अनात्मवादको कुरालाई अगाडि राखेर ब्राह्मणवादलाई गम्भीर प्रहार गर्नु भयो । जन्मले कोही ब्राह्मण हुँदैन, कोही नीच पनि हुँदैन । आफ्नो कामले नै मानिस ब्राह्मण अथवा नीच हुन्छ भनी गौतम बुद्धले परम्परावादलाई तोड्नु भयो र जातिवादको विरूद्ध क्रान्तिको पाइला चाल्नु भयो ।

## ३) गौतम बुद्ध शास्त्रीय होइन, अनुभवी हुनुहुन्छ

महामानव बुद्ध धेरै पुस्तक पढेर परीक्षा दिई पास गरेर पण्डित विद्वान् बनेको हुनुहुन्न र बुद्धिविलासिता देखाउने खालका पनि हुनु-

Downloaded from http://www.dhamma.digital

हुन्न । उहाँ त शुद्ध व्यावहारिक व्यक्ति हुनुहुन्छ । उहाँले पहिले धर्मलाई वैज्ञानिक प्रतिष्ठा दिनु भयो । उहाँको त्यो समय भन्दा पहिले धर्म अन्धविश्वासको चिन्ह जस्तै भइराखेको थियो । उहाँले नरकको भय र स्वर्गको लोभले धर्म नगर्नु भन्नुभयो । मन शुद्ध गर, अन्तर्मुखी होउ, अर्थात् आफूले आफूलाई चिन, आफ्नो व्यवहार र चाल चलन राम्रो गर, आफ्नो दोष देख, धेरै विद्वान् हुँदैमा, कुरा गर्न जाँदैमा ज्ञानी र सन्त हुँदैन, चरित्र सुधार गरी व्यवहारमा प्रयोग गर्न सके मात्र ज्ञानी होइन्छ नत्र भने अरूको गाई चराएर दूध खान नपाउने गोठालो जस्तै हुन्छ भन्ने कर्तव्यपरायणताको शिक्षा दिनु भयो । यसरी शिक्षा दिएर नास्तिकहरूलाई पनि धर्म मार्गमा अग्रसर गराउनु भयो । हुन त पालो साहित्य हेरिलन्दा अशिक्षित वर्गलाई उहाँले नरकको भय र स्वर्गको प्रलोभन दिएर ठीक ठाउँमा ल्याउने प्रयास भने गरेको देखिन्छ ।

४) गौतम बुद्ध व्यवहारवादको पक्षपाती हुनुहुन्छ ।

सिद्धार्थ गौतम बुद्ध भईसक्दा पनि समाजबाट अलग्ग हुनु-भएन । मानिसहरूको जीवन राम्रो पार्ने मनले चरित्र सुधार र कलह नहुने शिक्षा दिनमा उहाँले धेरै ध्यान दिनुभयो । महापुरुषहरू धेरै जसो घर जग्गा छोडिसकेपछि एकान्त जंगलमा जान्छन् र समाजबाट अलग हुन्छन् । बुद्धले आफूलाई कमलको फूलको उपमा दिएर भन्नु भयो– "कमलको फूल हिलोमा फुल्छ र पानीमा डुबेर बस्छ तर कमल हिलो र पानीबाट अलग भएर रहन्छ ।" त्यस्तै बुद्धको जीवन पनि हो । यसबाट के बुझिन्छ भने मानिसहरूको जीवन मानव समाजबाट अलग भएर एक्लै आनन्दले बस्नको लागि होइन । यो बुद्धको शिक्षा हो कि समाजमा बसेर समाजलाई गतिशील बनाउने र गति-विहीन हुने कुरा उहाँले बताउनुभएन । "अभिक्कम मा निवत्त" – अगाडि बढ, नरोक । यो उहाँको उद्घोषण हो । त्यसैले उहाँले आफूले

Downloaded from http://www.dhamma.digital

बनाएको नियम सबै ठाउँमा पालन गर्नुपर्छ नभनी ठाउँ हेरी, समय हेरी संशोधन गर्न उचित छ भन्नुभयो । वहाँले महापरिनिर्वाण हुनुभन्दा भिक्षुहरूलाई बोलाएर भन्नुभयो– "भिक्षुहरू, मैले तिमीहरूलाई जुन साना साना नियमहरू बनाइदिएको छु पछि तिमीहरू सबै मिलेर छल-फल गरी सहमत भए अनुसार परिवर्तन गरे पनि हुन्छ । हुन पनि हो व्यवहारमा प्रयोग गर्न नसक्ने नियम राखिछाड्दा काम आउँदैन। त्यस-बाट भ्रममात्र हुन्छ तर पछि संगायना (भिक्षुहरूको धर्मसम्मेलन) भएको बेला नियम परिवर्तन गर्ने कुरामा धेरै जस्तो भिक्षुहरू सहमत भएनन्, फलस्वरूप थेरवाद र महासांघिक (पछि महायान) भनी दुई सम्प्रदाय अनुसार बौद्ध भिक्षुहरू देखापरे ।

## ५) गौतम बुद्ध कट्टर सिद्धान्तवादी होइन

शाक्यमुनि बुद्ध महामानव हुनुहुन्छ । साधारण रूपमा धेरै जसो धर्मावलम्बीहरू कट्टर सिद्धान्तवादी छन् । उनीहरूको लागी सिद्धान्तमात्रै महत्वपूर्ण हुन्छ, मानवताको महत्व हुँदैन । मतलब मानिस धार्मिक सिद्धान्तको लागि हो । यहाँ धार्मिक भनेको साम्प्रदायिक हो । बुद्धले यो कुरा मान्नुभएको छैन । सिद्धान्त र विधान (नियम) एकवर्ग र एक समयको लागि उपयोगी हुन सक्छ । सबैको लागी र सदाको लागी उपयोगी हुँदैन । महामानव बुद्धको भनाइ अनुसार सिद्धान्त र नियम मानिसको लागी हो । मानिस सिद्धान्तको लागी होइन । ब्राह्म-णको कुलमा जन्मँदैमा ब्राह्मण नै हुनुपर्छ भन्ने केही छैन । बुद्धले भन्नुभयो– जन्मले कोही ब्राह्मण हुँदैन । जन्मले कोही नीच पनि हुँदैन । आ-आपनो काम वा क्रियाकलापले ठूलो र सानो हुने हुन्छ । ब्राह्मणदेखि लिएर पोडेसम्मलाई पनि वहाँले आपनो भिक्षुसंघमा भित्र्या-उनुभयो । यसबाट देखिन्छ कि गौतम बुद्धले विधि विधानलाई भन्दा आचरण शुद्धि र मानिसलाई मान्यता दिनुभएको छ । मानिसको हित र भलोका लागि विधान र कानून बनाइन्छ तर हित भएन भने त्यो

Downloaded from http://www.dhamma.digital

विधान बदलि दिन्छ । कुनै घटना र कारण नभइकन कानून र नियम बनाइँदैन ।

एकपल्ट गौतम बुद्धका प्रमुख शिष्य सारिपुत्र महास्थविरले प्रार्थना गर्नु भयो– भो भगवान्, भिक्षुहरूलाई संयमित गर्न नियम बेरै बनाउनु पर्‍यो ।

गौतम बुद्धले भन्नुभयो– घाउ नहुँदै औषधि गर्ने ? घाउ भए-मा पो औषधि लगाउने गर्नुपर्छ । त्यसैले घटना नहुँदै पछि यस्तो हुने छ भनेर नियम बनाउनु हुँदैन । बरु बुद्ध आफैले ठाउँ हेरी समय अनु-सार आफुले नियम बदल्नु भएको छ । यसबाट के देखिन्छ भने गौतम बुद्ध कट्टर विधि एवं नियमवादी हुनुहुन्न । वहाँ त बहुजनहितवादी हुनुहुन्छ । वहाँ बहुजनहित हुने किसिमले मात्र कुरा र काम गर्नुहुन्छ । यो वहाँको व्यक्तित्वको विशेषता हो । वहाँले सर्वजन हिताय भनी भन्नुभएको छैन । यस्तो हुन पनि सक्दैन ।

६) बुद्ध बोधवादी हुनुहुन्छ

बुद्धले पहिले कसैलाई नियममा बस्ने कुरा गर्नुभएन, बरु सम्झाउनु बुझाउनु हुन्थ्यो । बुद्धसँग कुन राम्रो कुन नराम्रो भनी सोधे भने होश राखी बुझी गरेको काम राम्रो र होश नराखी नबुझी गरेको काम नराम्रो भन्नुहुन्छ । थाहा नपाई, नबुझी, होश नराखी पुण्य (धर्म) भनी गरे पनि त्यस्तो कुरा पाप हुन सक्छ । परिस्थिति हेरी हरेक कुरा फरक भएर जाने हुन्छ । प्रमादमा नलाग, अप्रमादी होऊ अर्थात् लापरवाही नहुनु, होशियारी हुनु बेस । यो बुद्धको अन्तिम उपदेश र शिक्षा हो ।

क्रोध भनेको पाप हो कि धर्म भनी सोधेको प्रश्नमा गौतम बुद्ध भन्नुहुन्छ– होश राखी गरेको क्रोध धर्म हुन्छ । जोशमा होश गुमाई गरेको क्रोध पाप हुन्छ । यो कुरा बुझाउन जापानको एउटा घटना प्रस्तुत गर्छु । यो घटना मैले "सत्यको खोज" भन्ने पुस्तकमा पढेको हुँ ।

Downloaded from http://www.dhamma.digital

एकजना जापानी धर्मगुरुले आफ्नो शिष्यलाई भनिराखेको थियो– "कसैलाई मार्नु पर्‍यो भने बेहोशमा अर्थात् आवेशमा परेर क्रोध गरेर नमार।"

केही दिनपछि एकजना शत्रुले त्यस धर्मगुरुलाई मारिदियो। आफ्नो गुरुलाई मार्नेलाई मारिदिन्छु भनी तलवारले हान्न लागेको बेला त्यो शत्रुले मुखमा थुकिदियो। अनि तलवार उठाउनेलाई एकदम रीस उठ्यो। अनि नमारिकन तलवार भुईंमा राखी सरासर हिँड्यो।

शत्रुले सोध्यो– तिमी किन मलाई नमारिकन गएको ?

उसको जवाफ हो– तिमीले मेरो मुखमा थुकिदिँदा–मलाई एकदम रीस उठ्यो। मैले गुरुले भन्नुभएको कुरा सम्झें–"कसैलाई मार्नुपरे रीसले होश गुमाएर नमार।" मलाई एकदम रीस उठेकोले तिमीलाई नमारेको हुँ।

यहाँ रीस उठे पनि होश भएकोले पाप भएन। होश नभएको भए अनि गुरुको शिक्षा बिर्सेको भए त्यसले शत्रुलाई तलवारले टाउको काटि सक्थ्यो होला।

कसैले भन्न सक्छ कि क्रोध भनेको कुनै पनि ठीक छैन तर कहिलेकाहीं बुद्ध पनि रिसाउनु भएको छ। बुद्धलाई रीस उठेको घट्ना पालिसाहित्यमा धेरै ठाउँमा पाइन्छ, तर अरूको भलाई गर्न र सुधार गर्नलाई मात्र उहाँ रिसाउनु हुन्छ। त्यसबेला होश राख्नुहुन्छ। त्यसैले सबैको क्रोधलाई नराम्रो भन्नुहुँदैन। होश नभएको रीस मात्र पाप हुन्छ। जस्तै जोशमा होश उडाएर आँखा नदेखने गरी रिसाउनु नराम्रो हो। विवेकी आमा-बाबुले आफ्ना बच्चाहरूलाई गालिगर्दा तिनीहरूको भलाईको लागि क्रोध गर्छन्। अपवाद स्वरूप कोही कोही अविवेकी आमा बाबुले रीस उठ्दा होश हराई आफ्ना छोरा–छोरीहरूप्रति अनर्थ गर्ने पनि छन्। त्यस्तै गुरुहरू पनि छन्। अंगुलिमालका गुरुले पनि अविवेकी भएर शिष्यलाई ज्यानमारा बनाइदियो। जे भए पनि बुद्धले आफू बोध भए जस्तै अरूलाई पनि बोध गर्नुहुन्छ। ○

Downloaded from http://www.dhamma.digital

# बुद्धधर्ममा युवावर्गको दायित्व

बुद्धधर्ममा युवावर्गको भूमिकाबारे चर्चा गर्नुअगाडि बुद्धधर्म के हो र कस्तो प्रकारको गतिविधिलाई बुद्धधर्म भनिन्छ भन्नेतिर एकपल्ट अध्ययन र चर्चा गरौं ।

बुद्धको शिक्षा (बुद्धधर्म)लाई धेरैले आ–आफ्नो दृष्टि अनुसार अंगालिरहेको देखिन्छ । जस्तैः–

१) दार्शनिकहरूले बुद्धको शिक्षा (बुद्धधर्म) लाई मुक्तिमार्ग अर्थात् निर्वाणतिर मात्र लैजाने धर्म भनी स्वीकारेका छन् । आत्मा, अनात्मा र पुनर्जन्म शब्दतिर धेरै रूची र ध्यान दिन्छन् ।

२) बूढापाका श्रद्धावान्हरूले बुद्धधर्मलाई अनुसरण गरेर, दानधर्म गरेर मरिसकेपछि स्वर्ग पुगिन्छ भनी ठान्दछन् ।

३) अधिकांशतः युवावर्गको दृष्टि अनुसार बुद्धधर्म अन्धविश्वास र कर्मकाण्डबाट मुक्त हुने शिक्षा मानिन्छ र पुनर्जन्मलाई पनि बुद्धधर्ममा स्थान छैन भन्ने उनीहरूको धारणा छ ।

बौद्ध साहित्य अनुसार उपर्युक्त तीनै बिचारधारालाई गलत भन्न मिल्दैन । बरू ठीकै छ भन्नु जाति होला तर जहाँसम्म मैले बुझेको बुद्धको शिक्षा अनुसार बुद्धधर्मको मूल लक्ष्य निर्वाणलाभ गर्नु र अन्धविश्वासबाट मुक्त हुनु मात्र होइन, अपितु मानिसलाई सदाचारी र सेवामूलक बनाउनु नै बुद्धधर्मको लक्ष्य हो । अर्को अर्थमा भनूं भने मानवलाई शुद्ध मानव बनाउने धर्म हो । बलियोले निर्बललाई शोषण

Downloaded from http://www.dhamma.digital

गर्नु दुःख कष्ट बिनु बुद्धधर्म होइन ।

बुद्धको शिक्षामा शील (सदाचार), समाधि (चित्त चञ्चल नहुनु अर्थात् मनको वशमा भजानु) र प्रज्ञा (सबै ठाउँमा उचित र अनुचित ज्ञान हुनु अथवा विवेकबुद्धि हुनु) विद्यमान छ। यी गुणहरू सबै मानवमा हुनु आवश्यक छ। शीलमा नैतिकताको कुरो छ यसैले चरित्र राम्रो पार्नुपर्छ। यसलाई ब्रह्मचर्य पनि भनिन्छ। बुद्धधर्ममा ब्रह्मचर्यको भिन्नै अर्थ छ। आइमाईसित सम्बन्ध न राख्नुलाई मात्र ब्रह्मचर्य भनिँदैन। आइमाईको सम्पर्कबाट कोसौं टाढा रहेता पनि यदि कोही व्यक्ति ईर्ष्यालु, झगडालु, महत्वाकांक्षी, लोभी, छली र कपटी छ भने त्यो ब्रह्मचारी हुन सक्तैनन्। यस अर्थमा बुद्धधर्म अनुसार मन पवित्र हुनु वा चरित्र शुद्ध हुनुलाई नै ब्रह्मचर्य (उत्तम चर्या) भनिन्छ नकि आइमाईको सम्पर्कबाट मात्र टाढा हुनु। गौतम बुद्धले त विवाहित गृहस्थीलाई पनि ब्रह्मचारी भन्नुभएको छ, यदि उसको चरित्र शुद्ध छ र ऊ अरु आइमाईप्रति कुदृष्टि राख्दैन र बलात्कार गर्दैन। बुद्धधर्म अनुसार हृदय संकुचित हुनुहुँदैन। फूल जस्तै मन स्वच्छ र प्रफुल्लित हुनुपर्दछ। अनि त्यो ब्रह्मचारी हुन्छ। मन शुद्ध भए जस्तै कर्म र वचन रुपी व्यवहार राम्रो हुनु पनि ब्रम्हचर्याको एक लक्षण हो।

बुद्धधर्मको मूल लक्ष्य निर्वाण लाभ गर्नु मात्र होइन। साधारण मानिसले विमुक्ति (निर्वाण) लाभ गर्नु असम्भव नभए पनि गाह्रो अवश्य छ। गौतम बुद्धले एकचोटी भन्नुभएको थियो– धनी र गरीबले निर्वाण लाभ गर्न सक्दैन। धनीलाई जति भए पनि पुग्दैन र तृष्णाले सताइराखेको हुन्छ। तृष्णा रहित नभई कहाँबाट निर्वाण पाउँछ ? धेरै गरीबलाई आधारभूत आवश्यक वस्तुको अभावमा उसको मनमा कहाँ शान्ति हुन्छ ? यो सत्य हो बुद्धधर्म दुःखबाट मुक्त हुनलाई हो, तर दार्शनिकहरूले सम्झिराखेको मरिसकेपछि पाउने स्वर्ग निर्वाण होइन। यो हिन्दूधर्मको मोक्ष जस्तो होइन। त्यस्तै धर्म कर्म गरेरमात्र स्वर्ग जान्छ भन्ने कुरा पनि बुद्धको शिक्षा अनुसार मिल्दैन।

Downloaded from http://www.dhamma.digital

बुद्धधर्ममा अन्धविश्वास र कर्मकाण्डलाई कुनै प्रकारको स्थान छैन । हिन्दूकर्मकाण्डबाट बौद्ध युवावर्ग अवश्य टाढा रहनुपर्छ तर यी कुरालाई मात्र आधार मानेर बुद्धधर्म अँगालिरहनु अथवा बुद्धको शिक्षा प्रचारमा लाग्नु सही तरिका हुनेछैन, मतलब सफल हुनु गाह्रै पर्ला । (साम्यवादी देशमा पनि अन्धविश्वास हटाउनु कठिन भैरहेको छ ।) मानौं कि कोही व्यक्ति अन्धविश्वास र कर्मकाण्डबाट मुक्त छ तर त्यो व्यक्तिको आचरण र व्यवहार राम्रो छैन, शोषक बनी अरूलाई दुःख दिन्छ भने, स्वार्थी र रिसाहा छ भने, छलीकपटी छ भने त्यो व्यक्ति सच्चा धर्मदूत, धर्म प्रचारक हुन सक्दैन । त्यस्तो व्यक्ति कदापी बुद्धको अनुयायी बन्न सक्दैन । यी कुराहरूमा भिक्षुवर्ग र बौद्धसंघ संस्थाका कार्यकर्ताहरूले पनि ध्यान दिनु योग्य छ, मनन गर्नु योग्य छ ।

जहाँसम्म मलाई लाग्छ, जो कोही व्यक्ति अन्धविश्वास र कर्मकाण्डबाट मुक्त नभएता पनि अरुलाई दुःख हुने काम गर्दैन भने, अरुको चरित्र हनन हुने काम कुरामाथि विचार गर्दैन भने त्यो बुद्धको अनुयायी र मानव हुन सक्दछ । शायद यो विचार युवावर्गको विचारको विपरीत पनि हुन सक्छ । यो मेरो आफ्नै अनुभवको आधारमा लेखेको हूँ ।

अब जाऔं बुद्धधर्ममा युवावर्गको दायित्व के हुनु पर्छतिर । शुरूदेखि नै बुद्धको शिक्षा बहुजन हिताय र सेवामूलक रहिआएको छ । यो कुरा बुद्धत्व प्राप्तिपछि सर्वप्रथम सारनाथमा प्रथम सन्देश धर्मचक्र प्रवर्तन गर्नुहुँदा गौतम बुद्धले भन्नुभएको हो । अतः युवावर्ग सेवामूलक भई बुद्धधर्मको प्रचार प्रसारमा अग्रसर हुनुपरेको छ र गुणात्मक भई रचनात्मक काम गरेर अगाडि जानुपरेको छ । उदाहरणको लागि केही युवावर्गलाई यहाँ प्रस्तुत गर्न चाहन्छु । काठमाडौंको धर्मकीर्ति अध्ययन गोष्ठीका युवावर्ग रचनात्मक गतिविधिमा र जिल्ला जिल्लामा धर्मप्रचारमा संलग्न छन् । अनाथालयमा रहेका असहायहरूलाई केही

Downloaded from http://www.dhamma.digital

वस्त्र र खाना वितरण, अस्पतालहरूमा वैशाख पूर्णिमाकादिन बिस्कुट र फलफूल वितरण तथा समय समयमा श्रमदान इत्यादि काम गर्छन्। त्यस्तै "गणमहाविहारका बौद्ध परियत्ति युवा पुचः" "काठमाडौं युवा बौद्ध समूह" भोजपुर, चैनपुर, पाल्पा, तानसेनसम्म गई बुद्धधर्म प्रचारमा संलग्न भइरहेको विशेष उल्लेखनीय छ तथा "भक्तपुर युवा पुचः" "ठिमी युवावर्ग" "ललितपुर युवावर्ग" हरूको कार्य पनि उल्लेखनीय छ। अहिले आएर तानसेन "बौद्ध युवासंघ" र धरान "बौद्ध युवा-साथी" पनि रचनात्मक कार्यमा संलग्न भैरहेको उत्साहवर्धक समाचार छ। पोखराका युवा बौद्ध वर्ग पनि रचनात्मक बौद्ध गतिविधिमा अग्र-सर भैरहेको समाचार छ। यो गौरव र हौसला बढ्ने कुरो हो।

अब ललितपुर युवावर्गको आदर्शयुक्त र अनुकरणीय कामलाई प्रस्तुत गर्न चाहन्छु।

एकजना शाक्य युवकले श्रेष्ठ जातिका महिलासँग विवाह गरे। केही वर्षपछि त्यो शाक्य युवकको मृत्यु भयो। बेजातिसँग विवाह गरेको हुनाले शाक्य परिवारले उसको मृत्यु संस्कार गर्न तयार भएन। निकै लामो गन्थन भयो रे! अनि स्थानीय युवा बौद्धवर्गले अघि सरेर उसको मृत्यु संस्कार गरिदिए। स्मरणीय छ त्यही टोल-बाट बुद्धपूर्णिमा (बुद्धजयन्ती) उत्सव अति उत्कृष्ट र भव्यरूपमा मनाए तर एक शाक्य युवकले बेजाति महिलासँग विवाह गरे भनेर मृत शरीरलाई बहिष्कार गर्ने गरे के उनीहरू बौद्ध हुन् त ? त्यो त बौद्धको नाममा आडम्बर मात्र भयो। जातिभेद हिन्दूधर्मको दाइजो र संस्कारको कोसेली हो।

म युवा बौद्ध वर्गलाई अनुरोध र सुझाव दिन चाहन्छु। बौद्ध युवावर्गले हिन्दूसंस्कार, थिति–रीति र दशैं आदि चाडपर्व पनि बहि-ष्कार गर्न सक्नुपर्छ। गएको दशैंलाई गुरुङ, मगर र थारूवर्गले बहि-ष्कार गरेको समाचार छ। यो बडो साहसिलो र उत्साहवर्धक अभियान

Downloaded from http://www.dhamma.digital

हो । ग्रामा बाबु दिवंगत हुँदाखेरि बर्खी बरने चलन पनि हिन्दू संस्कार हो, बुद्धधर्ममा यस्तो कुनै चलन छैन । ग्ररू कुनै बौद्ध देशमा पनि यस्तो चलन छैन ।

ललितपुरका युवावर्गले यसरी सेवामूलक भई रचनात्मक काम गरे जस्तै गर्न सके धर्ममा युवावर्गको दायित्व बोध हुने छ ।

युवावर्गमा मेरो एउटा निवेदन छ कि जनसंख्या–तथ्यांक लिन ग्याउने बेला बौद्धहरूलाई सम्झाई दिनु परेको छ, धर्मको महलमा बौद्ध लेख्नु पर्छ नत्र भने बौद्धहरूलाई पनि हिन्दू लेखिदिन्छ । यस कुरालाई युवावर्गले गम्भीरतापूर्वक लिनुपर्छ । □

Downloaded from http://www.dhamma.digital

# कर्मफल

आत्मा, आर्य, सनातन, पुनर्जन्म (पुनर्भव) र कर्मफलको विषयमा बुद्धधर्ममा अलग्गै सोचाई र विश्वास पाइन्छ। यसको अर्थ अरू धर्मले लगाएको अर्थसँग बिल्कुल विपरीत छ। यहाँ मलाई लागे अनुसार बौद्ध कर्मफलको बारे चर्चा गर्न लागेको छु।

कर्मफलको अर्थ हो काम गरेको बापत ज्याला वा प्रतिफल पाउनु तर धार्मिक जगत्मा यो साधारण अर्थ गम्भीर रूपले अथवा दर्शनको रूपले पहिले पहिले जन्ममा गरेको कामको फल नै कर्मफल भनी बुझिराखेको छ जुन कि वैज्ञानिकहरूको विचार अनुसार अव्यावहारिक, अप्रामाणिक र बुद्धधर्मलाई नसुहाउँदो छ। यस विषयमा जन्मेदेखि अन्धोले हात्तीको कल्पना गर्ने जस्तै भइराखेको छ। त्यस्तो भएको कारण के हो ?

एकपल्ट अति नास्तिक मतलब असल खराब कामको केही महत्व नराख्ने र त्यसमा विश्वास नगर्ने शुभ नामक मानवको प्रश्नलाई बुद्धले जवाफ दिनुभयो–मानिस एक कर्मको खेल हो, कर्मकै अधीन, कर्मले नै जन्म लिन्छ, कर्म नै आफन्त हो, कर्मकै शरण हो, कर्मले नै ठूलो सानो हुन्छ।

सबैभन्दा अलमल भएको कुरा त– "चूलकम्म विभंग सूत्र अनुसार मानिसहरू भिन्नाभिन्नै स्वभाव हुने, राम्रो हुने, नराम्रो हुने, आयु लामो हुने। छिटै मर्ने आदि आ–आफ्नो कर्म अनुसार हुने हो।"

Downloaded from http://www.dhamma.digital

त्रिपिटक पालि ग्रन्थहरूमा धेरै कुरा गोलमाल र बुझ्न अप्ठ्यारो हुने कुराहरू मिसिइसकेको छ । यो कर्मफल गम्भीर जटिल विषय भएर बुद्धले यस्तो पनि भन्नुभएको छ– "अचिन्तनीयो कम्म विसयो ।" अर्थात् कर्मफल बारेमा चिन्तन नगर । यसको कल्पना गरिरह्यो भने निष्कर्षमा नपुगिकन नै मानिस पागल हुन्छ ।

जस्तो भनिए पनि स्वतन्त्र चिन्तन र वैज्ञानिक दृष्टिले विचार गरिहेर्दा बुद्धधर्म अनुसार सबै कुरा पूर्वकर्म अनुसार मात्र हुने होइन । अंगुत्तर निकायमा तीर्थायतन सूत्रमा उल्लेख भए अनुसार संसारमा तीन प्रकारका कर्मफल मान्नेहरू छन् ।

१) मानिसहरूले जति पनि सुख दुःख भोग गरिरहेछन्, रोग भई राखेका आदि सबै पहिलेको जन्ममा गरेको कर्मको फल हो ।

२) जति पनि सुख दुःख आदि घटनाक्रम संसारमा भइराखेका छन् ती सबै ईश्वरको कृपा अनुसार भएका हुन् ।

३) अर्को एक थरी छ– सुख दुःख हुने कुनै हेतु वा कारण नभइकन स्वतः आफै हुने हो ।

यो तीनै कर्मफलको कुरालाई बुद्धले मान्यता दिनुभएको छैन। गौतम बुद्धले भन्नुभयो– यदि सबै पूर्वजन्मको फल हो भने, ईश्वरको कृपा अनुसार हुने हो भने र कुनै हेतु वा कारण बिना आफै हुने हो भने- कसैले कुटे पनि, चोरेर लगे पनि चूप लागी बस । दण्ड न देऊ । चोटपटक लागे पनि, पेट दुखे पनि, जस्तो सुकै रोग भए पनि औषधी नगर्नु । कुनैपनि खराब मानिसलाई असल बन, बानि सुधार, अरूलाई दुःख नदेऊ आदि प्रति उपदेश र सुझाव नदेऊ, शिक्षा नदेऊ । चूप लागी बस किनभने सबै पूर्वजन्मका फल हुन्, ईश्वरको कृपाले हुने भयो । खान नपाए पनि चूप लाग । त्यो पनि पहिलेको जन्मकै कर्मफल हो भनी मनमा राख । किन प्रयत्न गरिराख्ने ?

Downloaded from http://www.dhamma.digital

बुद्धले भन्नुभयो– "यो तीनवटै मिथ्यादृष्टि (असमझदारी) गलत धारणा हुन् । अन्धविश्वास हुन् । यस बिषयमा अध्ययन र छलफल गरिरहेमा निष्कर्षमा पुग्न सकिन्न र अन्त हुँदैन । वहाँले फेरि भन्नुभयो– चोर हुने, अपराधी हुने आदि अव्यवस्था र गरीबी भए-कोले हो । शरीर संचो नहुने पनि खाना नमिलेर, धेरै खाएर, गर्मी वा जाडो भएर, ऋतु (मौसम) बदलेर, लामखुट्टेले टोकेर, कीरा फटचांग्राले टोकेर र पीर वा चिन्ता भएर हो । पित्त प्रकोप हुनु र धेरै हावामा बस्नुले पनि बिरामी होइन्छ । यस्तै पानीले रुझ्दा र फोहर पानीको कारणले गर्दा पनि बिरामी होइन्छ ।

काम गर्ने ढंग र बोल्ने तरीका भएन भने पनि दुःख हुन्छ, अशान्ति हुन्छ । वर्तमान भौतिक वातावरणको प्रभावले पनि दुःख हुन्छ । पूर्व कर्मलाई मात्र दोष दिएर निराश हुनुहुँदैन । नजानी वा जानी सानैदेखि गरेको काम पनि पूर्व कर्म हो ।

फेरि अर्को एक ठाउँमा गौतम बुद्धले भन्नुभएको छ– कर्ममा छन भनेर हात बाँधी अल्सी भएर बसिरह्यो भने भएको कर्म (भाग्य) पनि हराएर झन् झन् अभागी र दुःखी हुन्छ । मेहनत गरी लग्यो भने नभएको भाग्य पनि उब्जेर आउँछ, अनि दुःख हराएर जान्छ ।

पालि साहित्यमा कर्मको चार समूह गरी छुट्याइएको छः–

१) दिट्ठधम्म विपाक– अर्थात् यहाँको यहीँ देखिने गरी फल भोग गर्नुपर्ने, मरिसकेपछि फल बिने होइन । उदाहरणको लागि फिलिपिन्सका राष्ट्रपति मार्कोसले देश छोडेर जानु परेको, बंगलादेश-का राष्ट्रपति एर्शाद जेलमा परेको आदि कुकर्मको फल यहीँ देखि-एको हो । राणा शासनको अन्त र पञ्चायतको पतन पनि यहीँ देखि-एको कर्मफल हो ।

Downloaded from http://www.dhamma.digital

२) उपपज्ज वेदनीय विपाक– अर्थात् यहाँ मरेर अर्को जन्ममा फल दिने जस्तै कि असारमा धान रोप्दा आश्विन कार्तिकमा धान फल्छ । अर्को रूपमा भन्ने हो भने आमा–बाबुको कर्मले छोरा–छोरीहरूले दुःख सुख भोग गर्नुपर्ने ।

३) अपरापर वेदनीय विपाक– अर्थात् जुनसुकै जन्ममा मौका पर्ने बेला फल दिने । बाज्येले गरेको कर्म नाति–नातिनीहरूले भोग गर्ने जस्तै कोही बच्चाहरूको आमा–बाबुसँग भन्दा वज्रैसँग स्वभाव मिल्ने हुन्छ । दराजमा राखेका लुगाहरू चाहिने बेलामा झिकी झिकी लाउने ।

४) अहोसि कर्म– अथात् फल नदिने जस्तै कि पोलेको, भुटिसकेको बीउ रोपे पनि नफल्ने । नदीको एक वारीबाट पठाएको अर्को पारी नपुगी बीचमा पर्ने । अंगुलीमालले त्यतिका मानिसहरू मारे पनि पछि केही भोग गर्नु परेन । उसको कर्म लोप भयो । मुक्त भयो ।

यी चार कर्मफल मध्ये पहिलो र सबभन्दा पछिको व्यावहारिक छ र दोस्रो र तेस्रो वंशानुगतरूपले व्यावहारिक भएपनि बौद्ध पुस्तकमा व्याख्या गरिएको सिर्गं धार्मिक र बुझ्न गाह्रो छ । हिन्दू धर्मको कर्मफलसँग मिल्दो जुल्दो छ ।

अब विचार गरौं– दोस्रो, यहाँ मरेर अर्को जन्ममा फल दिन्छ भन्ने कुरोमा । वंशानुगतरूपले आमा–बाबुले गरेको कामको प्रतिफल छोराछोरीलाई पनि पर्न जान्छ । बाबु असल भए छोरालाई पत्यार गरिन्छ । पिता असल भए, देश सेवक भए छोरालाई पनि विश्वास गरिन्छ । जस्तै शहीद गंगालालको छोरालाई सरकारले महीना महीनामा पैसा दिएर संरक्षण दिइरहेको छ भन्ने सुनें ।

तेश्रो, मौका हुने बेला फल भोग गर्नुपर्नेछ भन्ने कुरा बुझ्नलाई एउटा उदाहरण दिन्छु । यहाँ एउटा घरमा एउटी आइमाईको चरित्र

Downloaded from http://www.dhamma.digital

नराम्रो थियो । यो ४० वर्ष अघिको कुरा हो । अहिलेसम्म त्यो घरका छोरीहरूलाई पत्यार नगरी उनीहरूको बिहे भएन । धेरै पुस्तासम्म त्यसको असर पऱ्यो ।

अर्को एउटा उदाहरण हेरूँ- भारतमा मोतीलाल नेहरूको छोरा जवाहरलाल नेहरू देशको स्वतन्त्र आन्दोलनमा अग्रगण्य थिए । नेहरू प्रधानमन्त्री बने । त्यही प्रभावले इन्दिरा गान्धी प्रधानमन्त्री बने । त्यसपछि राजनीतिको अनुभव नभएपनि राजीव गान्धी प्रधानमन्त्री भए तर काम सन्तोषजनक नभएकोले र छिमेकी देशहरूलाई सताएकोले वहाँले प्रधानमन्त्री पद गुमाउनु पऱ्यो । यो पनि कर्मफल नै हो कि ?! यो घटनाले देखिन्छ वंशानुगत रूपले फल दिइरहेको छ । नेहरूको प्रभाव उसका नातिमा समेत पऱ्यो । यो राजनीतिको कुरा होइन धर्मनीतिको कुरो हो ।

पहिलो त यहाँको यहीं नै देख्ने गरी फल भोग्नु पर्ने भयो । उदाहरणकोलागि यहाँ एक ठाउँमा लोग्ने र स्वास्नी वर्षौं वर्ष अलग भएर बसिरहे । पछि मिलेर बसे । केही वर्षपछि छोरा चाहीं पनि आफ्नो स्वास्नीसँग अलग बसे । तिनीहरू पनि पछि मिलेर बसे तर उसको पनि छोरा अहिलेसम्म स्वास्नीसँग अलग भएर बसिरहे । घरमै बस्छ तर स्वास्नीसँग संगै बस्दैन । तीन पुस्तासम्म त्यस्तै चलिरह्यो । यो उपपज्ज वेदनीय दोस्रो र अपरापरिय वेदनीय तेस्रो कर्मफल भयो।

## कर्मको प्रकृति नियम

मानिस जन्मने प्रकृति नियमः-

१) आमा बाबुका बीच सम्भोग हुनुपर्छ,

२) आमा ऋतुमती हुनुपर्छ,

३) बाबुको शुक्र श्रोणित (बीज) यथास्थानमा पर्नुपर्छ,

Downloaded from http://www.dhamma.digital

कर्म बीउ जस्तै भयो । आमाको श्रोणित जमीन भयो । बाबुको शुक्रबीज पानी, यी तीन क्रिया र कर्म बीजले प्रतिसन्धि विज्ञान आमाको पेटमा बच्चाले जन्म लिन आउँछ तर कालान्तर होइन ।

१) बीज नियम– प्रकृति नियम– बीउले रूख उत्पन्न छ, यस्तै मानिसको बीउले मानिस जन्मन्छ ।

२) ऋतु नियम– मौसम अनुसार रूखमा पात उत्पन्न्छ ।

३) कर्म नियम– असल र खराब काम अनुसार मानिसको गति हेतु फलवाद अनुसार बदलेर जान्छ ।

४) धर्म (प्रकृति) नियम– पानीको स्वभाव चिसो, आगोको स्वभाव तातो, हावाको प्रकृति नियम घचार्ने वा चल्ने । पृथ्वीको स्वभाव गह्रौं हुने । चतुर्महाभूतको स्वभाव धर्म हो बतास चल्ने, आगो लाग्ने । कसैको आशा अनुसार प्रकृति नियम हुँदैन, आ–आफ्नो स्वभावले नै हुन्छ ।

५) चित्त नियम– मेशिनको चित्त छैन । रूखसंग पनि चित्त छैन । प्राणीको मनसँग चित्त र चेतन शक्ति छ । चित्त भएकोले चिन्तन शक्ति भएको हो । पुतली बनाउनेले चिन्तन शक्ति र चित्त बनाइदिन सक्तैन । बीउ रोप्न जमीन चाहिन्छ । पानी चाहिन्छ, त्यसमा बिरूवा लाग्छ ।

मानिस मर्ने कारण–तीन चीज नभएपछि मानिस मर्छः–

१) जीवितीन्द्रिय भन्ने आयु,

२) तेजो धातु भन्ने तातो पन,

३) चित्त भङ्ग हुने विज्ञानको (चेतनाको) अभाव,

यी तीन वटा चीज भएन भने मानिस मऱ्यो भनिन्छ,

Downloaded from http://www.dhamma.digital

विशेष स्मरणीय छ बुद्धधर्म अनुसार कर्मफल भोग्नु पर्छ। नेपालको नयाँ संविधानमा हिन्दूराज्यलाईमात्र स्थान दिएकोले यो नयाँ प्रजातन्त्रले पनि भविष्यमा फल भोग्नुपर्नेछ।

पञ्चायती शासनकालमा पोखराका शान्ति चैत्य भत्काएको, ठाउँ ठाउँमा गुम्बा र अरू चैत्य भत्काएको र लुम्बिनी विकासलाई पंगु बनाएको आदि कु–कर्मले पञ्चायती शासनको अन्त र पतन छिट्टै भयो। यो कर्मफलको नियम हो, प्रकृतिको स्वभाव हो।

□

Downloaded from http://www.dhamma.digital

# बौद्ध जीवन-चर्या पद्धति

## (बौद्ध संस्कार)

बौद्ध चर्या पद्धति अथवा बौद्ध संस्कारद्वारा मानव जीवनको स्तर सुसंस्कृत भएर माथि उठ्छ। मानव समाजको अति प्राचीन कालदेखि यसप्रकारको विश्वास चल्दै आएको छ। त्यही कारण हो कि प्राय:श धेरै जसो देश एवं त्यहाँका जातिमा जन्मेदेखि मृत्युपर्यन्त केही न केही संस्कार कर्म प्रचलित रहेका छन्। यी संस्कार जीवनको आवश्यकता एवं अवस्थानुसार हुने भएकोले समाजमा त्यसको ठूलो महत्व रहेको हुन्छ। यी संस्कारहरूद्वारा प्रभावित भएर मानिसले कल्याणमार्गको अनुगमन गर्न हुन्छ। यसले गर्दा मानिसको अहित हुँदैन। केही रूढिवादीहरूको अन्धविश्वास सम्मिलित हुन सक्ने हुनाले यस्तो संस्कार कार्यमा विकार र विकृति उत्पन्न हुने गर्दछ र कहिले काहीं यसबाट हितको सट्टा अहित हुन जाने हुन्छ, तर यथार्थतः संस्कार कर्महरूको गुण मानव जीवनलाई सुधार्नु नै भएको देखिन्छ। संस्कार कर्मद्वारा मानव समाजको अहित र कुभलो हुने भाव देखिएमा भने त्यस्तालाई संस्कार नभनी कुसंस्कार भन्नु उचित होला। मानिसलाई त्यस्तो कुसंस्कारबाट बचाउनु र सुसंस्कारलाई उपयोग गर्नु ठूलो महत्वको कुरा हुनेछ।

विभिन्न देशका जन-जीवनका संस्कार अलग-अलग किसिमका हुन्छन्। हावा-पानी, भोजन, धर्म, संस्कृति आदि अवस्थानुसारको

Downloaded from http://www.dhamma.digital

संस्कारको प्रभाव जन जीवनमा पर्दछ । यही कारण हो कि देश, जाति हावापानी एवं प्राकृतिक अवस्थाको भिन्नताले एकै धर्मावलम्बी भए पनि तिनीहरूमा अलग संस्कृति र विविध प्रकारका संस्कार विधिहरू चल्ने हुन्छन् ।

हुनत बौद्धधर्ममा धार्मिक रूपमा अथवा सिद्धान्ततः संस्कारको लागि कुनै महत्वपूर्ण स्थान दिइएको छैन अर्थात् संस्कार कर्महरू गर्न कुनै बाध्यता छैन तैपनि सामाजिक व्यवस्था एवं प्रचलन अनुसार थेर-वादी बौद्ध देशमा पनि ६ प्रकारका संस्कार विधि प्रचलित छन् । नेपाली बौद्धहरूमा पनि परम्परादेखि केही संस्कार चलिआएको देखिन्छ तर यहाँ धेरै जसो हिन्दू परम्परा अनुसारका रीति-रिवाज नै चलिरहेको देखिन्छ । अतः यहाँ वास्तविक बौद्ध प्रथा अनु-सार गरिने संस्कारहरूको परिचय एवं पद्धतिको परिचय दिइन्छ ।

## १. गब्भ मङ्गल (गर्भ मङ्गल)

गर्भ मङ्गल प्रथा संस्कार हो, जुन गर्भ धारणपछि तीन महि-नामा अथवा आफ्नो सुविधा अनुसार गरिन्छ । गर्भ मङ्गल संस्कारको दिन गर्भमा रहेको बालक अथवा बालिकाको कल्याणको लागि आमा हुनेले त्रि-शरण सहित पञ्चशील ग्रहण गर्छिन्, बुद्धपूजा गर्छिन्, परि-त्राण पाठ सुन्छिन् र भिक्षुहरूलाई भोजन प्रदान गरी धर्म उपदेश सुन्ने गर्छिन् ।

## २. नामकरण

नामकरण यस विधिको दोश्रो संस्कार हो जुन शिशुको जन्म भएपछि पाँचौं हप्तामा गरिन्छ (यो देश अनुसार फरक हुन सक्छ) । त्यस दिन आमा बाहिले नुहाएर त्रि-शरण पञ्चशील ग्रहणगरी बच्चा-लाई आफ्नो काखमा लिएर शान्तिपूर्वक बसेर परित्राण पाठ सुन्ने गर्छिन् र तत्पश्चात् बच्चाको नामकरण गरिन्छ ।

Downloaded from http://www.dhamma.digital

## ३. अन्नपासन (पास्नी)

बच्चा जन्मेर ६ महिना पुगेपछि तेश्रो संस्कारको रूपमा अन्न-पासन अथवा भात खुवाउने विधि गरिन्छ । कहींकहीं नाउँ राख्ने र पास्नी एकै दिनमा गर्ने चलन पनि पाइन्छ । त्यसो गरेपनि हुन्छ । पास्नी संस्कारको दिनमा आमाले बच्चाको साथै नयाँ लुगा लगाएर त्रि-शरण पञ्चशील गृहण गरी परित्राण पाठ सुन्ने गर्नुपर्छ । त्यसपछि एउटा कचौरा वा थालिमा क्षीर राखेर भिक्षु वा बौद्ध आचार्यद्वारा "नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स" वाक्योचारणका साथै अम्वाले उक्त क्षीर बच्चाको मुखमा हाली खुवाउने गरिन्छ । त्यही दिन बच्चालाई बुद्धमूर्तिको अगाडि लगी बुद्धपूजा गर्ने गरिन्छ ।

## ४. केसकप्पन (चूडाकर्म वा वृतबन्ध)

वृतबन्ध चौथो प्रकारको संस्कार हो । यो बालक जन्मेर तीन वर्षपछि आफ्नो सुविधा अनुसार गरिन्छ । यो संस्कार कुनै बौद्ध विहा-रमा हुन्छ र बुद्धमूर्ति भएको घरमा पनि गरिने हुन्छ । पहिले भिक्षु वा बौद्ध आचार्य (गुरु) द्वारा छुराले बच्चाको केही केश काटिन्छ र त्यस-पछि नाउ अथवा भिक्षुले बच्चाको केश खौरि दिन्छ । बौद्धहरूमा टुपि राखिदैन । खौरिएको रौंलाई नदीमा सेलाउने अथवा भूईमा गाडि-दिन्छ । मुण्डनपछि त्यस बच्चालाई नुहाएर शुद्ध वस्त्र वा पहेंलो वस्त्र लगाइदिन्छ र उनका माता-पिताले त्रि-शरण, पञ्चशील गृहण गरी परित्राण पाठ सुन्छन् । आ-आफ्नो श्रद्धा र क्षमता अनुसार दान-प्रदान पनि गर्छन् । अनि पछि भगवान् बुद्धमा पुष्प-धूप आदिद्वारा पूजा गर्छन् ।

हाल काठमाडौंमा बर्माको बौद्ध संस्कार अनुसार केटीलाई अनगारिका गुरु आमाहरूको विहारमा लगी कलेजी रङ्गको वस्त्र पह-नाई अष्टशील गृहण गराई ७ दिनसम्म ऋषिनी बनाई राख्ने चलन

Downloaded from http://www.dhamma.digital

रहेको छ । नेपालमा पनि गुफा राख्ने विधिको सट्टा त्यसै प्रकारको ऋषिनी विधि अपनाउने चलन आएको छ ।

## ५. विज्जारम्भ (विद्यारम्भ)

विद्यारम्भ पाँचौं संस्कार हो । यो बच्चाको पाँचौं वर्षमा हुन्छ । त्यस दिन बच्चालाई विहारमा लगेर त्रि–शरण सहित पञ्च-शील ग्रहण गराए पछि बुद्धपूजा गराइन्छ । तत्पश्चात् भिक्षु अथवा बौद्ध आचार्यले स्लेट वा कापि दिई ठूलोले सहयोग गरी त्यसमा बच्चाको हातद्वारा बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि, संघं सरणं गच्छामि अथवा नमो बुद्धाय लेखाइ शुरु गराइन्छ । त्यसपछि बालकलाई सुविधा अनुसारको कुनै विद्यालयमा पठाइ पढ्न लगाइन्छ ।

## ६. विवाह

छैठौं संस्कारको रूपमा विवाह गराइन्छ । यो गृहस्थीहरूका लागि महत्वपूर्ण संस्कार हो । यहींबाट गृहस्थी जीवनको शुरुआत हुन्छ । यस संस्कारमा भिक्षुले अथवा बौद्ध आचार्यले विवाह हुने वर अथवा कन्यालाई त्रि-शरण, पञ्चशील प्रार्थना गराइन्छ । तब जय मङ्गल परित्राण पाठ हुन्छ । त्यसपछि पति–पत्नीले पारस्परिक रूपमा पालन गर्नुपर्ने कर्तव्यलाई सम्झाइन्छ ।

पतिको कर्तव्यः– प्रिय उपासक ! तपाईंले सावधान भई सुन्नुहोस् । भगवान् बुद्धले पतिले पत्नीप्रति गर्नुपर्ने पाँच कर्तव्य बताउनु भएको छ–

१) पत्नीको सम्मान गर्नुपर्छ,
२) पत्नीको अपमान गर्नु हुँदैन,
३) व्यभिचार गर्नु हुँदैन र विश्वास पात्र बन्नुपर्छ,
४) आपनो क्षमता अनुसार समय-समयमा धन तथा वस्त्र दिई आपनी पत्नीलाई सन्तुष्ट पार्नुपर्छ,

Downloaded from http://www.dhamma.digital

५) आफ्नी पत्नीलाई यथाशक्य आभूषण आदि दिएर प्रसन्न राख्नु राम्रो हुन्छ ।

पत्नीको कर्तव्यः– सौभाग्यवती उपासिका ! तपाईंले राम्रो-संग ध्यान दिएर सुन्नुहोस् । भगवान् बुद्धले पत्नीद्वारा पतिप्रति पूरा गर्नुपर्ने पाँच वटा कर्तव्य बताउनुभएको छ–

१) पतिको घरका सबै काम राम्रोसंग संभाल्नु पर्छ,

२) आफ्नो परिवारका नोकर-चाकरलाई प्रसन्न राखिराख्नु पर्छ,

३) व्यभिचार रहित भई पतिको विश्वास पात्र बन्नु पर्छ,

४) पतिले कमाएको धन-सम्पत्तिको रक्षा गर्नुपर्छ,

५) घरका सबै काममा चतुरतापूर्ण एवं अल्छी नगरी संलग्न हुनुपर्छ,

त्यसपछि स्थानीय प्रचलित प्रथा अनुसार पति–पत्नीलाई अंगुठी लगाउन दिइन्छ साथै एक आपसमा माला पहिराउन लगाइन्छ । तत्पश्चात् बौद्धाचार्यले महामङ्गल गाथाद्वारा दुवैको हातमा (धागो) सूत्र दिई पाठ गरी आशीर्वाद दिएर विवाह संस्कार सम्पन्न गराइन्छ ।

## ७. प्रव्रज्या

बर्मा देशको संस्कृति र प्रचलन अनुसार जीवनमा एकपटक सबैले प्रव्रजित हुनुपर्छ (यस्तो नियम श्रीलंकामा छैन) । थाइलैण्ड र क्याम्बोडियामा भने यस्तो प्रथा देखिन्छ । प्रव्रजित व्यक्तिलाई श्रामणेर भन्छन् । श्रामणेरलाई दशशील (दशवटा नियम) को पालन गराइन्छ । श्रामणेर दीक्षा तीन दिन, पाँच दिन र सात दिनदेखि एक महिना, एक वर्ष अथवा आफ्नो श्रद्धा र इच्छा भएसम्म दिइन्छ । यस दीक्षा ग्रहण गरेपछि विहारमा भिक्षुहरूसंगं बसेर ध्यान भावना एवं बुद्धधर्मको अध्ययनमा समय बिताइन्छ । यो दीक्षा भिक्षुद्वारा नै दिइन्छ । प्रव्रज्या दीक्षा गृहस्थद्वारा दिन सकिँदैन । यस प्रकारको दीक्षा जीवनको कुनै पनि अवस्थामा सुविधानुसार ग्रहण गर्न सकिन्छ । यस

Downloaded from http://www.dhamma.digital

विषयका कुरा विनय पिटकमा पूर्ण रूपमा व्याख्या गरिएको पाइन्छ ।

## ८. उपसम्पदा (भिक्षुदीक्षा)

यो दीक्षा श्रामणेरहरूलाई दिइन्छ । यो दीक्षा पाइसकेका मात्र भिक्षु कहलाइन्छ । उपसम्पन्न भिक्षुको लागि पालन गर्न २२७ नियम राखिएका छन् । यो दीक्षा मध्य देश (उत्तर प्रदेश, विहार भारतमा) १० भिक्षुहरूद्वारा तथा अरू प्रदेशमा पाँच भिक्षुहरूद्वारा सम्पन्न हुन्छ । यस उपसम्पदा दीक्षा पाउने श्रामणेर २० वर्षको आयु भएको हुनु अनिवार्य छ । यस दीक्षा सम्बन्धी नियम पनि विनय पिटकमा विस्तारपूर्वक दिइएको छ ।

## ९. दाह कम्म (मृत्यु संस्कार)

मृत्यु संस्कार सबैभन्दा अन्तिम संस्कार हो । मानिसको मरण बेलामा उसलाई परित्राण पाठ सुनाइन्छ । त्यस्ता व्यक्ति परित्राण सूत्र सुन्दा-सुन्दै मर्‍यो भने ठूलो शुभ मानिन्छ । (बुद्ध धर्म अनुसार मृत्यु हुनु भन्दा पहिले पुण्य कर्म गर्नु र गराउनु धेरै राम्रो हुन्छ । प्राण त्याग गरेपछि पुण्य गरेको फल उसलाई प्राप्त हुन्छ कि हुँदैन भन्ने कुनै पुष्टि हुँदैन ।)

मृतकलाई मशानमा लैजानु अघि सुगन्धित द्रव्य (वस्तु) लगाइन्छ । त्यसपछि भिक्षुलाई बोलाइन्छ । भिक्षुको उपस्थिति नभएमा बौद्ध गृहस्थी उपासकले पनि यो मृत्युसंस्कार कार्य गर्न सक्छ । त्यहाँ उपस्थित सबै व्यक्तिहरूले त्रि-शरण सहित पञ्चशील प्रार्थना गर्दछ र भिक्षुलाई एक टुक्रा सेतो कपडा दान गरिन्छ, जसलाई मतक वत्थ (मृतक वस्त्र) भनिन्छ । मतक वत्थ दान दिदा यसरी वाक्य उच्चारण गरिन्छ- "कालकतानं अम्हाकं ञातीनं पुञ्ञत्थाय इमं मतक वत्थं भिक्खु संघस्स देम । (अर्थः- दिवंगत भएको हाम्रो ज्ञाति वर्गको पुण्य स्मृतिमा यस मृतक वस्त्र भिक्षु संघलाई दान दिन्छौं ।)

Downloaded from http://www.dhamma.digital

एक जनामात्र भिक्षु भए "भिक्खु संघस्स" नभनिकन "भिक्खुस्स देम" भन्नुपर्छ। मृतक वस्त्र दानपछि मृतकको नातेदारले एउटा पानीको कलश अथवा लोटाले थालमा, कुनै भाँडोमा पानी बिस्तारै–बिस्तारै खन्याउनु पर्छ। सबै सम्बन्धित परिवारले पानीको भाँडोमा हातले छुनुपर्छ र त्यसलाई तीन पटक दोहो-याइ पुण्यको रूपमा अर्पण गरिन्छ।

इदं नो (वो) ञाती नं होतु सुखिता होन्तु ञातयो

(अर्थः– यो पुण्य कर्म हाम्रो (तिम्रो) ज्ञातिको लागि होस्, हाम्रो ज्ञाति वर्ग सुखी होउन्।)

यसपछि भिक्षुहरू यस गाथालाई पाठ गर्नु हुन्छ तथा मरण सम्बन्धी उपदेश दिनु हुँदै संसारको अनित्य र अस्थिरता बारे प्रकाश पार्नु हुन्छ।

अनिच्चा वत संखारा उप्पाद वय धम्मिनो।
उप्पज्जित्वा निरुज्झन्ति तेसं वूपसमो सुखो॥

(अर्थः– सबै संस्कार (उत्पन्न वस्तु) अनित्य छन्, उत्पन्न र नष्ट हुनु उसको स्वभाव हो। उत्पन्न भएर शान्त हुन्छन्। उसको सर्वप्रकारले शान्त हुनु परम सुख हो।)

त्यसपछि मृतकलाई श्मशानमा लगेर बनाएको चिता (चिहान) मा राखी तीन पटक चिहान प्रदक्षिणा (परिक्रमा) गरेर केही सुगन्धित धूपको साथै चिहानमा आगो राखिन्छ।

परम्परा अनुसार मृत्युपछि सातौं–दशौं वा बाह्रौं दिनमा दिवंगतको पुण्य स्मृतिमा भिक्षुहरूलाई भोजन दान गरिन्छ। अरू गृहस्थी र भिखारीहरूलाई पनि भोजन गराइन्छ।

बुद्ध धर्म अनुसार दिवंगतको पुण्य स्मृतिमा धर्म सम्बन्धी पुस्तक प्रकाशित गरी धर्मदान गर्नु सबैभन्दा राम्रो श्राद्ध र पुण्य कार्य हो भनिन्छ।

Downloaded from http://www.dhamma.digital

## शील परिच्छेद

बौद्ध चरित्र अनुसार कुनै पनि बौद्धले कुनै पनि पुण्य कार्यको शुभारम्भमा पञ्चशील ग्रहण गरी पवित्र हुनु आवश्यक छ र त्यस्तै गर्ने चलन छ। यस्ता कुरा पालन गर्न सके सुनमाथि सुगन्ध जस्तै हुन्छ।

शीलको शाब्दिक अर्थ सदाचार हो। पञ्चशील, अष्टशील र प्रव्रज्याशील आदि यिनका अनेक भेद छन्। बौद्ध गृहस्थीको कर्तव्य हो कि नित्य पञ्चशील पालन गर्नमा ध्यान दिनु र अष्टमी, औंसी एवं पूर्णिमाका दिनहरूमा अष्टशील पालन गरून्। यो प्रव्रज्याशील भिक्षु हुनेहरूको लागि हो।

यसरी पञ्चशील ग्रहण गर्नु भन्दा पूर्व भगवान् बुद्धलाई वन्दना (नमस्कार) गरेर त्रि-शरण ग्रहण गर्ने गर्दछन्।

कुनै व्यक्ति अबौद्ध नै भए पनि त्यो बौद्ध दीक्षा ग्रहण गर्न इच्छुक छ भने उसले कुनै भिक्षुबाट त्रि-शरणका साथ पञ्चशील शिक्षा धारण गर्नु पर्छ अथवा बुद्धमूर्ति अगाडि ग्रहण गरेपनि हुन्छ। त्रि-शरण सहित पञ्चशील ग्रहण गर्ने विधि यस प्रकार छः-

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स (तीन पटक उच्चारण गर्ने)

(अर्थः- उनी भगवान् अरहत् सम्यक सम्बुद्धलाई नमस्कार छ!)

बुद्धं सरणं गच्छामि=म बुद्धको शरणमा जान्छु,
धम्मं सरणं गच्छामि=धर्मको शरणमा जान्छु,
संघं सरणं गच्छामि=संघको शरणमा जान्छु,

दुतियम्पि बुद्धं सरणं गच्छामि=दोस्रोपल्ट बुद्धको शरणमा जान्छु,
" धम्मं सरणं गच्छामि= " धर्मको शरणमा जान्छु,
" संघं सरणं गच्छामि= " संघको शरणमा जान्छु,

Downloaded from http://www.dhamma.digital

ततियम्पि बुद्धं सरणं गच्छामि=तेस्रो पटट बुद्धको शरणमा जान्छु,
" धम्मं सरणं गच्छामि= " धर्मको शरणमा जान्छु,
" संघं सरणं गच्छामि= " संघको शरणमा जान्छु,

## पञ्चशील

१) पाणाति पाता वेरमणी सिक्खापदं समादियामि
२) अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि
३) कामेसुमिच्छाचारा वेरमणी सिक्खापदं समादियामि
४) मुसावादा वेरमणी सिक्खापदं समादियामि
५) सुरामेरय मज्जपमादट्ठाना वेरमणी सिक्खापदं समादियामी

## अर्थ

१) प्राणी हिंसाबाट बच्ने शिक्षा गृहण गर्छु ।
२) चोरी नगर्ने शिक्षा गृहण गर्छु ।
३) पंचकाम सम्बन्धी भ्रष्टाचार नगर्ने शिक्षा गृहण गर्छु ।
अर्थात् व्यभिचार नगर्ने शिक्षा गृहण गर्छु ।
४) झूट्टा कुरा नगर्ने शिक्षा गृहण गर्छु ।
५) रक्सी आदि मादक पदार्थ सेवन नगर्ने शिक्षा गृहण गर्छु ।

## आफैले शील ग्रहण गर्ने नियम

यदि शील प्रदान गर्ने अथवा प्रार्थना गराउने भिक्षु उपस्थित भएन भने आफ्नो इच्छानुसार कुनै निर्जन स्थानमा वा बुद्ध प्रतिमा भएको ठाउँमा गई वन्दना गरीकन "नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स" देखि त्रि-शरण सहित पञ्चशील गृहण गर्ने । कसैलाई पालि श्लोक आउँदैन भने उसले यसरी प्रार्थना वा प्रतीज्ञा गरे पनि हुन्छ ।

"आज मैले सर्वज्ञ भगवान् बुद्धको आज्ञा अनुसार पञ्चशील पालन गर्छु ।" यति भनी प्रतीज्ञा गरिदिएमा शील गृहणको काम पूरा हुने छ । 卐

Downloaded from http://www.dhamma.digital

# बुद्धभूमि नेपालमा हिन्दू राज्य ?

**–भिक्षु सुदर्शन**

## अभिलेख अनुसार सबैभन्दा प्राचीन उल्लेख लुंमिनि

'लुंमिनि' (लुम्बिनी) नेपालको सर्वोच्च गौरव हो। अभिलेख प्रमाण अनुसार स्वयं "नेपाल" शब्दभन्दा पनि "लुंमिनि" को उल्लेख प्राचीन छ। लुम्बिनी स्थित अशोकको शिलास्तम्भ जसमा "लुंमिनि" को उल्लेख भएको छ, २५० इसवी पूर्वको हो। जब कि अशोक कै हाल प्रयाग स्थित शिलास्तम्भ अभिलेखमा समुद्रगुप्तको प्रसिद्ध प्रशान्ति प्रसंगमा उल्लेख भएको "नेपाल" अभिलेख यो भन्दा ५८० वर्ष जति पछिल्लो हो। यता नेपालमा पाइएका अभिलेखहरूमा मानदेव कै चांगु अभिलेखमा "नेपाल" शब्द पूरक रूपमा दिने प्रयास गरे तापनि स्पष्ट रूपबाट "नेपालीहरू" रूपमा सर्वप्रथम उल्लेख "लुंमिनि" उल्लेख भन्दा ७६३ वर्ष जति पछि छ र 'नेपाल" उल्लेख ८६१ वर्ष जति पछिको छ।( "अर्थशास्त्र" को उल्लेखलाई वाङमय प्रमाण रूपमा छाडिएको छ। ) यसरी "लुंमिनि" को ऐतिहासिक महत्व त छंदै छ। यसका साथै "लुंमिनि" लाई "यहाँ बुद्ध शाक्य मुनि जन्मेको ठाउँ" को रूपमा उल्लेख भएकोले झन महत्वपूर्ण भएको छ।

Downloaded from http://www.dhamma.digital

## अभिलेख अनुसार सबैभन्दा पहिलो उल्लेखित नाम सक्यमुनि

"बुध सक्यमुनि" (शाक्यमुनि बुद्ध) अभिलेख प्रमाण अनुसारका सबभन्दा पुरानो नेपालको व्यक्ति वाचक संज्ञा शब्द हो। सर्वकालीन सर्वश्रेष्ठ बुद्धको नाउँ यसरी असंख्य नेपाली नाउँहरूमा सबैभन्दा पहिले अभिलेखमा उल्लेख हुनु पनि ठूलो गौरवको विषय हो। लिच्छविकालका अभिलेखमा पहिलो अभिलेख मानिएको चाबहिलको अभिलेखमा भने शाक्यमुनिलाई "महामुनि" रूपमा पूजाको लागि स्मरण गरिएको पाइन्छ। शाक्यमुनि बुद्धका अभिलेख उल्लेख भन्दा ७१५ वर्षपछि देव रूपमा 'विष्णु' को र मानिस (राजा) रूपमा वृष देव, शङ्कर देव धर्मदेव र मानदेव र आदि नाउँ त्यसपछि हामी देख्छौं।

## अभिलेख अनुसार सबैभन्दा पहिलो उल्लेखित वाङमय जातक

नेपाली वाङमयहरूमा ऐतिहासिक प्रभुत्व स्थापना गर्ने प्रतिस्पर्धा स्वयम्भू पुराण र नेपाल महात्म्य कालदेखि भएको देखिन्छ। तापनि अभिलेख प्रमाण अनुसार भन्ने भए वाङमयहरूमा जातकको उल्लेख सबैभन्दा अघि भएको छ। चाबहिलमा रहेको सबैभन्दा पुरानो यस लिच्छवि अभिलेखको भाषा, भाव र अभिव्यक्ति पालि त्रिपिटकको भाषा, भाव र अभिव्यक्तिसंग साह्रै नजीक छ। कज्याउन गाह्रो इन्द्रिय, त्यसै संयम गर्न गाऱ्हो इन्द्रियबाट सारा संसारलाई दबाई राखेको कुरा अनि त्यसै इन्द्रियलाई संयमित गरेर (इन्द्रियजीत भएर) अनुत्तर ज्ञान प्राप्त गरी संसारवासिहरूलाई दुःखबाट मुक्त गरिएको कुरा यस अभिलेखमा लेखिएको छ। उनै बुद्धको अतीत कथा "किन्नरजातक" को कुरा र अनेक थरीका चित्रबाट सजाएको चैत्यको वर्णन यस अभिलेखमा गरिएको छ।

यसरी अभिलेखको प्रमाणको आधारमा स्पष्ट हुन्छ, नेपालको इतिहास भन्नु नै बौध्द इतिहासबाट र नेपालको संस्कृति भन्नु नै बौद्ध

Downloaded from http://www.dhamma.digital

संस्कृतिबाट नेपालको सभ्यता भन्नु नै बौद्ध सभ्यताबाट प्रारम्भ भएको हुन्छ ।

## अभिलेख अनुसार सबैभन्दा पहिलो उल्लेखित राजा सुपुष्प र वृषदेव

नेपाल मण्डलका प्रामाणिक राजाहरूमा सबैभन्दा पहिलो राजाको रूपमा सुपुष्प अनि वृषदेवको नाउँ आउँछ । लडाईं–भिडाईं कम गर्ने र बोलेको कुरा पुऱ्याउने बौद्ध–चरित्रका वृषदेव राजालाई मानदेवको अभिलेखमा बेजोड राजा भनिएको छ । जब कि झण्डै तीन सय वर्षपछि जयदेव (द्वितीय) को अभिलेखमा बुद्धकीर्तिले उनै वृषदेवलाई "राजोत्तमः सुगत शासन पक्षपाती" भनेर स्मरण गरेको छ । तीन शताब्दीसम्म वृषदेवको बौद्ध रूपको यश कीर्ति फैलिएको यथार्थतालाई यहाँ निर विचार गर्नु परेको छ ।

## सुगतको महत्व

'सुगत' शब्द पालि त्रिपिटक र प्राचीन संस्कृत वाङमयमा बुद्धको एक गुणवाचक शब्द हो । निर्वाणको बाटोमा राम्ररी जाने व्यक्ति नै सुगत हो । अतीतका बुद्धहरू जसरी जुन बाटोबाट गमन भएका थिए त्यसरी त्यही बाटोको अनुगमन गर्नु हुने तथागत नै सुगत हो । बुद्ध कै युगमा बुद्ध कै सामु–प्रकट गरिने बुद्धका ९ गुण (कित्ति सद्दो) मा "अरहं, सम्मासम्बुद्धो, विज्जाचरण सम्पन्नो" (अर्हत्, सम्यक सम्बुद्ध, विद्याचरण सम्पन्न) पछिको चौथो बुद्धगुण "सुगत" हो । सुगतको धर्म मान्नेहरू सौगत हुन् ।

## शासनको अर्थ

"शासन" को अर्थ बुद्धको उपदेश, बुद्धको धर्म वा बुद्धको अनुशासन हो । आज पनि थेरवादी बुद्धधर्मको प्रभुत्व भएका देश-हरूमा "बुद्ध सासन" (बुद्ध शासन) बुद्ध–धर्म कै अर्थमा प्रयोग

Downloaded from http://www.dhamma.digital

गर्दछन् । यहाँ बुद्धकीर्तिको "सुगत शासन" को अर्थ पनि यही हो । वृषदेव राजा बुद्ध-धर्मको पक्ष लिने राजा हुन् ।

## बुद्ध शासन शब्दबाट तर्सिने तत्वहरू

शासनको अर्थ आजकल राजनैतिक व्यवस्थासँग सम्बध्द रूपमा लिइन्छ । जयस्थिति मल्लको राज्यकालमा धर्मको एक पक्षीय प्रभुत्व शासन प्रणालिमा थोपिएर लाभान्वित हुदै आएको वर्ग "बुद्ध शासन" शब्ददेखि नै तर्सिएको देखिन्छ । केही वर्ष अघि गण महाविहारमा "बुद्ध शासन सेवा समिति" भन्ने एक धार्मिक समिति स्थापना गरिएको थियो । "बुद्ध शासन सेवा समिति" को तात्विक अर्थ "बौद्ध अधिराज्य स्थापना गर्ने समिति" भन्ने विचार गरेर हो कि क्यार धेरै प्रश्नहरू खडा गरियो । मैले त्यस बेला भनें, हाम्रो यस शासन शब्दको अर्थ राज्यसंग केही सम्बन्ध राख्दैन । बुद्धको उपदेश, बुद्धको धर्म, बुद्धको सन्देश वा बुद्धको अनुशासन अर्थमा बुद्ध शासन भनिएको हो । प्रश्न कर्ताहरूको आग्रह थियो त्यसो भए "बुद्ध-धर्म सेवा समिति" नै किन भन्नु भएन ? मैले भनें धर्मको अर्थ एकातिर अत्यन्त व्यापक छ, अर्कोतिर थुप्रै अन्योल प्रकारको छ । देवदेवीको सामु देव देवीत्व नै साक्षि राखेर देव देवीत्वलाई नै पशुपंक्षी भोग दिनु, कुनै बेला मानिस समेत भोगदिने बलि कर्मलाई पनि धर्म भनिन्छ । अर्काको स्वास्नीलाई उसको लोग्नेको रूप धारण गरेर बिगार्नुलाई पनि आदर्श धर्माकरण मानिन्छ । जाँड रक्सी खाएर हिंड्न नसक्ने अवस्थामा "गरौं परोपकार" भनेर प्रलाप जस्तो गीत गाउनलाई पनि धर्म भनिन्छ । त्यसकारण बुद्धको उपदेश, बुद्धको अनुशासन, बुद्धको आदर्श बोध गर्ने प्राचीन कालदेखिको परम्पराको विशिष्ट शब्द "बुध्द शासन" हामीलाई मन पर्छ । यस प्रत्युत्तरबाट विशेष गरी पहिलेदेखिको परम्पराको भन्ने लवजबाट प्रश्नकर्ता निरूतर भयो र फर्केर गयो ।

Downloaded from http://www.dhamma.digital

अतः नेपालमा धार्मिक सहिष्णुता र धार्मिक स्वतन्त्रताको आयामबाट विचार गरेर भन्न सकिन्छ, अबौद्ध तत्व र पक्ष कति हद सम्म राज्य शासन शैली र शासन सत्ता बौद्ध पक्षतिर जाला भनेर सशंकित एवं भयभीत छ ।

## धार्मिक सहिष्णुताको श्रेय बौद्धहरूलाई

नेपालमा धार्मिक सहिष्णुताको धेरै बखान गरिन्छ । करुणा र सहनशीलताको चारित्रिक विशेषताबाट बौद्धहरूले यसको धेरै संरक्षण र सम्वर्द्धन पनि गरेका छन् । राज्यको शासन सत्ताबाट सकारात्मक उद्धारता देखाएतापनि नकारात्मक मुख लिएर बलात् आदर्श र चरित्रमा परिवर्तन हुन दमन गरेता पनि बौद्धहरू बुद्ध शासन पालन गर्न, धार्मिक कलाकृति स्मारक निर्माण गर्न, धर्मग्रन्थ रचना गर्न, धर्मदूतको काम गर्न र धार्मिक संगठन सुदृढ पार्न सधैं अग्रसर नै भइ रहे ।

## अभिलेखमा बौद्ध निन्दा

नेपालको इतिहासमा स्पष्ट रूपमा बौद्ध निन्दा गर्ने कार्य (वि. सं.) छैठौं शताब्दीको अन्ततिर भएको छ । हांडिगाउँ सत्यनारायण स्थानको स्तम्भ अभिलेखमा सुगतका अनुयायी बौद्धहरूलाई नास्तिक, कुतार्किक, कुमति र मूर्ख भनेर निन्दा गरेको छ ।

अभिलेखमा नै बौद्धहरूलाई निन्दा गर्नु एक साधारण कुरा होइन । बुद्ध–धर्मको अनुयायी बाहुल्य भएको देशको कला वास्तुकलाको विकासमा आफूलाई समर्पित गर्ने बौद्ध साधकहरू भएको युगमा बुद्धको उपदेश अध्ययन अध्यापन प्रशस्त भइरहेको त्यस लिच्छवि युगमा यसरी अभिलेखमा बौद्ध निन्दा गर्नु कम साहसको कुरा होइन ।

Downloaded from http://www.dhamma.digital

यो बौद्ध निन्दा एक साधारण व्यक्तिबाट भएको पनि होइन। यस बौद्ध निन्दाको अभिलेख अनुपरमले कुंडाएको हो। गणदेव, गंगादेव, शिवदेव जस्ता लिच्छवि राजाहरूको शासन कालमा ३३ वर्षसम्म सत्तामा शक्तिशाली भइ परम देवसम्म भएको महाप्रतिहार सर्व्व दण्डनायक भौमगुप्तको बुबा हो अनुपरम। यो लिच्छवि युगको जंग बहादुर हो।

## आफ्ना स्वार्थका लागि राजा धपाउने तत्वहरू

यी गुप्त आभीरहरूको सत्ता कालमा बौद्धहरूप्रति धार्मिक सद्भाव नरहेको मात्र होइन, स्वयं राजा उदयदेव तिब्बतको शरणमा जानु पऱ्यो। शिवदेवको शासन कालमा नै अंशुवर्माको उदय भयो। लिच्छवि राजा शिवदेवको अनुमति लिएर सनद पत्र जारि गरूंजेल सम्म अंशुवर्मामा धार्मिक समभाव र सद्भाव देखा पर्दछ। तर कैलाशकुट भवनबाट आफै सनद आज्ञा जारि गर्नासाथ अंशुवर्मालाई "भगवत्पशुपति भट्टारक पादानुगृहित" बनाए।

## जातिवादको सुदृढिकरण

नयाँ व्यक्ति राजनैतिक सत्तामा आउने बित्तिकै मौका छोप्न सतत: प्रयत्न गर्नेहरू अगाडी आउँथे। मानदेव, अंशुवर्मा, स्थिति मल्ल, पृथ्वी नारायण शाह र श्री ५ महेन्द्रको उदय कालमा यसरी अगाडी बढ्नेहरू मध्येबाट बौद्धहरूलाई नोक्सान गर्नुमा केही सक्रिय भएका थिए।

अंशुवर्मा जस्ता धार्मिक समभावका आवश्यकता महशुस गर्नेबाट पनि नेपालमा स्वेछानुसार धर्म गर्ने र पेशामा लाग्ने प्रवृत्तिमा "धर्मसङ्कट" को बन्धन शुरू हुन गयो। बुद्धको कर्म अनुसार

Downloaded from http://www.dhamma.digital

जातको व्यवस्था विश्वास विपरित जात अनुसारको कर्म (पेशा) गर्ने जातिवाद सुदृढ भयो र ब्राह्मणको जन्म जति श्रेष्ठता योगदान भए।

## बौद्धहरूको सक्रिय युगलाई अंधकार युग भन्ने चलन

नेपालको मध्यकालीन इतिहासको पूर्वार्द्धलाई अंधकार युग भनिन्छ। तर वास्तवमा यो युग लिच्छवि युगको प्रारम्भ अवस्थामा जस्तै बौद्धहरूको सक्रिय युग हो। धर्मदूतहरूको आवागमन, बुद्ध-धर्मको माध्यमबाट भारत र चीनसंगको आर्थिक एवं सांस्कृतिक सम्बन्ध सुदृढीकरण, धर्म-ग्रन्थहरूको र कलात्मक वस्तुहरूको निर्माण यस युगको प्रमुख देनहरू हुन्। अतः यस युगलाई अंधकार युग भनेर उपेक्षित गर्नु स्वस्वार्थमा पूरक नबन्ने देखेर पछि हट्नु हो।

## बौद्ध आदर्श र नेपाल सम्वत्

नेपाल सम्वत्को प्रारम्भ हुनु बौद्ध आदर्शको पुनः उल्लेखनीय रूपमा अनुशरण हुनु हो। तिब्बतमा ३ बारसम्म देशवासीहरूको ऋण राजकीय कोषबाट तिरेर देशलाई ऋणमुक्त तिब्बती जनताको देश बनाइएको थियो। यही आदर्श प्रभाव नेपालमा पनि देखा पर्‍यो।

## पुनः बौद्ध प्रशस्ति लिने राजाहरू

नेपाल सम्वत्को प्रारम्भ (२ ने. सं.) मा रामपाल देव परम सौगत महाराजाधिराज रूपमा अगाडी आएको छ। त्यस पछिका ने. सं. १३१ का भोजदेव महायायिन राजा परमोपासक रूपमा ने. सं. १७४ का बलदेव प्रवर महायायिन परमोपासक रूपमा ने. सं. २२० को रामदेव सामन्तादिर्पात परमोपासक रूपमा र ने. सं. २४० को सिंहदेव प्रवर महायानुयायी परम-सौगत उदय भएको देखिन्छ। यस बेलाको आदर्श कामना नै अनुत्तर सम्यक सम्बोधि ज्ञान प्राप्त

Downloaded from http://www.dhamma.digital

गर्न सकोस् भन्ने कामना थियो । यो कामना महायानको प्रारम्भिक अवस्थाको आदर्श कामना हो । त्यस्तै ने. सं. २६५ को नरेन्द्रदेव महायानयायी परमोपासक भए ने. सं. ३४५ को अभय मल्ल देव पालामा काविल नगरका आनन्द भिक्षु अष्ट सहश्रिका प्रज्ञापारमिता स्वर्णाक्षरमा लिपिबद्ध गर्नुमा व्यस्त भएको देखिन्छ । शाक्यसिंह परिनिर्वति गत (बुद्ध सम्बत्) १८०० सम्म यहाँ धर्मधातु विहारमा श्रामणेर जीतोरी देखा परेको छ ।

## पश्चिम कर्णाली प्रदेशमा राजाहरू

नेपाल सम्बत्को चौथो शताब्दी पश्चिम कर्णाली प्रदेश बुद्ध-धर्मको आफ्नै प्रभाव भएको क्षेत्र हो । ने. सं. ३४४ का राजा क्राचल्ल परम सौगत दानशील परायण राजा थियो । यसरी क्राचल्लले आफूलाई बुद्धको ठूलो उपासक भने अनि आफ्नो आदर्श नै दानशील भएको कुरा अभिलेखमा कुंडन लगायो ।

क्राचल्ल पछि अशोक चल्ल राजा भए । उनी सहनशीलता फैलाउने, अभिनव बोधि सच्चाबहार प्रवर महाजान यायिन परमो-पासक थिए । आफूलाई गौरवपूर्वक "हे वज्र चरणाविन्दमकरन्द मधुकर" अर्थात् "हे वज्रको चरणको कमल फूलमा रमिने भमरा" भनी लेखाए । त्यस्तै जितारी मल्ल बुगमलोकेश्वरको दर्शन गरेको छ भन्ने रिपुमल्ल लुम्बिनी र कपिलवस्तुको धर्मयात्रा गरे । पुण्य मल्ल आफूलाई "श्रीधनाराधनाधिगत प्राप्य राज्य रक्षारक्ष" अर्थात् "बुद्धको आराधनाबाट पाएको ठूलो राज्य रक्षा गर्न समर्थ भएका बुद्धको ठूलो उपासक" भन्नुमा गौरव मान्दथ्यो । यसरी एक शताब्दी भन्दा बढी समयसम्म पश्चिम कर्णाली प्रदेशका राजाहरूमा बौद्ध प्रशस्ति भएको देखिन्छ । यसबेला कर्णाली प्रदेशमा पश्चिमी मल्ल राजाहरू मात्रै होइनन् उनका गुरु पुरोहित, मंत्री, भारदारहरू पनि प्रायः बौद्ध धर्मावलम्बी थिए ।

Downloaded from http://www.dhamma.digital

## बौद्ध राजा भन्नुमा कंजुसी भाव

राजाको नाउँको अगाडि प्रयोग हुने प्रशस्ति (विशेषण) को आधारमा हचुवा किसिमबाट वैष्णवी राजा, शैवी राजा भन्ने इतिहासकारहरूमा चलन छ। यति मात्र होइन मूर्ति बनाएको आधारमा पनि राजाहरूलाई धर्मावलम्बी भन्ने चलन छ। तर आश्चर्यको कुरा के हो भने त्यस प्रकारको प्रवृत्ति भएका इतिहासकारहरू मध्ये कमै इतिहासकारहरूले त्यहि आफ्नै आधारमा यो यो राजा बौद्ध राजा हुन् भनेका छन्। यो राजा वैष्णवी हो, तर बुद्ध धर्ममा उदारतापूर्वक सहायता गर्थ्यो भने जस्तै यो बौद्ध राजा हो तर उनले वैष्णवी र शैव धर्ममा पनि उदारतापूर्वक सहायता गर्थ्यो भन्ने कुरा लेख्ने गरेको देखिदैन।

## राजाहरूमा धर्मको भाका

हिन्दू अधिराज्यको प्रभावमा सकभर धेरै राजाहरूलाई धार्मिक मार्का लगाउन खोज्नु सम्यक् अन्वेषण र यथार्थतामा कुठाराघात गर्नु हो। लिच्छवि कालका प्राय: राजाहरू सबै धर्ममा श्रद्धा राख्दथे। जहाँ बौद्ध विहारहरू बनाउन्थे त्यहीं विष्णु मूर्ति बनाउँथे, मात्र प्रशस्तिको आधारमा राजाहरूलाई धर्मावलम्बीको मार्का लगाउनु आफ्नो देशमा बनेको वस्तुमा विदेशमा बनेको लेबल लगाउनु भन्दा हचुवा खालको बुद्धि व्यापार हो, बौद्धिक कसरत हो।

## ऐतिहासिक व्याख्यामा बौद्ध आयामिक दृष्टिको अभाव

अभिलेखको व्याख्याका लागि आधार लिन्दा अभिलेखालयमा बहुसंख्यक रूपमा रहेका ग्रन्थहरूका आधारमा गर्नु आवश्यक छ। अर्थशास्त्र अभिलेखालयमा अप्राप्य प्रकारका पुराण ग्रन्थ र काव्यको आयामिक दृष्टिबाट मात्र हेर्नु भन्दा प्रचूर मात्रामा उपलब्ध बौद्ध

Downloaded from http://www.dhamma.digital

गृन्थहरूको आयामिक व्याख्या पनि हुनु आवश्यक छ । नाप फुट १२ इञ्चको नभएर ११ इञ्चको भएको खण्डमा त्यस्ता फूटबाट गरिएको नाप कसरी ठीक हुन्छ ?

## राज्य त्याग गरिकन भिक्षु जीवन बिताउने राजाहरू

कुनै पनि राजालाई धर्मावलम्बीको परिधिमा सीमित गर्नु सजिलो छैन । अंशुवर्मालाई राज्यभार दिएर भिक्षु जीवन बिताउने शिवदेव, आफ्ना छोरा नरसिंहदेवलाई राज्य दिएर वंकुलि शिवदेव संस्कारित रुद्रवर्ण महाविहारमा भिक्षु भई जीवन बिताउने रूद्रदेव, त्यस्तै पश्चिम कर्णाली प्रदेशका आफ्नो जीवनको अन्तिम चरणमा भिक्षु भई जीवन बिताउने पृथ्वी मल्ल जस्ता राजाहरूलाईसम्म बौद्ध राजा भन्नु उपयुक्त होला । एकातिर धार्मिक सहिष्णुताको दुहाइ दिने, अर्कोतिर माथि उल्लेख गरे जस्तै जसो भए पनि राजाहरूमा धर्मको आफ्नो मार्का सजिलै लगाइ दिने स्वयं परस्पर बिरूद्धको कार्य हो ।

## स्थिति मल्लको उदय र विनयानुकूल भिक्षु परम्पराको अन्त

मध्यकालिन नेपालको इतिहासमा स्थिति मल्लको उदय काल-देखि बौद्ध प्रभावमा प्रतिक्रिया उभरेको देखिन्छ । उनलाई श्री राजल्ल देवीसंग विवाह हुँदा बौद्धावतार कलियुगमा स्वयम्भूबाट वर प्रसाद पाएका अष्टलोकपालको अवतार भनेता पनि स्थिति राज मल्ल देव रामको पनि अवतार भए । उनको राज्यको नीति र प्रशासन शैली बुद्ध धर्म र बौद्ध संस्कृतिका लागि हितकर भएन । यसै बेलादेखि नेपालको बहाल–बहालमा परम्परागत रूपमा चल्दै आएको विनयानुसारको भिक्षु बन्ने प्रक्रियामा ठूलो परिवर्तन आयो । मीठो भाषामा भनिन्छ, वज्रयानले ल्याएको प्रतिक्रान्तिले अब वज्राचार्य शाक्यहरू विहारमै गृहस्थको रूपमा रहन लागे स्थिति मल्ल आदि

Downloaded from http://www.dhamma.digital

शासकहरूले त्यसलाई कानूनी मान्यता दिए। तर वास्तवमा त्यसबेला कानूनी मान्यता दिन भन्नु थिएन। मैले ४० वर्ष जति अगाडी बुटवलमा बोधिरत्न बज्राचार्यको घरमा एउटा वंशावली पढेको यहाँनिर याद हुन्छ।

## स्थिति मल्लद्वारा बौद्ध भिक्षुहरूलाई विवाह गर्न वाध्य

वंशावली अनुसार बहाल–बहालमा बसेका सबै भिक्षु, श्रामणेरहरूलाई राजा जयस्थिति मल्लले राजाज्ञाबाट जबरजस्ती विवाह गर्न लगायो। वास्तवमा यो धर्म परम्परा प्रति प्रशासकीय जघन्य अपराधपूर्ण हस्तक्षेप थियो। बुद्ध धर्मको एक विशेषता संघ हो। धर्मको प्रवर्तक र धर्मलाई मान्ने कुरा सबै धर्ममा छ। तर धर्मको प्रवर्तक र उनको धर्मको साथै धर्मलाई अगाडी बढाइरहने संघलाई पनि संग संगै समावर गर्ने अर्थात् बुद्ध र धर्म संगै संघलाई पनि साथै लिएर त्रिरत्नको समावर शरणागत हुने बुद्ध धर्मको आफ्नै प्रकारको विशेषता हो। भिक्षु संघ बिना बुद्ध र धर्म विशुद्ध रूपमा प्रवाहित हुन सक्दैन। बौद्ध भिक्षु संघलाई विखण्डित नगरिकन बुध्द-धर्मको प्रवाह नै अवरूध्द गर्न सकिदैन भन्ने कुरा जानेर नै राजलल देविको पतिको रूपमा नवोदित हुन स्थितिमल्लबाट यो राजाज्ञा लागु भएको वा गराएको हो।

## चूडाकर्म प्रथाको नविन पद्धति

मैले पढेको छु, राजा स्थिति मल्लको मृत्यु पछि धनदो चैत्यको विहारमा बौद्धहरूको एउटा भेला भयो। भेलामा त्यस विहारका वृद्ध नायकले भन्नु भयो, म अहिले पनि भिक्षु छु। मैले चार वटा पालन नगरी नहुने नियमलाई अहिलेसम्म भङ्ग गरेको छैन। मैले बुढेसकालमा विवाह गरेर भार्यालाई संतोष दिन सक्दैन भनेर

महाथसंग विवाह गर्नु नपर्ने वचन लिएको छु । म अहिले वणिक काम गरेर जिविका गर्दैछु, तर पनि म भिक्षु नै छु । स्थिति मल्लको देहान्त भइसकेको छ । अब हाम्रो भिक्षु परम्परा पुनः कायम नै गर्नु पर्छ । अनि धेरै विचार गरिसकेपछि नयाँ प्रकारबाट भिक्षु चर्या फेरि शुरू गर्ने निर्णय भयो ।

मलाई लाग्छ, त्यस बेला भिक्षु बनाउनका लागि भिक्षु संघको गण पुरक संख्या बारेमा पनि विचार गरियो होला । किनभने जति-सुकै धर्म ज्ञाता, जतिसुकै वृद्ध, जतिसुकै शीलवान, मोक्ष प्राप्त भिक्षु भएता पनि उसले आफैले कसैलाई भिक्षु बनाउन (उपसम्पन्न गर्न) सकिदैन । प्रत्यन्त प्रवेशमा भए कम से कम दश जना भिक्षु संघको समुपस्थितिमा मात्र उपसम्पदा पेक्षीलाई उपसम्पन्न (भिक्षु) बनाउन सकिन्छ । श्रीलंका, थाइलैण्ड र बर्मामा पनि यस्तै भिक्षुहरूको परम्परा टुट्दा अरू ठाउँ वा प्रदेशबाट भिक्षुहरू संघ निमन्त्रणा गर्दै पुनः भिक्षु परम्परा शुरू गरिएको थियो । यो उपाय गर्न त्यसबेला नेपाली बौद्धहरूका लागि शायद सम्भव भएन । यसको कारण एका-तिर शायद भारतमा बौद्ध संघ बाँकी थिएन, अर्कोतिर तिब्बत यस्ता कार्यमा सहयोग गर्न सक्ने प्रकारको राम्रो सम्बन्धमा थिएन । यसैकारण गृहस्थ वस्त्र लाइसकेता पनि विनयको दृष्टिबाट भिक्षु नै ठहरिने धनदो विहारका वृद्ध भिक्षुबाट श्रामणेर दीक्षा दिए । अनि पछि गृहस्थीमा लागि सकेको भएता पनि नायकत्व (आजु भाव) भएका थपा आजु सहित दश थपा आजु (स्थविर) हरूबाट चूडाकर्म गर्ने नयाँ प्रथा प्रारम्भ भयो होला । यसबाट बुद्ध-धर्मको परम्परा आजसम्म कायम हुँदै रह्यो, बहाल बहिलको सञ्चालन संरक्षण हुँदै रह्यो । बौद्ध दर्शनको आधारमा कर्म काण्डको नयाँ रूप बौद्ध जन जीवनमा प्रवाहित हुँदै रहयो । बंगलादेशमा बाहेक भारतमा जस्तो बुद्ध धर्मको बौद्ध परम्पराको अन्त भए जस्तै नेपालमा बौद्ध

Downloaded from http://www.dhamma.digital

परम्परा अन्त हुन पाएन । तापनि गृहत्यागी अवस्थाको बौद्ध भिक्षुहरू बहाल–बहालमा नरहँदा धर्म र दर्शन क्षेत्रमा पहिलेको तुलनामा उल्लेखनीय व्यक्तित्वको प्रादुर्भाव कम मात्रामा हुन सक्यो ।

## मल्लकालको अन्ततिर

उपत्यकाको राज्य विभाजन पछिका विभिन्न राजाहरूमा र प्रशासकहरूमा बौद्ध संस्कार विविध रूपमा पलाएको देखिन्छ । स्वयम्भू, अजिमा, कुमारी, करूणामयमा राजाहरू श्रद्धालु थिए । राजकीय कोषको दान दक्षिणामा प्रायः ब्राह्मणहरूको एकाधिपत्य भएका राजाहरू स्वर्णाक्षर धर्मग्रन्थ दर्शन गर्न वा विहारको तोरण उद्घाटनमा उपस्थित हुन्थे ।

## श्री ५ पृथ्वीबाट दण्ड र १२ वर्षे सम्यकको प्रचलन

श्री ५ पृथ्वी नारायण शाहले राजनैतिक परिवर्तन पछि राजाको समुपस्थितिमा गर्नु पर्ने व्यवधानबाट सम्यक रोकिरहेकोमा सम्यक गर्ने तीनै पक्षलाई रू. १६० पान सुपारि (दण्ड) गरियो । साथै ठाउँ ठाउँमा पटक पटक गरिने सम्यकलाई १२ वर्षमा एक बार भुइखेलमा गर्ने स्थितिको बहालि गरियो ।

## अहिंसा परको धर्म र हिंसा परको धर्म

देशमा जंग वहादुरबाट राणा सत्ता कायम भए पछि बौद्धहरूलाई दमन गर्ने चाहने पक्षबाट अर्के चाल चलन थाले । वास्तवमा राजनैतिक सत्ताको सुदृढिकरण चाहनेहरूलाई धर्मसंग वैरभाव चाहिएको हुँदैन । तापनि सत्ता पक्षलाई अनेक अर्थको भुमरि पारेर बौद्धहरूलाई दमन गर्न चाहने तत्वहरू राणा युगमा पनि सतत सक्रिय भएको देखिन्छ । श्री ३ चन्द्र शम्शेरबाट लुम्बिनी स्थित सिद्धार्थ जन्म

Downloaded from http://www.dhamma.digital

सम्बन्धी मायादेवीको मूर्तिमा बलि दिने प्रथा धर्मादित्य धर्माचार्य सहित बौद्धहरूको प्रागृहमा बन्द गरिदियो । अनि स्वामी सच्चिदानन्दले पनि हिंसा बलि वेद विरूद्ध धर्म विरूद्ध भनेर प्रचार गरेको थियो । यता हिंसा परको धर्म सिद्ध गर्न राजगुरु हेमराज शर्मा प्रमुख दरबारिया पण्डितहरू शास्त्रीय प्रमाण जुटाउन व्यस्त भए । राहुल सांकृत्यायनज्यूले वेद वाह्यका कुरा (वाक्य) हरू उचित नै भएता पनि "कुकुरको छालाको थैलिमा राखिएको दूध जस्तै त्याज्य" छ भन्ने कुमारिलको श्लोक वार्तिक देखाउँदा ती पण्डितहरू साहै खुशी भए अनि राहुललाई पनि यस अभियानमा सरिक हुन निम्त्याएको थियो ।

## मुस्लीम आक्रमण सकार्न नचाहने र भिक्षुहरूको प्रथम देश निकाला

पशुपतिलाई तीन टुक्रा पारेको, स्वयम्भू आदिय चैत्य भत्काइएको आदि प्रमाण देखाएता पनि "नेपालमा कुनै मुसलमान विजेताले पाइला हालेको कुरा" नकार्ने यी पण्डितहरू आफ्नै दान मानको स्वार्थमा बाधा हुने कुनै धर्म प्रचार गर्न दिन चाहँदैनथे । वि. सं. १९८२ मा भिक्षु महाप्रज्ञा, महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्ति देशबाट निष्काशित हुनुपर्‍यो । वि. सं. १९८९ मा श्री ३ भीम शम्शेरबाट पनि ब्राह्मणहरूलाई नढोग्ने, जाँड रक्सी नखाने, जस्ता "आडम्बरी मत" चलायो भन्ने आरोप लगाएर साहु वज्ररत्न (भिक्षु धर्मालोक) सहित सुधारवादी जागृत ११ जना बौद्धहरूलाई उपत्यकाबाट निकाला गरे वा नजरबन्द गरे ।

## दान र मानमा आधिपत्य जमाउने तत्त्वबाटै बौद्ध विरोधी चुगलि

जति दमन गर्छ त्यति नै मानिसहरूको जागरण सचेत र सजग हुन्छ । नेपालमा स्थविरवाद बुद्ध धर्मको प्रचार क्रमशः बढ्दै गयो । साथै दान र मानमा एकाधिपत्य जमाउने पुरोहित्याई तत्त्वहरूबाट

Downloaded from http://www.dhamma.digital

श्री ३ जुद्ध शमशेर कहाँ अनेक कुरा लगाउन थाले। जुद्ध शमशेर के सामु एकबाट बयान लिएको प्रसंगबाट स्पष्ट हुन्छ, वास्तवमा राणा शासकहरूलाई पनि धर्मसंग वैर लिनु मन पर्देनथ्यो, यो त धर्माधिकारी बन्न चाहने वर्गहरूको मान र दानको स्वार्थ मात्र हो। जुद्ध शमशेरले भिक्षु धर्मालोकसंग सोधनी भयो "ए भिक्षुहरू! तिमीहरू पनि आडम्बरी मत चलाउँछौं होइन ?"

भिक्षु धर्मालोकको जवाफ थियो, हामी बुद्धको मत प्रचार गर्छौं।

बुद्धको मत भनेको क्या हो ?

कसैलाई नमार्नु, कसैको केही वस्तु नचोर्नु, व्यभिचार नगर्नु, झूठो कुरा नगर्नु, अमल नशालु पदार्थ सेवन नगर्नु नै बुद्धको मत हो।

के तिमीहरू यही कुरा मात्र प्रचार गर्छौं ?

भिक्षु धर्मालोकले यही कुरा मात्र प्रचार गरेको कुरा दृढताका साथ जाहेर गरे। त्यसपछि जुद्ध शमशेरबाट हुकुम भयो, यस्ता प्रचारबाट मेरा राज्यमा के बाधा पर्छ र ?

जुद्ध शम्शेरबाट यति के भनेको थियो पोल्याहाहरूले अरू अरू कुरा जाहेर गर्न थाले। अनि जुद्ध शम्शेरले झोंक चले गरी बीचमा भन्न थाले, यस्ता कुरा गर्ने जोगीहरूबाट भिक्षुहरूबाट मेरो राज्यमा के हुन्छ र ? बढ्ता न करा जा, तं पनि भिक्षु हुने भए पनि जा। मलाई मेरो राज्यलाई केही हुने छैन।

## स्थविरवादी भिक्षुहरूलाई देश निकाला

परन्तु त्यस्तो दृष्टि राख्ने श्री ३ जुद्ध शम्शेरबाट पछि वि. सं. २००० सालमा स्थविरवादी ४ भिक्षु ४ श्रामणेरहरूलाई देश निष्काशित भए।

Downloaded from http://www.dhamma.digital

बुद्धको जन्मभूमि नेपालमा बौद्ध भिक्षुहरूलाई बुद्ध-धर्मको प्रचार नगरिकन कोठामा पूजा आजा मात्र गरी बस्न भनिएको थियो। भिक्षुहरूद्वारा यो कुरा स्वीकार गरिएन। यही उनीहरूको अपराध थियो, यता नेपाली बौद्ध समाजका बज्राचार्य, शाक्य र तुलाधरलाई जात भातको मुद्दामा अल्झाई परस्परमा वैमनष्य फैलाइकन विभाजन गर्नमा स्वार्थी धर्माधिकारीहरू सफल भइरहेका थिए। पुस्तौं पुस्तासम्म हारजीतको दौरानमा कहिले कसैलाई उठाइ कहिले कसैलाई पछाडीकन मुद्दामाथि मुद्दा थप्दै ज्यानमुद्दा सहित ५२ वटा अजित मुद्दामा उनीहरूलाई बेसरी बांधिसकेको थियो।

## कानूनको दृष्टिमा धार्मिक असमानता

राणा युगमा कानूनको दृष्टिबाट शुरू भएको धार्मिक असमानताले हिन्दू संरक्षण मात्र गरेन चन्द्र शम्शेरको पालासम्म पुग्दा बौद्धहरू मासिएर गएता पनि कानून नलाग्ने जस्तो व्यवस्था भयो। बौद्धहरू हिन्दू हुन गए केही न केही, परन्तु हिन्दूहरू बुद्ध-धर्ममा गए सजाय हुने र दीक्षा दिनेले जेल सजाय पाउने ऐन बन्यो। ब्राह्मणीलाई अरु वर्णकाले विवाह गरे कानून लाग्ने, तर अरु वर्णका केटीहरूलाई ब्राह्मणहरूले लगे बात नलाग्ने कानून थियो। जन्म जात श्रेष्ठता अनुसार अपराधमा कम-बढी सजाय हुने जातीय कानून बन्यो। अरु वर्णका भए ज्यान सजाय हुने अपराधमा पनि ब्राह्मण वर्णका लागि मोडिएर देश निकाला गर्ने व्यवस्था भयो। बौद्ध जातिका व्यापारीहरू तिब्बतबाट फर्कदा ब्राह्मण राजपुरोहितबाट पतिया लिनु पर्थ्यो। पतियाको अर्थ हो, राजगुरु पुरोहितलाई केही रकम दिएर ढोगेर एउटा कागज पुर्जा लिने। त्यस्तै छुवाछुतको पाप मोचनार्थ भनि घरैं पिछे चन्द्रामणि रूपमा उपत्यकाका मानिसहरूसंग प्रतिवर्ष शोषण गर्ने धर्म कर उठाउँथ्यो। त्यसबेला नून किन्नलाई

Downloaded from http://www.dhamma.digital

भनेर पोको पारेर राखेको पैसा भएता पनि चन्द्रामणि उठाउन आउँदा पैसा दिनै पर्थ्यो ।

## प्रजातन्त्र पछि बुद्ध–धर्मको प्रचार

२००७ सालमा देशमा प्रजातन्त्रको आगमन भयो । मानव अधिकार, समानता, स्वतन्त्रता र भ्रातृत्व भावका कुराहरू चर्चित हुन थाले । जन्मतः उच्च नीचको व्यवस्थामा प्रश्न चिन्ह लगाउने प्रकृया शुरू भयो । श्री ५ त्रिभुवनमा बुद्ध–धर्मप्रति अभिरूची र श्रद्धा देखा पर्‍यो । भिक्षु अमृतानन्द महास्थविरसंग श्री ५ त्रिभुवनको सन्निकता भयो । एक दिन आनन्द कुटी विहारमा निजी सवारी हुँदा श्री ५ त्रिभुवनबाट हुकुम भयो, "जिमित स्वयम्भू बने मत्यः धका धया तल । अथे नं जि थन वया । मनय् छुं पाप तया वयागु मखु । उकिं जित छुं ला जुइ मखु ।" अर्थात् हामीलाई स्वयम्भू जान हुन्दैन भनी राखेको छ । त्यसो भए तापनि हामी यहाँ आयौं । मनमा कुनै नराम्रो राखेर, पाप चिताएर आएको होइन । त्यसकारण हामीलाई केही त हुन्दैन होला ?

## बुद्ध जयन्ती: वैशाख–पूर्णिमाको दिन सार्वजनिक छुट्टी

प्रजातन्त्रको आगमन पछिको पहिलो बुद्ध जयन्तीको आफ्नै प्रकारको ऐतिहासिक महत्व छ । श्री ५ त्रिभुवनको श्री ५ युवराजाधिराज महेन्द्र सहित आनन्दकुटी विहारमा सवारी भयो । बुद्ध–पूजा पछि मौसूफहरूका सुस्वास्थ्य कामना गरी भिक्षु संघबाट परित्राण पाठ भए । श्री ५ त्रिभुवन र श्री ५ युवराजमा परित्राणको धागो बाँधियो । त्यसै दिन बिहान मौसूफकै सभापतित्वमा स्वयम्भू भुइखेलमा भएको सार्वजनिक बौद्ध सभामा "वैशाख पूर्णिमाको दिन सार्वजनिक छुट्टी पाउँ" भनी भिक्षु अमृतानन्द महास्थविरबाट प्रार्थना गर्दा सोही सभामा

Downloaded from http://www.dhamma.digital

श्री ५ त्रिभुवनबाट "वैशाख पूर्णिमाको दिन अधिराज्य भर सार्वजनिक छुट्टीको घोषणा गरीबक्स्यो । त्यसबेलादेखि पहिले बौद्धहरूलाई मात्र छुट्टी भएको वैशाख पूर्णिमाको छुट्टी सार्वजनिक छुट्टी भयो ।

## सारिपुत्र मौद्गल्यायनको अस्थिधातु आगमन

श्री ५ त्रिभुवनको सदाशयतापूर्ण समर्थन र सहयोगबाट भगवान् बुद्धका अग्रश्रावकहरू सारिपुत्र र मौद्गल्यायनको अस्थिधातु २००८ सालमा नेपालमा ल्याइयो । अस्थिधातुको सम्मानमा ३१ तोपको सलामी चढाइयो । पहिलो रात अस्थिधातु नारांहिटी राजदरबारमा स-सम्मान राखियो ।

बुद्ध धर्मको भलो नचिताउने तत्वहरूमा मर्माहत भयो होला । श्री ५ त्रिभुवनमा त केही जाहेर हुन सकेन । केशर शम्शेरमा मरेको मान्छेको हाड छुन्ने जाति कुरा नभएको बोध गरायो । तापनि केही वश लागेन । स्वयं केशर शम्शेरबाट सारिपुत्र महामौद्गल्यायनका पवित्र अस्थिधातुका साथ हात्तीमा बसेर नगर परिक्रमा भयो ।

"वंय् देशय् क्वंय् जात्रा" अर्थात् बहुला देशमा हाडको जात्रा भन्ने अपशब्दको प्रचारको विरूद्ध तीनै शहरमा भव्यताका साथ पवित्र अस्थिधातुहरूको दर्शन पूजा गरियो ।

## चौथो विश्व बौद्ध सम्मेलनको निमन्त्रणा

नेपालको इतिहासमा पहिलो सार्वजनिक सभा यटखामा सम्पन्न भएको बौद्ध अभिनन्दन समारोह थियो । त्यसपछि रंगूनमा सम्पन्न भएको तृतीय विश्व बौद्ध सम्मेलनमा चतुर्थ विश्व बौद्ध सम्मेलनका लागि श्री ५ त्रिभुवनबाट निमन्त्रणा सन्देश पठाइबक्सेको थियो, जुन निमन्त्रणा सहर्ष विश्व बौद्ध भ्रातृत्व संघबाट स्वीकार गरियो ।

Downloaded from http://www.dhamma.digital

## चौथो विश्व बौद्ध सम्मेलन

श्री ५ त्रिभुवनको स्वर्गारोहण हुनासाथ बुद्ध–धर्मको भलो चिताउन नसक्ने र आफ्ना परम्परागत धर्मको आधारमा मान, मर्यादा र प्रतिष्ठा अक्षुण्ण राख्न चाहने समुदाय पुनः सक्रिय भए । श्री ५ त्रिभुवनको समय भएका यावत् बौद्ध कृयाकलाप र दरबारसंगको सन्निकताको प्रतिकृया शुरू भयो । तापनि स्व. श्री ५ बाट निमन्त्रित भइसकेको चौथो विश्व बौद्ध सम्मेलनको आयोजनालाई रोक्न सकेन । चौथो विश्व बौद्ध सम्मेलन धर्मोदय सभाको तत्वावधानमा भव्य रूपमा सुसम्पन्न भयो । यो चौथो विश्व बौद्ध सम्मेलन नेपालको इतिहासमा पहिलो अन्तर्राष्ट्रिय सम्मेलन पनि हो ।

## लुम्बिनीमा श्री ५ महेन्द्रबाट अहिंसाको घोषणा

२५०० औं बुद्ध जयन्तीको सन्दर्भमा सम्पूर्ण बौद्ध तीर्थ स्थलमा पुनः निर्माणको कार्य भए जस्तै लुम्बिनीमा पनि केही निर्माण कार्य भयो । यसै प्रसंगमा २०१२ साल फागुन ७ गतेको प्रजातन्त्र दिवसमा श्री ५ महेन्द्रको लुम्बिनीमा सवारी भयो । त्यसबेला भिक्षु अमृतानन्द-बाट प्रार्थना भएअनुसार श्री ५ महेन्द्रबाट घोषणा गरिबक्सयो "वैशाख पूर्णिमा एक पवित्र दिन भएको र सो पवित्र दिनका दिन नेपाल राज्य-भर हिंसा कार्य रोक्ने मेरो इच्छानुसार यहाँ पुगेको घटनामा यो घोषणा गर्दछु– जो चाहिने प्रबन्ध मेरो सरकारबाट हुनेछ ।"

## २०१९ सालको पञ्चायती संविधान र सर्वप्रथम नेपाल हिन्दू अधिराज्य

प्रजातन्त्र प्राप्ति पछिको अन्तरिम संविधान र २०१५ सालको सम्बिधानपछि राजनैतिक प्रतिकृया स्वरूप आएको पञ्चायती संवि-

Downloaded from http://www.dhamma.digital

धानमा सर्वप्रथम नेपाललाई हिन्दू अधिराज्य बनायो। यो वास्तवमा श्री ५ त्रिभुवनको बुद्ध-धर्म प्रति अभिरूची र सहयोगात्मक भावना प्रतिको प्रतिक्रयावादीहरूको कानूनी विजय थियो। परन्तु यो नागरिकहरूलाई धर्मको आधारमा गरेको संवैधानिक बर्गीकरणबाट प्रथम श्रेणी र गौण श्रेणीको नागरिक भएबाट गैर हिन्दूधर्मावलम्बीमा असन्तोषको बीजारोपण मात्र गरियो।

## मुलुकी ऐनमा धर्मप्रति भेदभाव

आ—आफ्नो परम्परा अनुसारको धर्म गर्न पाउने तर कसैले कसैको धर्म परिवर्तन गराउन नपाउने २०१९ सालको पञ्चायती संबिधानको प्रावधानलाई मुलुकी ऐनले हुनसम्म पक्षपातपूर्ण धार्मिक व्यवधानको व्याख्या गरे। हिन्दू धर्मावलम्बीलाई ईसाई ईस्लाम आदि धर्ममा परिवर्तन हुन नपाउने र गर्न नपाउने व्यवस्था गरियो। ईसाई इस्लाम आदि धर्मावलम्बीहरूलाई हिन्दू हुन र हिन्दू गर्ने अवस्थामा के कस्तो दण्ड हुने भन्ने कुरामा कानून मौन रह्यो। यसरी कानूनबाट हिन्दूहरूको संरक्षण गरियो स्वयं हिन्दूहरूको स्वेच्छानुसार, स्वविवेक अनुसार धर्म परिवर्तन हुन सक्ने मानवाधिकार खोसियो। अर्को कुरा २०१९ सालको पञ्चायती संबिधान र त्यसको व्याख्या मुलुकी ऐनमा बौद्धहरूको कतै उल्लेखसम्म पनि भएन। हिन्दू बौद्ध एउटै भए तापनि, जस्तो कि मीठो मुखको भाषामा भन्ने गर्दछ, कतै अनुसूचीमा यसको उल्लेखसम्म पनि गरिएन। तसर्थ मुलुकी ऐनको वास्तविक अभिप्राय अर्कै थियो। हिन्दू धर्मावलम्बीहरूलाई बुद्ध धर्ममा पनि परिवर्तन हुन र गर्न नपाउने भन्न अप्ठ्यारो भएर ईसाई र इस्लाम आदि धर्ममा भन्ने वाक्यांशको "आदि" शब्द भित्र बुद्ध-धर्मलाई अन्तरभूत गरेको देखिन्छ। यसरी मुलुकी ऐनको धर्म सम्बन्धी महल वास्तवमा "बुद्धमार्गीहरू शिवमार्गी भन्न गए केही न केही, तर शिवमार्गीहरू बुद्धमार्गी

Downloaded from http://www.dhamma.digital

भए सजाय पाउने र दीक्षा दिने गुरुलाई जेल पठाउने" पुरानो कानून कै नयाँ संस्करण हो ।

एकातिर शिव नै बुद्धत्व, बुद्धमा नै शिवत्वको प्रचार हुन्थ्यो, अर्कोतिर पक्षपातपूर्ण मुलुकी ऐन बन्यो- धर्मका लागि । पञ्चायती संविधान सुधारका लागि सुझाव मागेको बेला पनि मैले हिन्दू बौद्ध अधिराज्य जस्ता प्रावधान होस् अर्थात् बौद्धहरूलाई संविधानको प्रावधानमा उल्लेखै नगर्ने उपेक्षाभाव नहोस् भन्ने सुझाव पेश गरेको थिएँ । तर केही वास्तै गरेन ।

## हिन्दू अधिराज्यको प्रभावमा धार्मिक भेदभाव काखा र पाखा व्यवहार

हिन्दू अधिराज्यको प्रभावमा धेरै धार्मिक भेदभावका व्यवहारहरू भए । ती व्यवहारहरू राज्यस्तरबाट पनि भए, श्री ५ को सरकारको नियन्त्रणमा रहेका सञ्चार माध्यमहरूबाट पनि भए, अनि धर्मको अहंवादी संस्था र व्यक्तिहरूबाट पनि भए ।

## आमरण अनशन बस्दा पनि विहार जीर्णोद्धार गर्न सहयोग पाएन

संसद विघटनको लगतै पछि देशको अन्न उत्पादन कम हुँदा अमेरिकी गहुँ प्रशस्त सहयोग रुपमा आए । सहयोग रूपमा आएको गहुँ बिक्रीबाट उठेको रकम धार्मिक र ऐतिहासिक स्थानहरू जीर्णोद्धारमा खर्च गर्ने श्री ५ को सरकारले निर्णय गरियो । तर यस जीर्णोद्धारमा हिन्दू देव मन्दीरका लागि गरिए, बौद्ध र हिन्दूहरूका साझा गणेश र शक्ति पीठहरूकालागि भए, परन्तु बौद्ध चैत्यविहार देगलका लागि केही पनि गरिएन । भक्तपुरको मुनि विहार जीर्णोद्धारका

Downloaded from http://www.dhamma.digital

लागि श्री ५ महेन्द्रमा बिन्ति पत्र दिएको । थियो शाही आदेश पनि पाइएको थियो तर पनि अञ्चलाधीश कार्यालयमा बढी रकममा सही गरेर कम रकम लिन भिक्षु रत्न ज्योतिले अस्वीकारेकोले आखिर केही पनि पाएन । मुनि विहारका वृद्ध भिक्षु रत्न ज्योति आमरण अनशन बसे । जिल्ला अधिकारीको आश्वासनबाट अनशन छोडिए । तर त्यस पछि विहार जिर्णोद्धारका केही पनि सहयोग पाइएन । अमेरिकी गहुँको पैसा थुप्रै हिन्दू देव देवी मन्दीरहरू र स्मारकहरू जीर्णोद्धारमा बेहिसाब रकम खर्च भए, तर बौद्धहरूको कुनै विहार, चैत्य र देगल जीर्णोद्धारका लागि त्यस रकमबाट केही भएन । भिक्षु रत्न ज्योति फेरी आमरण अनशन बस्यो । दोश्रोबार पनि आश्वासन दिइयो । तर यस पालि पनि अमेरिकी गहुँ अनुदानको केही अंश मुनि विहारले पाएन ।

## रेडियो नेपालमा बुद्ध–वचन पनि शेन्सर

रेडियो नेपालमा बुद्ध–जयन्तीको सन्दर्भमा साप्ताहिक बुद्ध–वन्दनाको कार्यक्रम २५०० औं बुद्ध–जयन्तीदेखि शुरू भएको थियो । त्यसबेला रेडियो नेपालमा प्रतिदिनको धार्मिक कार्यक्रम भन्ने केही थिएन । जब रेडियो नेपालमा प्रतिदिनको धार्मिक कार्यक्रम बन्यो यसमा बुद्ध र बुद्ध–धर्मको बारेमा प्रतिदिन केही प्रसारित भएन । यस बारेमा जब जब प्रश्न उठाए अघिदेखिको बुद्ध जयन्ती तिरको साप्ताहिक बुद्ध–वन्दना अगाडी राखेर धार्मिक भेदभाव नभएको बेटुक उत्तर मात्र दिइयो ।

नेपालको प्रागैतिहासिक कालदेखिको बुद्ध–धर्म र बौद्ध संस्कृतिको देनको कदर गरेर प्रतिदिन बुद्धको भजन र बुद्धवाणी प्रसारण चाहिं गर्दै गरेन । श्री ५ महाराजाधिराजको समुपस्थितिमा बुद्ध–जयन्तीका दिन आनन्दकुटी विहारमा आयोजित बौद्ध सार्वजनिक

Downloaded from http://www.dhamma.digital

सभामा बुद्ध–जयन्ती समारोह समितिका सचिवबाट प्रतिदिन बुद्धको भजन र बुद्धवाणी रेडियो नेपालबाट प्रसारणार्थ आग्रह गरियो । तापनि केही चर्चा परिचर्चा मात्र उठाई रेडियो नेपालबाट प्रतिदिन बुद्धको भक्ति आराधना वा सम्मान चाहीं हुँदै भएन । प्रतिदिनको ४०/४५ मिनेटको धार्मिक कार्यक्रममा बुद्ध–भजन र बुद्धवाणीलाई केही मिनेट समय रेडियो नेपालबाट दिँदै दिएन । बुद्धलाई दश अवतारमा एक अवतार मान्ने पक्षधर हिन्दूहरूबाट ४० मिनेटको धार्मिक कार्यक्रममा ४ मिनेट बुद्धको भजन प्रसार गरोस् भन्ने चार अक्षरको आवाज आजसम्म यस बारेमा उठाएन । यो भन्दा ठूलो व्यंग धार्मिक सद्भावना र धार्मिक समानतामा अरू के हुन सक्दछ ?

बुद्ध–जयन्तीको साप्ताहिक बुद्ध–वन्दना कार्यक्रम प्रसारणमा पनि कम कठिनाइ भोग्नु नपर्ने होइन भन्ने कुरा कार्यक्रमका संचालकहरूमा ज्ञात छ । नेपाली भाषाका साथै नेपाल भाषामा प्रसारित गर्न पाउने व्यवस्थामा विस्तारै अंकुश लाग्न थाल्यो । केही वर्ष पछि भजन बाहेक अरू कुरा अन्य भाषामा प्रसारित गर्न दिइएन । फेरि पछि नेपाल भाषामा बुद्ध–भजन पनि प्रसारण गर्नमा रोक लगाइयो । रेडियो नेपालको नियन्त्रण नीति यत्तिकैमा पनि इत्यलम् भएन । उच्चारण अशुद्धिको कारणबाट थुप्रै व्यक्तिहरूले बुद्ध–धर्मको प्रसारण गर्न पाएन । तदन्तर विशेषतः सामाजिक समन्वय समिति अन्तरगत हिन्दू धर्म समन्वय समिति बने पछि बौद्ध वार्तामा त्यस्ता कुनै कुरा प्रसारण गर्न दिएन, जुन कुरा हिन्दू (त्यो पनि संकीर्ण बुद्धिवादी र विश्वासीको दृष्टिको) धर्मसंग मिल्दैन । अनिश्वरवाद र अनात्मवादका बुद्ध–वचन प्रसारण गर्न असम्भव नै हुन गयो । यहाँसम्म कि प्रति सप्ताह ८/१० मिनेटको बुद्ध–वचन बुद्ध–धर्म प्रसारण रूपमा प्रसारित हुने धम्मपदका गाथाहरूमा समेत अकठित सेन्सर लागु भयो । धम्मपदका ब्राह्मणवर्ग जस्ता कैयौं वर्ग र गाथाहरू कहिल्यै रेडियो नेपालबाट प्रसारित गरिएन ।

Downloaded from http://www.dhamma.digital

## गोरखापत्रादिमा भेदभाव

श्री ५ को सरकारको नियन्त्रणमा रहेका गोरखापत्र र दि राइजिंग नेपाल आदि प्रकाशनमा धार्मिक समभाव रहेन। बौद्ध पक्षका प्रायः समाचार भित्रको पेजमा छापिने, प्रकाशनार्थ पठाउने समाचार छोटयाउने कार्यका साथै हिन्दूधर्म सम्बन्धी रचना प्रकाशनको तुलनामा बुद्धधर्म सम्बन्धी रचनाको प्रकाशन कति न्यून रूपमा हुने गर्दछ भन्ने तथ्यांकबाट स्वतः स्पष्ट हुन्छ।

## प्रत्येक जनगणनामा कम हुँदै जाने बौद्ध जनसंख्या

प्रत्येक जनगणनामा नेपाली जनसंख्या बढ्दै गएको छ। तर प्रत्येक जनगणनामा बौद्ध धर्मावलम्बीहरूको जनसंख्या प्रतिशत भने घट्दै घट्दै गएको हुन्छ। सत्तरी प्रतिशत भन्दा बढी भएको बौद्ध जनसंख्या पहिलो जनगणनामा धेरै कम प्रतिशत गरेर देखायो। यसबेला बौद्धहरूबाट कुनै प्रतिक्रिया देखाएन। अनि प्रत्येक जनगणनामा बौद्ध जनसंख्या कम गर्दै लगेर ५ प्रतिशत सम्ममा ओरालियो। दश वर्ष जति अगाडि आनन्दकुटी विहारमा आयोजित बुद्ध जयन्तीको सार्वजनिक बौद्ध सभामा मैले यस बारेमा प्रश्न उठाएको थिएँ। केही दशाब्दी यता अनिकालमा परेर, महामारिको रोगमा परेर, भूकम्प आदि प्राकृतिक दुर्घटनामा परेर, कि वा दमन सहन नसकेर, देश छाडेर गएर, देश निकालामा परेर बौद्धहरूको जनसंख्या भुसुक्कै मरेको वा घटेको छैन, तर कसरी क्रमशः प्रत्येक जनगणनामा भने बौद्धहरूको संख्या प्रतिशतमा घट्दै गयो? वास्तवमा यो बौद्धहरूलाई अल्प प्रतिशत जनसंख्याको पासोमा बाँधेर विवश र असहाय गर्ने षडयन्त्रको यो सुनियोजित क्रमिक प्रयास हो। बौद्ध र हिन्दू दुबैद्वारा गणेश पुजिन्छ। परन्तु सम्बन्धित व्यक्तिसंग सोध्दै नसोधि धर्म सम्बन्धी महलमा हिन्दू भर्ने, हिन्दू र बौद्ध एउटै हो भनेर हिन्दू महलमा चिन्ह राख्ने, केही

Downloaded from http://www.dhamma.digital

तर्क नै गरेको खण्डमा गणेशलाई पुज्छौ कि पुज्दैनौ भनी सोधेर पुज्छौ भन्नासाथ हिन्दू बनाउने जस्ता जनगणनाबाट प्रत्येक जनगणनामा बौद्ध जनसंख्याको प्रतिशत घट्दै गए। जन्मजात बौद्ध तामाङ्ग, गुरूङ्ग, मगर, शेर्पा, थारुआदि जनजातिको संख्याको हिसाबबाट पनि बौद्धहरूको बहुमत जनसंख्या स्पष्ट छ। तर यति हुँदै पनि हिन्दू अधिराज्यको आधार र आश्रयमा हिन्दू प्रजाको जनसंख्या बहुमतमा देखाउन चाहने पक्षबाट बौद्धहरूलाई क्रमशः घटाउँदै लगे। वैज्ञानिक पध्दतिबाट विचार गरेर भन्ने भए नेपालको प्रत्येक जनगणना यथार्थमा बौद्ध संख्या नियोजन करण हो।

## बौद्ध विहार र चैत्य भत्काउने धार्मिक सद्भाव

बौद्ध विहार र बौद्ध चैत्यहरू हटाउने र भत्काउने थिचोमिचो पनि धार्मिक सद्भाव, धार्मिक सहिष्णुताको दुहाईसंगै नभएको होइन। काठमाडौं र पाटनको दरबार विस्तार गर्ने मल्ल कालको अन्तमा बौद्ध विहारहरू भत्काएका थिए। जङ्गबहादुरको भाइ बमबहादुरले आफ्नो दरबार विस्तार गर्न गणबहाल भत्काइ दिए, स्थानान्तर रूपमा भोटेबहाल बनाइयो। त्यस्तै वीर अस्पताल विस्तार गर्न एउटा प्राचीन चैत्य भत्काएर स्वयम्भू डाँडा मुनि राखियो। यता भने वीर अस्पतालको नयाँ निर्माण पछि वीर अस्पतालको क्षेत्रभित्र लाखौं खर्च गरी पशुपतिको देगल निर्माण गरियो। एकातिर ऐतिहासिक प्राचीन बौद्ध चैत्य हटाउने र अर्कातिर पशुपति मन्दिर बनाउनु नै के धार्मिक सद्भाव, धार्मिक समभाव र धार्मिक सहिष्णुताको दृष्टान्त हो ?

## शान्ति–स्तूपको विनाश

शान्तिनायक बुद्धको जन्मभूमि र शान्तिक्षेत्रका लागि अन्तरराष्ट्रिय समर्थन चाहेको नेपालमा पनि एउटा शान्ति स्तूप बनोस् भन्ने

Downloaded from http://www.dhamma.digital

निमन्त्रणानुसार जापानको शान्तिका सन्त निचिदात्सु फुजी गुरुजु नेपालमा आउनु भयो । निचिदात्सु फुजी गुरुजीले जापान लगायत धेरै देशमा भव्य भव्यतम पचासौं शान्ति स्तूप बनाइसकेका थिए । वहाँको स्वयम्भू आदि ठाउँ ठाउँमा धूमधाम स्वागत गरियो । श्री ५ महाराजाधिराज वीरेन्द्रसंग पनि नारायहिटी राजदरबारमा दर्शन भेट भयो । शान्ति स्तूप निर्माण गर्ने स्थानको चुनावका लागि श्री ५ को सरकारको तर्फबाट हेलिकोप्टर समेत उपलब्ध गराइयो भन्ने सुनेको छु । अनि काठमाडौंको स्यूचाटारमा शान्ति स्तूप बनाउने निधो भइ शिलान्यास भयो र एउटा सानो शान्ति स्तूप पनि बन्यो । तर पछि निचिदात्सु फुजी गुरुजीमा लुम्बिनीमा नै शान्ति स्तूप बनाउन आग्रह गरियो, सो आग्रह पनि शान्तिका सन्तज्यूले स्वीकार गर्नुभयो । शान्ति स्तूप बनाउन लुम्बिनी क्षेत्रमा जग्गा किन्यो । ६०/७० हजार ईंटा पनि किनियो । सानो कुटी बन्यो, तर अचानक राजदरबारबाट एउटा पत्र पाउनु भयो । पत्रानुसार प्राचीन स्तूप विहारहरू जिर्णोद्धार गर्ने कुरा भएको र नयाँ स्तूपहरू बनाउने प्रश्नै नभएको आशयको थियो । मलाई त्यो पत्र देखाउँदा मैले भने यस पत्रको आशय अनुसार यस भन्दा अघिको पनि पत्र हुनुपर्छ अथवा कुराकानीको केही आधार हुनुपर्छ । पछि मैले सुनें शान्ति स्तूप बनाउन प्रयत्नशील जापानी भिक्षुहरूले लुम्बिनीको जग्गा जग्गाधनीलाई नै दान दिई, ईंटा आदि सम्पूर्ण शान्ति स्तूप निर्माण गर्ने निर्माण सामानहरू पनि दान दिएर काठमाडौं फर्कनु भयो ।

निचिदात्सु फुजी गुरुजी त्यसपछि बनेपा र पाटनका नयाँ र पुराना विहारहरूमा बस्नु भई विश्व शान्तिका लागि पूजा पाठ गर्नुभयो । यसै क्रममा वहाँ पोखरा पुग्नुभयो । पोखराको श्री मीन बहादुर गुरुङ्गसंग वहाँको भेट भयो । आफ्नो आमाको मृत्युबाट विराग भएकोले श्री मीन बहादुर गुरुङ्ग पनि केही धर्म कार्य गर्न इच्छुक थियो । वहाँले फेवाताल पारिको आफ्नै घर भन्दा अलि पर माथिलो अनदु

भन्ने थुम्कोमा स्तूप बनाउने विचार गऱ्यो। आफ्ना आफन्तको स्मृतिमा स्तूप चैत्य बनाउने बौद्धहरूको आफ्नै परम्परागत धर्म हो। फुजी गुरुजीले आफ्नो विश्व शान्ति चैत्य बनाउन नसकेकोले मिन बहादुर गुरूङ्गले बनाए केही सहयोग दान गर्ने वचन दिनु भयो। त्यसभएपछि नेपाली र जापानीहरूको श्रद्धादानमा शान्ति स्तूप बनाउने कुरा निधो भयो। अनवु थुम्को माथि प्रार्थना हल बन्यो। पाहुना घर बन्यो। फुजी गुरुजी आउँदा एउटा सानो पूजा कोठा पनि बन्यो। २०३० मार्ग १३ का दिन पाटनमा निर्मित उभिएका विशाल एवं कलात्मक भव्य बुद्ध–मूर्ति पोखरा बजारमा शोभा यात्रा गरी प्रार्थना हलमा विधिवत् स्थापना गरियो। त्यस प्रतिमा स्थापना धार्मिक समारोहमा पोखराका सरकारी र गैर सरकारी प्रतिष्ठित व्यक्तिहरू सहित भिक्षु–भिक्षुणी, उपासक–उपासिकाहरू संकडौं सम्मिलित भएका थिए। त्यसपछि ३५ फिट अग्लो भव्य शान्ति स्तूप निर्माण कार्य भयो। पोखरा सहित काठमाडौं उपत्यका र पाल्पा आदि ठाउँका भक्तजनहरूले श्रमदान गरे, दान सहयोग गरे।

परन्तु, कसैले नचिताए जस्तै शान्ति स्तूप माथि २०३१ साल श्रावण महीनामा एकाएक बर्बर आक्रमण भयो। पहिले मीन बहादुर र उसको छोरालाई समातेर जेल पठायो अनि शाही सेनाका जवान पठाई बूट लाइकन शान्ति स्तूप माथि चढेर शान्ति स्तूप भत्कायो। प्रार्थना हल स्थित धार्मिक विधि पूर्वक स्थापित भएको बुद्ध मूर्तिलाई अनवु थुम्कोबाट सिनो उठाउने जस्तै उठाएर सरकारी अड्डामा ल्यायो। जुन बुद्ध मूर्ति पछि बौद्धहरूले बुझेर लिन नगएकोले विशेषतः त्यसबेलासम्म काठमाडौंमा शान्ति चैत्य भत्काएकोमा विरोध भएकोले मूर्ति भने मासिन सकेन र एउटा गुम्बामा लगि राखियो। अनि शान्ति स्तूप भत्काउनाको अनेक कल्पित कानूनी आधार बनाउन कोशिश गरे। बन फाँडेको आरोप एउटा रूखसम्म पनि नकाटेकोले उचित जँचिएन,

Downloaded from http://www.dhamma.digital

अनि नगर योजना कार्यान्वयन समितिको स्वीकृति नलिइ बनाएको आरोप जर्वजस्ती लगाइयो। जब कि बास्तविक कुरा नगर योजना लागु हुनुभन्दा अगाडी नै बुद्ध मूर्ति स्थापना भएर विश्व शान्ति स्तूप निर्माणको कार्य प्रारम्भ भइसकेको थियो।

३५ फिट अग्ला भव्य स्तूप निर्माणाधीन अवस्थामा, जनश्रमद्वारा निर्माण भइरहेको अवस्थामा रोक्ने काम नगरी निर्माण भएर पनिस्था समेत भइसकेको बौद्ध स्तूप भत्काउने कार्यमा अखिल नेपाल भिक्षु महासंघबाट ठूलो विरोध गरियो। जे होस्, नेपालमा शान्ति स्तूप बन्न सकेन। बनेको शान्ति स्तूप शाही सेनाका जवान सरकारी प्रशासन यन्त्र प्रयोग गरेर विश्व शान्ति स्तूप शान्ति क्षेत्र नेपालमा भत्कायो। विश्व बौद्ध जगतबाट यसको निन्दा गरियो। लुम्बिनी विकास योजनालाई यसले नकारात्मक प्रभाव पार्‍यो।

## हिन्दू धर्म समन्वय समितिको व्यवस्था पछि बौद्धहरूको स्थिति

सामाजिक सेवा समन्वय समिति अन्तरगत पछि हिन्दू धर्म समन्वय समितिको पनि व्यवस्था भयो। श्री ५ को सरकारको बजेट शिर्षमा शिक्षा र स्वास्थ्य आदि सामाजिक सेवा अन्तरगत पर्ने भए तापनि "सेवा नै धर्म, धर्म नै सेवा" आदर्शमा धर्म पनि सामाजिक सेवा अन्तरगत हुन पुगे। परन्तु देशका समस्त धर्मलाई आत्मसात गर्दै "धर्म समन्वय समिति" को रूपमा व्यवस्था नभएर "हिन्दू धर्म समन्वय समिति" को व्यवस्था हुना साथ अहिन्दू नेपाली जनता विशेषतः अल्पसंख्यक इसलाम र इसाई जनतालाई पाखामा राखिदिए।

## हिन्दू धर्म मूल धर्म र अरू धर्म शाखा–धर्मको प्रलाप

हिन्दू धर्म समन्वय समितिका विविध प्रयासहरू मध्यमा हिन्दू धर्मलाई मूल धर्म र बौद्ध, जैन र शिख धर्मलाई शाखा धर्म सिद्ध गर्ने

Downloaded from http://www.dhamma.digital

प्रयास पनि एउटा हो । संसारका कुनै देशका बौद्धहरू, भारत स्थित प्रायः जैन धर्मका र शिख धर्मका अनुयायीहरूलाई समेत यो कुरा मान्य छैन । परन्तु नेपालमा यस सिद्धान्तको प्रतिपादनमा थुप्रै पाण्डित्य खर्च गरियो, धार्मिक सद्भाव सहचर्यको मोहक भाषामा निवर्क व्याख्या गरियो ।

## हिन्दू धर्म समन्वय समितिबाट आफ्नै मात्र विकास

हिन्दू धर्म समन्वय समितिबाट बौद्ध, जैन र शिख धर्मलाई शाखा धर्म भन्नु आफ्ना विराटभाव, विशालभाव दर्शाउनका लागि मात्र हो । कारण यस समन्वय समितिले श्री ५ को सरकारबाट पाउने वार्षिक आर्थिक अनुदानमा यो शाखा धर्मका पनि भागीदार गरिएन । हिन्दू धर्म समन्वय समितिबाट कुनै बौद्ध विहार, चैत्य र स्मारक बनाउन एक कौडी खर्च गरेको छैन । कुनै बुद्ध मूर्ति बनाउने, कुनै त्रिपिटकका ग्रन्थ प्रकाशित गर्ने, कुनै बौद्ध गोष्ठी गर्ने गरेको थाहा छैन । धर्मस्थल निर्माण र विकास, जीर्णोद्धार र व्यवस्थाको नाउँमा शाखा धर्मलाई केही गरेन, आफ्नै मात्र निर्माण, विकास र व्यवस्था गरे ।

## सबै प्रकारका समुद्घाटनमा ऋचा पाठ र वटुकहरूकै मात्र एकाधिपत्य

हिन्दू धर्म समन्वय समितिको व्यवस्था पछि जुनसुकै शिलान्याश र समुद्घाटन आदि कार्यमा धार्मिक क्रियाकर्म सम्बद्ध गर्ने गरियो । तर यस्ता शिलान्याश र समुद्घाटन आदि कार्यमा कहिल्यै पनि त्रिपिटकको एक वचन, जैन ग्रन्थका एक सूत्र, पवित्र शिख ग्रन्थका एक वाक्य पाठ गराइएन । कहिं एक बौद्ध भिक्षु, एक जैन मुनि, एक शिख धर्माधिकारी शिलान्याशमा समुपस्थिति अनिवार्य गराएन । यत्र तत्र सर्वत्र वैदिक ऋचा पाठ गर्ने र वटुकहरूको उपस्थिति नै इत्यलम्

Downloaded from http://www.dhamma.digital

भए । यता मुलुकी ऐनबाट जातिभेद मिटाएता पनि बटुक रूपमा सधैं ब्राह्मण कुलबाट उत्पन्न ब्राह्मणहरू मात्रै समुपस्थित भएको देखिन्छ । कुनै क्षेत्री, वैश्य र शुद्रलाई वेदको शिक्षा दिन बटुक बनाउने प्रयास भएन ।

## राजधानीका सार्वजनिक स्थानमा हिन्दू धर्मकै मात्र महावाणी

हिन्दू धर्म समन्वय समिति स्थापना पछि राजधानीका प्रमुख बाटोहरूमा श्री ५ को महावाणी संग धर्म वाणी पनि प्रसारित गर्न राखियो, राज्यस्तरबाट खर्च गरेर धर्म वाणी राख्दा पनि बुद्ध, जैन र नानकको एउटा वाणी कतै राख्ने उदारता देखाएन । वेद, पुराण र स्मृतिका वचन मात्र बाटो बाटोको बाणी बोर्डमा उल्लेख भएको सबैले देखेकै छन् । पढेकै छन् । बुद्धको जन्मभूमि नेपालमा बुद्धको शान्ति सन्देशको बुद्ध–वचनको यो भन्दा ठूलो उपेक्षाको अर्को उदाहरण के चाहिन्छ र ?

## अस्पतालका कोठाहरूमा हिन्दू देवताहरूको एकाधिपत्य

अस्पतालमा विरामीहरुलाई मानसिक शान्ति दिने हेतुबाट ठाउँ ठाउँमा देव देवीका तस्वीरहरू राख्ने गरियो । मानसिक शान्ति भन्ने कुरा आ–आफ्नो धार्मिक आस्थामा निर्भर गर्दछ । अस्पतालमा विरामी भएर आउने र भर्ना हुने मानिसहरु विविध धर्मका अनुयायी-हरु हुन्छन् । त्यसकारण विभिन्न धर्मसंग सम्बन्धित प्रकारको तस्वीर अस्पतालमा राख्नु पर्दथ्यो । तर यहाँ पनि त्यही हिन्दू धर्मको एका-धिपत्य मात्र प्रदर्शन भयो । कृष्ण,राम र शिवका चित्रहरू अस्पतालका ठाउँ ठाउँमा कोठा·कोठामा देखिन्छन् कतै जिनको एउटा चित्र छैन्। सधैं सौम्य शान्त मुद्राका शन्तिनायक बुद्धको एउटा फोटो कतै राखिएन । ' जसले रोगीको सेवा गऱ्यो उसले मेरो सेवा गऱ्यो'' भन्ने बुद्ध यहाँ कतै

Downloaded from http://www.dhamma.digital

देखिएन। आपनै हातले रोगीको सेवा गर्ने, घाउ सफा गरिदिनु हुने बुद्धलाई बुद्धको जन्मभूमि नेपाल अधिराज्यको अस्पतालमा कतै ठाउँ दिइएन। धर्म समन्वयको नाउँमा सबै धर्म हिन्दू धर्ममा नै अन्तरभूत गर्ने यो भन्दा ठूलो अर्को दृष्टान्त के हुन सक्दछ ?

## प्रहरी कार्यालय र कलकारखानामा हिन्दू देवालय

नेपाल प्रहरीको आदर्श हो, सत्य, सेवा र सुरक्षा। बुद्ध, जैन मुनि र नानकबाट पनि सत्य र सेवाका लागि कम प्रेरणा दिदैन। तापनि प्रहरी कार्यालयमा कुनै यस्तो चित्र राख्नु अनिवार्य छैन। यता देवालय रूपमा सबै प्रहरि कार्यालयमा हिन्दू देवालय मात्र बनाइयो। यसरी देशका प्रहरीमा एक धर्मको संस्कार आरोपण गरेको स्पष्ट हुन्छ।

यसका साथै कुनै नयाँ उद्योग स्थल वा कारखानामा समेत प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट हिन्दू देव मन्दिर अथवा देवालय बनाउन लगाउने गरेको देखिन्छ।

## बुद्ध-धर्म शाखा धर्म भन्नु बुद्ध-धर्मको अवमूल्यन हो

नेपाली सभ्यता र संस्कृति निर्माणमा बौद्धहरूको प्रागैतिहासिक कालदेखिको देन सर्व विदितै छ। तर हिन्दू धर्म समन्वय समितिले बौद्धहरूलाई जैन र शिखहरू सरह शाखा धर्मको रूपमा स्थान र महता दिएको छ। जैन धर्म र शिख धर्मको आपनै ऐतिहासिक महत्व छ। तापनि नेपालमा बौद्धहरूको स्थान र देनलाई मूल्यांकन गर्न सकिदैन। नेपाली संस्कृति र सभ्यताको निर्माणमा स्वयं हिन्दू धर्मावलम्बीको स्थान र देन भन्दा पनि बौद्धहरूको देन माथि छ। यति हुँदा हुँदै पनि बौद्धहरूलाई हिन्दू-धर्मको शाखा-धर्म बौद्ध, जैन र शिख भनेर व्यवहार गर्नु व्यवस्थापन गर्नु कतिसम्म

Downloaded from http://www.dhamma.digital

अन्यायसंगत छ स्वतः स्पष्ट छ। संक्षपमा भन्ने भए बुद्ध-धर्मलाई हिन्दू धर्मको शाखा हो भन्नु बुद्ध-धर्मलाई गौरवान्वित गर्नु होइन, बुद्ध-धर्मको र नेपाली बौद्धहरुको अतीत कालदेखिको देन प्रतिको अन्याय हो, बुद्ध-धर्मको अवमूल्यन गर्नु हो।

## धर्म निरपेक्षताको लहर

हिन्दू अधिराज्यको छत्रछायामा राज्यस्तरबाट हुन गएको धार्मिक पक्षपात, धार्मिक दमन कार्य, धर्ममा विशेषताहरुलाई एउटै धर्ममा बलात आत्मसात गर्ने प्रयास इत्यादिले गर्दा निर्दलीय व्यवस्थाको अन्त हुने बित्तिकै संविधानमा धर्म निरपेक्ष व्यवस्थाका लागि लहर उठ्यो। धर्म निरपेक्षताका एक लाख पक्षधरहरुबाट विराट शान्ति प्रदर्शन गरियो, बढी संख्यामा सुझाव र विचार पेश गरियो। नेपाल संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र र संयुक्त राष्ट्र संघको मानवाधिकारको विश्व व्यापी घोषणा पत्रमा सही थाप्ने देशको हैसियतमा संयुक्त राष्ट्र संघको १९४८ को मानवाधिकारको विश्व व्यापी घोषणा बमोजिम धार्मिक स्वतन्त्रता र समानताको मांग गरियो। धर्म निरपेक्षता सम्बन्धी हजारौं सुझावहरु मध्येमा संविधान सुझाव आयोगमा पेश भएका दुई सुझाव यहाँ प्रस्तुत गर्नु उपयुक्त होला। एउटा सुझाव आचार्य भिक्षु अमृतानन्द महास्थविरको हो–

महोदय,

रेडियो नेपाल मार्फत त्यस सुझाउ आयोगले भावी संविधानको लागि इच्छुक व्यक्तिले आ-आफ्नो सुझाउ पठाउन सक्ने सूचना प्रकाशित गरेको हुँदा– नेपाली जनता, नेपाल राष्ट्र तथा नेपाल नरेशको समेत हितसुख होस् भन्ने विचार मनमा राखी आफ्नो मनमा लागेका केही विचार र सुझाव आयोग समक्ष पेश गरेको छु।

Downloaded from http://www.dhamma.digital

१) इतिहास भनेको कहिले उच्च, कहिले नीच, कहिले उज्यालो र कहिले अँध्यारो हुने एक प्रकृया हो । यस प्रकृयाबाट नेपाल मुक्त हुन सकेको छैन ।

२) स्वर्गीय त्रिभुवन र जनताको बलिदानबाट २००७ सालमा प्रजातन्त्रको उदय भएको थियो । तर दुर्भाग्यवश पञ्चायत युग आए-पछि क्रमशः नेपाली जनताले पाएको प्रजातांत्रिक स्वतन्त्रता र मानव अधिकार लुप्त भई ३० वर्षसम्म अन्धकारको भुँवरीमा दुःख कष्ट भोग्नु पऱ्यो ।

३) ३० वर्ष पछि अहिले आएर हजारौं जनताको बलिदान-द्वारा फेरि बहुदलीय प्रजात्रन्त्र आयो र समस्त जनताले सुखको सास फेर्न पाउने आशा गरेका छन् ।

४) जनआन्दोलको प्रतिफलबाट बन्न लागेको संविधानमा सामान्य जनताको हितलाई नै विशेष ध्यान राखी प्रजातांत्रिक ढङ्ग-बाट जनताको माग र इच्छा अनुरूप नै संविधान बन्नु पर्दछ ।

५) कुनै कुनै हठवादीहरूले त्रिभुवनबाट दिएको "नेपाल अधि-राज्य" भन्नेलाई पञ्चायतले बनाएको "हिन्दू अधिराज्य नै हुनुपर्छ" भन्ने आवाज पनि सुन्नमा आएको छ । तर त्यसो नभई हिन्दू अधि-राज्य भन्नु सट्टा पहिले जस्तै "नेपाल अधिराज्य" मात्र संविधानमा उल्लेख गर्नु सबै दृष्टिकोणबाट राम्रो मात्र होइन त्रिभुवनको र तत्का-लीन जनताको बलिदानको सम्मान पनि गरेको ठहरिन जाने छ ।

६) पञ्चायत व्यवस्था नै भङ्ग भएपछि पञ्चायतको संविधान पनि स्वतः भंग भएको ठहर हुन आउँछ । भन्ने कुरा तर्क संगत होइन र ?

७) हिन्दू अधिराज्य शब्दले गर्दा अरू जाति वा धर्मावलम्बी-हरूको अस्तित्व नै मेटाइदिन लागेको थियो । नेपाल बहुभाषी तथा

Downloaded from http://www.dhamma.digital

बहुधर्मावलम्बीहरूको देश हो । अतः कसैलाई माथि र कसैलाई तल, कसैलाई धेरै र कसैलाई थोरै गरी भेदभाव र पक्षपात नगरी सबै धर्म सबै नागरिकलाई समानरूपले मानव अधिकार र सम्मान हुनुपर्छ । जन्मले ठूलो र सानो हुन सक्दैन कर्मले नै ठूलो र सानो हुन्छ ।

८. धर्म भनेको चीज कसैको करकापले मान्ने कुरा होइन । यो त आफ्नो खुशीराजी र इच्छाअनुसार हुन्छ । डर, त्रास, भय देखाई धर्म मनाउनु अमानवियता मात्र होइन, जन्मसिद्ध मानव अधिकारको निर्मम हत्या पनि हो, अधर्म पनि ।

९. नेपालमा जन्मिनु भएका हाम्रा गौतम बुद्धले कसैलाई करकाप, डर, त्रास अथवा प्रलोभन देखाउनु भई आफ्नो धर्ममा अनुसरण गराएको कुरा इतिहासमा पाइँदैन ।

१०. अरू त के आफ्नो सहे काकाले अर्को धर्ममानिरहेको देखेर पनि भगवान् बुद्धले हस्तक्षेप गर्नु भएन । राजगृहका बिम्बिसार राजा, कोशल देशका कोशल राजा तथा वृजी देशका लिच्छवी राजाहरू बुद्धभक्त भए भनेर वहाँले उनीहरूलाई आफ्नो राज्यलाई बौद्ध राज्य घोषणा गराउनु भएको थिएन । ज-जसलाई जस्तो मन पर्छ त्यस्तो धर्म मान्नमा वहाँले कुनै दबाउ वा प्रभाव लगाउनु भएन । नेपाल सुपुत्र गौतम बुद्धको धर्म स्वतन्त्रताको यो भन्दा ठूलो आदर्श र उदाहरण अरू के खोज्नु । यसैको नाताले आज नेपाल विश्व विख्यात भएको छ ।

११. जुन शान्ति नायक गौतम बुद्धको आदर्शलाई अपनाई श्री ५ महाराजाधिराज सरकारले नेपाललाई शान्ति क्षेत्रको प्रस्ताव राखिबक्स्यो त्यस्तै आदर्शलाई अपनाई धर्मको विषयमा पनि नेपाल अधिराज्यलाई धर्मनिरपेक्षता बनाउनु नै बहुजन हिताय र बहुजन सुखाय हुन सक्छ ।

Downloaded from http://www.dhamma.digital

१२. धर्मनिरपेक्षताको अर्थ यो होइन कि धर्म चाहिन्न । बल्की धर्मनिरपेक्षताको अर्थ सबै धर्मलाई समादर दृष्टिले हेर्नु हो । धर्मनिरपेक्षताको अर्थ बुझ्न अंग्रेजी कोषको भर पर्नु पर्दैन, आफ्नै संस्कृत कोषमा अनेक अर्थ पाइन्छन् । यहाँनिर धर्मको विषयमा पक्षपात नगर्नु-लाई नै "धर्मनिरपेक्षता" भनिएको हो । धर्मको विषयमा समानता राख्नु, धर्मको विषयमा कसैको पक्ष नलिनु तथा कुनै एक धर्मलाई मात्र नअंगाल्नु भनिएको हो ।

१३. जब कुनै एक धर्मलाई सापेक्ष गरी अंगालिन्छ त्यहाँ स्वत: अर्को धर्मप्रति भेद गरेको हुन जान्छ । त्यसैले धर्मनिरपेक्षता अथवा धर्मनिष्पक्षपात भन्नाले कसैलाई पक्षपात गरेको ठहरिन्न ।

१४ हिन्दूधर्मको एकाधिपत्यताले गर्दा गत ३० वर्षको इतिहासमा हिन्दूधर्मको नाममा धेरै अमानवीय अन्याय, दुराचार, दवाव तथा भय र त्रासहरू भएका मध्ये केही उदाहरण यहाँ दिइन्छ–

(क) नागरिक प्रमाणपत्र लिनपर्दा पशुपति विकास क्षेत्रको निमित्त ४ रुपैयाँ तिर्नै पर्थ्यो,

(ख) पशुपति विकास क्षेत्रको लागि भय, त्रास बल प्रयोग गरी अन्चलाधीश, राष्ट्र बैङ्कका गभर्नर तथा अन्य सरकारी उच्च ओहदाका मानिसहरु लगाई व्यापारी, साहुमहाजन, शिक्षण संस्था तथा सरकारी कर्मचारीहरूबाट समेत तिमीले यति हजार, यति लाख दिनु पर्छ भनी करलगाई चन्दा उठाएको कुरा कसलाई थाहा छैन र ?

(ग) कुनै धार्मिक संघसंस्था दर्ता गराउनु पर्दा हिन्दू संस्थाले भने बमोजिम अथवा हिन्दू संस्थाका नियम बमोजिम मात्र दर्ता गराइन्थ्यो र दर्ता नभएका संघसंस्थालाई बैंकमा खाता समेत खोल्नमा प्रतिबन्ध लगाइएको थियो,

(घ) कुनै धार्मिक संघसंस्थाका प्रतिनिधिहरू विदेशमा कुनै

Downloaded from http://www.dhamma.digital

सम्मेलनमा जानु पर्दा हिन्दू संस्थाको स्वीकृति लिनुपर्थ्यो तथा

(ङ) मुक्तिनाथको बौद्ध मन्दीरमा शताब्दीदेखि बसिरहेका पुजारी भनौं वा मन्दीरको हेरचाह गर्ने लामा जातिका भाइभाई (शुमी) लाई स्थाई हिन्दू देवता स्थापना गराई हिन्दू मन्दीर बनाउनु जस्ता अन्याय, अधार्मिक काम आदि पनि धेरै भएको कुरा नसुनिएको होइन ।

१५. साँच्चै भन्ने हो भने त्रिभुवनको पालासम्म मात्र होइन पञ्चायत व्यवस्था नआएसम्म नेपालमा शिवमार्गी र बुद्धमार्गी भन्ने चलनको कुरा कसैबाट छिपेको छैन ।

१६) हिन्दू शब्द विदेशी शब्द हो । नेपालको आपनो पुर्ख्यौं-ली शब्द होइन । यो शब्द वेद पुराण उपनिषद्हरूमा पनि पाइन्न । यो त भारतमा ब्रिटिशहरूले हिन्दू मुसलमान भनी प्रचलनमा ल्याइएको शब्द हो र अहिले आएर शोषक पुरोहितवादी ब्राह्मण सन्त महन्ताहरूले अँगालेको शब्द हो ।

१७) राजाले शिवलाई मान्छन् वा अरू कुनै धर्मलाई मान्छन् भन्दैमा नेपालका सबै जनतालाई सोही धर्म मान्ने जस्ता आभास हुने गरी भावी सम्विधानमा कहीं कतै पनि उल्लेख गर्नु सर्वथा अनुचित, अन्याय, अधर्म तथा स्वतन्त्रताको हत्या गरेको ठहरिने छ ।

२०) आशा एवं विश्वास छ कि तपाईहरूले उपरोक्त कुरा-हरूलाई निष्पक्षरूपमा, सत्यताको आधारमा तथा न्यायधर्ममा कसी केलाउनु हुनेछ ।

भवदीय

भिक्षु अमृतानन्द

त्रिरत्नको आनुभावबाट यहाँहरू सबैको दीर्घायु सुस्वास्थ्यको कामनाका साथै यहाँबाट संविधान सुझाव आयोगको दायीत्व निर्विघ्न

Downloaded from http://www.dhamma.digital

पूरा गर्न सकोस् भन्ने शुभकामना टक्याउँछु ।

म आफै आयोगको अफिसमा आइकन आज २० आषाढ २०४७ को दिन लिखित रूपमा त्यस संविधान सुझाव आयोगको आह्वान अनुसार आफ्ना केही सुझावहरू सेवामा पेश गर्दछु ।

१) भावी संविधानमा राज्यको हकमा नेपाल धर्म निरपेक्ष संवैधानिक राजतन्त्रात्मक नेपाल अधिराज्य होस् ।

कारण नेपाल प्राचीनकालदेखि विभिन्न धर्मावलम्बीहरूको साझा देश हो र सांच्चैकै धार्मिक सहिष्णुताको संवर्द्धन हुनु आजको अपरिहार्य आवश्यकता हो ।

२) भावी संविधानमा धर्मको हकमा संयुक्त राष्ट्र संघ मानव अधिकारको विश्वव्यापी घोषणा (UNO: Universal Declaration of Human Rights 1948) को धारा १८ अनुरूप पूर्ण धार्मिक स्वतन्त्रता होस् ।

कारण नेपाल संयुक्त राष्ट्र संघको सिद्धान्तमा वचनबद्ध देश हो ।

३) भावी संविधानमा भाषा र लिपिको हकमा भाषा र लिपिको एकाधिपत्य संवैधानिक रूपबाट हटाइयोस् ।

कारण नेपाल कयौं स्वतन्त्र लिपि र साहित्य सम्पन्न बहुभाषीहरूको देश हो र मातृभाषाबाट प्राथमिक शिक्षासम्म पनि नपाएर बहुसंख्यक नेपाली बाल बालिकाको कलिलो मस्तिष्क र मुटुको नैसर्गिक समुन्नति पाउने हक हनन भइरहेको छ ।

४) भावी संविधानमा शताब्दी शताब्दीदेखि शोषित, पीडित पिछडीएको समस्त जनजातिको लागि विशेष आरक्षण व्यवस्था होस् ।

Downloaded from http://www.dhamma.digital

कारण आम नेपाली जनता र केही नेपाली जनताको बीचमा रहेको शैक्षिक स्थिति, आर्थिक क्षमता, राजनैतिक चेतना, सांस्कृतिक सम्पन्नताको उँच नीचको ठूलो अन्तरालको खाडल नपुरिकन कुनै पनि राजनैतिक सिद्धान्तको उद्देश्य पूरा हुन्दैन र केही शिक्षित, सम्पन्न सचेत वर्गको प्रतिस्पर्धामा आउनु पर्ने वर्तमान व्यवस्थाबाट उक्त भयङ्कर अन्तरालको खाडल कहिलै पुरिन सकिदैन ।

५) गरीबीको रेखामुनि रहेका नेपाली जनता मध्येमा भौतिक पूँजीको श्रोत साधन बिलकुलै नभएका तथा शारीरिक स्थिति आजीविकाका लागि असमर्थ भएका जनतालाई कमसेकम लाज छोप्न र ज्यू धान्न सक्ने रूपमा कपडा र खानाको ग्यारेण्टी राज्यबाट क्रमशः पाउँदै जाने विशेष व्यवस्था सम्विधानको प्रावधान भित्रै परोस् ।

पत्र साथै दर्ता होस् र विचारार्थ सघाउ पुगोस् भन्ने सदाशयका साथ मैले पाएका सपक्षीय संविधान सुझाव सम्बन्धी प्रकाशनहरू आनन्दभूमि र धर्मकीर्ति २ पत्रिका, विभिन्न पत्र-पत्रिकाका प्रकाशनहरू पर्चा पोष्टरहरू, पत्रहरूको फोटोकपी २० प्रति पनि सेवामा प्रस्तुत गर्दछु ।

सविनय सधन्यवाद

विनीत,

(भिक्षु सुदर्शन)

## हिन्दू संवैधानिक राजतन्त्रात्मक अधिराज्य

तर पहिले नेपाल एक बहुजातीय, बहुभाषिक, प्रजातान्त्रिक, स्वतन्त्र अभिभाज्य, सार्वभौमसत्ता सपम्न, हिन्दू संवैधानिक राजतन्त्रात्मक अधिराज्य भएको मस्यौदा संविधान सुझाव आयोगद्वारा प्रस्तुत गरियो । हिन्दू पछि एउटा अर्द्ध विराम चिन्ह ( , ) राख्न हिन्दू निकायबाट मांग गरियो । संविधानबारे विचारार्थ तीन सदस्यीय

Downloaded from http://www.dhamma.digital

मंत्रीहरूको उपसमिति बनाउँदा राजनैतिक सम्झौतावादीहरूको राजनैतिक स्वार्थको लागि लिने दिने नीतिमा अर्द्ध विराम चिन्ह राखियो । मन्त्री परिषद्को बैठकमा अन्तमा विचार गर्दा पनि डा. मथुरा प्रसाद श्रेष्ठ, झलनाथ खनाल र मार्शल जुलुम शाक्यबाट अर्द्ध विराम चिन्ह नराख्न चर्चा गरेको सुनिन्छ । तापनि मेरो सामु र युवा बौद्ध समुदायको सामु हिन्दू अधिराज्य शब्द नरहने बचन बद्धता भएका प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईज्यूबाट आफ्नो बचनको पालन गरिएन र बहुमतको आधारमा हिन्दू शब्द पछि अर्द्ध विराम चिन्ह हटाउने काम भएन । अनि प्रकारान्त रूपमा पञ्चायती संविधानकै हिन्दू अधिराज्य भाव बहुसंख्यक गैर हिन्दू धर्मावलम्बीहरू माथि थोपियो । बहुजातीय र बहुभाषिक शब्द जोड्न सकेता पनि जानाजानै "बहुधार्मिक" शब्द उल्लेख गर्न सकेन ।

धार्मिक स्वतन्त्रताको हकमा पनि संविधानको धारा १९ मा दोश्रो उपधारामा कानून बमोजिमको प्रावधान साथ थपेर धर्म जस्तो संवेदनशील विषयमा बहुधार्मिक देशमा पूर्णत बहुसंख्यक गैर हिन्दू धर्मावलम्बी जनता माथि संवैधानिक पक्षपात गरियो ।

## उपसंहार

नेपालका बौद्धहरू प्रति भएका पक्षपात, अन्याय र दमनका कथा यतिकैमा टुंगिने कथा होइन । तापनि नेपालमा धार्मिक सहिष्णुताको विकास यथार्थ रूपमा गर्नका लागि एक पक्षीय स्वार्थ सिद्धि नत्यागिकन हुन्दैन भन्ने तथ्य दर्शाउन यति नै केही र धेरै हुनेछ भने आशा लिएको छु । अन्तमा, म कवि शिरोमणी श्री चित्तधर उपासकको रचनालाई उपसंहार रूपमा प्रस्तुत गर्दै रचना यहीं टुंग्याउँछु—

'नेपाले गबलें धार्मिक ल्वापु मजू ।' खः मजू, छखल सिनं न्ह्याबलें वाकु छिनाः सहयानां च्वंगु दु, थ्व खँ वयकपिसं कना बीगु

कष्ट मया: । धात्थें वय्क:पिन्सं थ्व खँ सोकेगुली मवाजक ध्यान त:गु जूसा वय्क:पिन्त इतिहासं कनि– नंसाया ब सलंस: बौद्ध तय्गु प्राण वंगु, सलंस: मनू चलां पाखें ग्वंले पितिना छ्वगु, सकोया वज्जोगिनी चोमालं छ्यलं चुया च्वंगु व हरेक वेगले ससत्तिक हिंसा याना वया- च्वंगु इत्यादि ।

(बुद्ध वचनामृत व नेपालया बौद्ध दृष्टिकोण पृष्ठ ३२/३३)

अर्थात् "नेपालमा कहिल्यै धार्मिक झगडा भएन ।" हो भएन, एक- पक्षले सधैं दाँत मिचिकन सहेर आएका छन् । यो कुरा भन्न वहाँहरूले कष्ट गर्नु भएन । वहाँहरूले यो कुरा बुझ्न अलिकति मात्र ध्यान दिएको भएता पनि वहाँहरूलाई इतिहासले भनिदिने हो– नंसालका ती सैंकडौं बौद्धहरूले प्राण गुमाउनु परेको, सैंकडौं मानिस चला पाखबाट ग्वँलमा निकाला गरेको, साँखुको वज्जोगिनीको चैत्यले टाउको तल पर्ने गरी घोप्ट्याइ रहनु परेको र हरेक बेगलको नजिकै हिंसा कार्य गर्दै आएको इत्यादि कुरा ।

□

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

मुद्रकः शोभाभगवती प्रिन्टिङ्ग प्रेस, ढल्को, क्षेत्रपाटी
फोन नं. २-१२५६१

Downloaded from http://www.dhamma.digital